# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

गोरखा जिल्लाका अविस्मरणीय प्रतिभामध्येका एक मानिने बहु प्रतिभाका धनी दण्डपाणि अर्ज्याल हुन् । उनले नेपाली शिक्षा र इतिहासको क्षेत्रमा मात्र नभई ज्योतिष शास्त्रमा पनि कृति प्रकाशित गरेर बहु प्रतिभाशाली व्यक्तित्वको रूपमा आफूलाई स्थापित गरेको पाइन्छ । यिनै बहु प्रतिभाशाली व्यक्तित्वको नामलाई चिरस्थायी बनाउने लक्ष्य अनुरूप वि.सं. २०६२ साल कार्तिक २ गते विधिवत् रूपमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** को स्थापना हुन पुग्यो । यसको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ । समय-समयमा यस स्मृतिकेन्द्रले राष्ट्रिय व्यक्तित्वहरुको उचित मूल्याङ्कन गरेर पुरस्कृत समेत गर्दै आएको छ । यसरी भाषा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र शोधको निम्ति उपयुक्त भएकाले यो शीर्षक छानिएको हो ।

## १.२. शोध समस्या

प्रस्तुत शोधकार्यसँग सम्वन्धित निम्न लिखित समस्याहरु रहेका छन् :

क. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको परिचय ।

ख. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको स्थापना कुन उद्देश्यका लागि भयो ?

ग. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका विकासका चरणहरु के-कस्ता छन् ?

घ. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेका प्रमुख कार्यहरु के- कस्ता रहेका छन् ?

ङ. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले नेपाली साहित्यका फाँटमा के-कस्ता योगदान गर्दै आएका छन् ?

## १.३. शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य शोध समस्या शीर्षकका सन्दर्भमा उल्लिखित भएका समस्याको निराकरणका निम्ति निम्नानुसार उद्देश्यहरू रहेका छन् :

क. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको चिनारी दिनु ।

ख. दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको उद्देश्यबारे प्रकाश पार्नु ।

ग . दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको विकासको चरण प्रस्तुत गर्नु ।

घ . दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेका कार्यहरुको विवेचना गर्नु ।

ङ . दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले नेपाली साहित्यको फाँटमा गरेका योगदानलाई निरूपण र मूल्याङ्कन गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

साहित्य विकासको लागि उत्प्रेरित संघसंस्था, प्रतिष्ठान र स्मृतिकेन्दमध्ये एक दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रलाई लिन सकिन्छ । यस स्मृतिकेन्द्रले विभिन्न व्यक्ति तथा पुस्तक पत्र-पत्रिकाका विवरण प्रस्तुत गरेको पाइन्छ । यसै स्मृतिकेन्द्रबाट प्रकाशित **जन्मशताब्दी स्मृतिग्रन्थमा, ज्ञानविन्दु** जस्ता पुस्ताकार कृति स्मारिका र पत्रपत्रिकाहरुमा विभिन्न व्यक्तिहरुले व्यक्तिगत दृष्टिकोण र अभिव्यक्ति दिएको देखिन्छ । स्मृतिग्रन्थमा प्रकाशित केही अभिव्यक्ति मध्ये दिलिपकुमार पौडेलको भनाइमा 'नेपाली साहित्यको क्षेत्रमा नयाँ आयाम' शीर्षक अन्तर्गत दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट साहित्यका विभिन्न विधाका तिनवटा पुस्तक एकै साथ प्रकाशन हुनु नेपाली साहित्यमा पहिलो कार्य मानेका छन् ।[1] त्यस्तै यस स्मृतिकेन्द्रबाट प्रकाशित स्मृतिग्रन्थमा शिवहरि मरहट्टाको भनाइ यस्तो छ - साहित्यको विधागत कृति एकैसाथ प्रकाशन गरी साहित्यलाई थप योगदान पुऱ्याउनु भनेको नेपाली साहित्यको उज्जवल भविष्यको शुभसूचक हो [2] भनेका छन् ।

क. काठमाडौंबाट प्रकाशित हुने **हिमाल खवर** (पाक्षिक वर्ष १५, अङ्क २०, माघ १६-३०, २०६२) पत्रिकामा यस स्मृतिकेन्द्रले प्रकाशन गरेको पुस्तक दशमहाविद्याको परिचय दिने क्रममा सूर्य विद्या नै निगम हो, पृथ्वी विद्या नै आगम हो भनिएको छ । लेखकले यहाँ वैदिक र शास्त्रीय प्रमाणहरु अघि सारेको कुरा व्यक्त गरिएको छ ।

ख. काठमाडौंबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिका **कान्तिपुर**मा (२०६२ कार्तिक १५ गते मङ्गलवार) 'तिन पुस्तक सार्वजनिक' शीर्षकमा तिन विधाका तिन पुस्तक प्रकाशित गरेर प्रतिष्ठान्‌ले साहित्यको गरिमालाई योगदान पुऱ्याउने कार्य गऱ्यो भन्ने दिलीपकुमार पौडेलको भनाइ व्यक्त गरिएको थियो । यी तिन पुस्तकको समीक्षा गर्दै

१. पौडेल दिलिपकुमार, **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६३, पृष्ठ नं. २१० ।

२. मरहट्टा शिवहरि, **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६३, पृष्ठ नं. २२३ ।

स्वर्गीय अर्ज्यालको योगदान र स्मृतिप्रतिष्ठानले साहित्यलाई दिएको योगदानबारे प्रस्तुत गरिएको छ ।

ग. **कान्तिपुर** दैनिक ( २०६३ पौष २ गते शनिवार ) को पत्रिकामा **पुस्तक परिचय** शीर्षकमा समाचार प्रकाशित भई 'तन्त्रशास्त्रमा योगदान' भनी यस स्मृतिकेन्द्रले प्रकाशित गरेको पुस्तक 'दशमहाविद्या' भित्र रहेका रहस्य बताइएको छ । यस्तो महत्त्वपूर्ण ग्रन्थ प्रकाशन हुनु स्मृतिकेन्द्रको योगदान मान्न सकिन्छ भनिएको छ ।

घ. **नेपाल समाचार पत्र** दैनिक (२०६२ कार्तिक ९ गते) को पत्रिकामा 'दण्डपाणि अर्ज्याल स्मृतिप्रतिष्ठान गठन' भन्ने शीर्षक प्रकाशित गरेको देखिन्छ । यस अन्तर्गत प्रतिष्ठानको गठन गरिएको बेहोरा सहित स्वर्गीय दण्डपाणि अर्ज्यालको परिवारबाट रु. २,१५,०००।- (दुई लाख पन्ध्र हजार रुपैयाँ) को अक्षयकोष समेत स्थापना गरिएको जानाकारी प्रस्तुत गरिएको छ । त्यस्तै कार्तिक १५ गतेको **नेपाल समाचारपत्र** दैनिकमा 'तिन पुस्तक लोकार्पित' शीर्षकमा स्वर्गीय दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा आयोजित कार्यक्रममा डा. वासुदेव त्रिपाठीले लोकार्पण गरेको विवरण सहित कृतिमाथिको समीक्षा प्रस्तुत गरिएको थियो भन्ने जानकारी पाइन्छ ।

ङ. **गोरखापत्र** राष्ट्रिय दैनिक (२०६२ साल कार्तिक १५ गते ) पत्रिकामा प्रकाशित गरिएको 'बाबु, छोरा र बुहारीका तीन कृति विमोचन' शीर्षकमा यस प्रतिष्ठान्‌द्वारा आयोजित समारोहमा तिन कृतिहरु एकै साथ विमोचन गरिनु र स्वर्गीय पिताप्रतिको श्रद्धा गर्ने तरिकाको सरहाना त्रिपाठीद्वारा व्यक्त गरिएको कुरा उल्लेख भएको छ ।

च. काठमाडौंबाट प्रकाशित हुने **ऐक्यबद्धता** (२०६२ साल वर्ष ५ अङ्क ६ मंसिर) मासिक पत्रिकामा प्रकाशित लेख 'संक्षिप्त दृष्टि : अर्ज्याल प्रतिष्ठान्‌का नवीनतम प्रकाशन माथि' भनेर तिन पुस्तकको एकैसाथ त्रिपाठीद्वारा लोकार्पण गरेको कुरा उल्लेख गरिएको छ ।

छ. काठमाडौंबाट प्रकाशित हुने **छलफल** (२०६२ साल कार्तिक २७ गते ) पत्रिकाको विवरणमा अर्ज्यालका 'तीन कृति सार्वजनिक' शीर्षकमा यस प्रतिष्ठान्‌द्वारा प्रकाशित पुस्तकको बारेमा टिप्पणी गरिएको छ । शिवहरि मरहट्टाद्वारा स्वर्गीय अर्ज्यालको योगदान र साहित्य सम्बन्धी धारणा व्यक्त गरिएको कुरा प्रस्तुत गरिएको छ ।

ज. काठमाडौंबाट प्रकाशित **नेपाल समाचारपत्र** ( वि.सं. २०६३ कार्तिक १३ गते ) दैनिकको विवरणमा 'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार स्थापना' भन्ने शीर्षक दिएर शिक्षा, भाषा, ज्योतिष, इतिहास, संस्कृत भाषा, वंशावलीको क्षेत्रमा योगदान दिने व्यक्तिहरुलाई रु. ११,१११ रुपैयाँ र सम्मान पत्र दिने निर्णय समेत गरिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

झ. **नेपाल समाचारपत्र** ( २०६३ साल मङ्सिर ४ गते ) दैनिकमा प्रकाशित **'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार नेपाललाई'** भन्ने शीर्षक अन्तर्गत दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले यस वर्षको दण्डपाणि स्मृति पुरस्कार इतिहासविद् ज्ञानमणि नेपाललाई प्रदान गर्ने निर्णय गरेको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

ञ. काठमाडौंबाट प्रकाशित **गोरखापत्र** (२०६३ साल मंसिर ३ गते आइतबार) दैनिक पत्रिकामा 'ज्ञानमणि नेपाललाई दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार' भन्ने शीर्षकमा इतिहासविद् एवं गोरखा जिल्लाको शैक्षिक जागरणमा योगदान पुऱ्याउने विज्ञ ज्ञानमणि नेपाललाई प्रदान गर्ने निर्णय गरेको कुरा उल्लेख भएको छ ।

ट. काठमाडौंबाट प्रकाशित **अन्नपूर्ण पोष्ट** (२०६३ मंसिर ३ गते) दैनिकमा प्रकाशित 'दण्डपाणि अर्ज्याल पुरस्कार नेपाललाई' भन्ने शीर्षकमा इतिहास, अन्वेषण र लेखनमा लामो समयदेखि योगदान पुऱ्याउने इतिहासविद् ज्ञानमणि नेपाललाई प्रदान गर्ने निर्णय गरिएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

यस स्मृतिकेन्द्रले गरेका कार्यहरुको विवरण **कान्तिपुर**, **गोरखापत्र र नेपाल समाचार पत्र** दैनिक जस्ता विभिन्न पत्रपत्रिकाहरुले अवगत गराएका छन् । यस स्मृतिकेन्द्रले गरेका महत्त्वपूर्ण कार्य प्रस्तुत गर्ने क्रममा विभिन्न विद्वान्हरुले स्मृतिकेन्द्रबाट प्रकाशन गर्दै आएको 'ज्ञानविन्दु' पुस्तकार कृतिमा पनि आ-आफ्ना राय, सल्लाह, सुझाव र गरेका कार्यहरुको विवरण प्रकाशित गरेको देखिन्छ ।

यसरी विभिन्न पत्र-पत्रिकाहरुमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको बारेमा थेरथोर चर्चा भेटिए पनि विस्तृत चर्चा गरिएको पाइँदैन । त्यसैले राजधानी केन्द्र बनी स्थापना गरिए पनि गोरखाली प्रतिभालाई विशेष सम्मान गर्ने र इतिहास, शिक्षा तथा साहित्यमा योगदान पुऱ्याउने प्रतिभालाई पुरस्कृत गर्ने लक्ष्य राखी कोष खडा गरेको छ । यस स्मृतिकेन्द्रले साहित्यको विकासमा इटा थप्ने कार्यमा अझ अभिप्रेरित भएको देखिएको छ । यस

स्मृतिकेन्द्रले विविध क्षेत्रमा उल्लेखनीय कार्य गर्नुका साथै राष्ट्रिय व्यक्तित्वका कदर गर्दै पुरस्कार र सम्मान पत्र प्रदान गरेको देखिन्छ । यस स्मृतिकेन्द्रको बारेमा कहीं कतै विस्तृत अध्ययन र अनुसन्धान भएको पाइँदैन । साहित्यको क्षेत्रमा योगदान दिन सफल भए पनि बाहिर प्रकाशमा ल्याउन सकेको देखिदैन । त्यसैले यस स्मृतिकेन्द्रको गतिविधिहरुको मूल्याङ्कन गरेर यसले गरेका कार्यहरु र राष्ट्रलाई दिएको योगदानलाई उजागर गरी दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको बारेमा विस्तृत विवरण प्रकाशमा ल्याउन शोधकार्य गरिएको हो ।

## १.५. शोधको औचित्य र महŒव

नेपाली साहित्यको विकासमा विभिन्न संघसंस्था, व्यक्ति एवं स्मृतिकेन्द्रहरुले योगदान पुऱ्याउँदै आएका छन् । यसै क्रममा २०६२ साल कार्तिक २ गते विधिवत् रूपमा स्थापित यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** ले साहित्य सम्बन्धी विविध कार्यक्रम र पुस्तक प्रकाशन गर्ने काम गरिसकेको छ । यस्तो साहित्यिक क्षेत्रलाई मात्र नभइ समाज वा राष्ट्रको लागि महत्त्वपूर्ण कार्य गरी योगदान पुऱ्याउने राष्ट्रिय व्यक्तित्वहरुको सही मूल्याङ्कन गरी त्यस्ता व्यक्तिहरुलाई पुरस्कृत गर्ने कार्य समेत गर्दै आएको छ । त्यसैले **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** ले राष्ट्र र समाजको हकहितको लागि महत्त्वपूर्ण कार्य गरेको छ । सामाजिक संस्थाको रूपमा स्थापित गर्न सफल भएको हुँदा अध्ययनको ठुलो महत्त्व छ । छिटफुट रूपमा केही पत्रपत्रिकामा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** ले गरेका कार्यहरुको टिप्पणी गरिए पनि विस्तृत रूपमा अध्ययन र अनुसन्धान भएको पाइँदैन ।

यस्तो राष्ट्र, समाज र नेपाली जनतालाई हित हुने कार्यसँगै साहित्यको हरेक विधामा योगदान पुऱ्याउँदै आएको सामाजिक संस्थाको बारेमा विस्तृत अध्ययन हुन बाँकी रहेको देखिन्छ । त्यसैले त्रिभुवन विश्व विद्यालय अन्तर्गत नेपाली विषयको स्नात्तकोत्तर तहमा स्मृतिकेन्द्र र प्रतिष्ठान्हरुको अध्ययन थालनी गर्नु पनि यसको मुख्य औचित्य र महत्त्व रहेको छ ।

## १.६. शोधको सीमाङ्कन

नेपाली साहित्यको विकासको क्षेत्रमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** ले गरेका विविध गतिविधि र पुस्तक प्रकाशन गरी यसको मूल्याङ्कन गर्ने कार्य गरेको छ । यस स्मृतिकेन्द्रले राष्ट्रिय व्यक्तित्वहरुलाई समय समयमा उल्लेख्य कार्य गरे अनुरूप पुरस्कार तथा सम्मानपत्र प्रदान गरेको छ । नेपाली समाज, राष्ट्र र नेपाली जनताको लागि योगदान दिने मात्र नभई साहित्यिक कृतिको प्रकाशन गर्ने कार्य गरेको हुँदा यस स्मृतिकेन्द्रले गरेका विविध गतिविधिहरुको जानकारी दिँदै सही मूल्याङ्कन गरेर **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** को विकासका चरणलाई प्रस्तुत गर्ने कार्यमा यो शोधपत्र सीमित रहने छ ।

## १.७. शोधविधि

प्रस्तुत शोधपत्रलाई मूलतः वैज्ञानिक र तथ्यपूर्ण बनाउनको लागि पुस्तकालय विधि अपनाई दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित कृतिहरु र साथमा स्मृतिकेन्द्रसँग सम्बन्धित व्यक्तिहरुसँगको छलफल र वार्ताबाट प्राप्त सामग्रीहरुलाई अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रुप दिन निम्न लिखित परिच्छेदहरुमा विभाजन गरिएको छ । सबै परिच्छेदमा विभिन्न शीर्षक, उपशीर्षकहरुलाई दशमलव प्रणाली अनुसार व्यवस्थित गरिएको छ । सामान्यत : शोधपत्रको रूपरेखा निम्न प्रकार तय गरिएको छ ।

क. पहिलो परिच्छेद : शोध परिचय

ख. दोस्रो परिच्छेद : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको परिचय र उद्देश्य

ग. तेस्रो परिच्छेद : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको गतिविधि

घ. चौथो परिच्छेद : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित कृतिहरुको विश्लेषण

ङ. पाँचौ परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको परिचय

## २.१. विषय प्रवेश

नेपाललाई धरातलीय हिसाबले तराई, पहाड र हिमाल गरी वर्गीकरण गरिएको छ । यस्तै पहाडी जिल्ला मध्येको एक गोरखा जिल्ला हो । पहाडी जिल्ला गोरखालाई ऐतिहासिक महत्त्वले भरिपूर्ण जिल्लाको रूपमा लिन सकिन्छ । दण्डपाणि अर्ज्याल पनि यसै जिल्लामा जन्मिएका हुन् । अर्ज्याल वंशलाई चिनाउने क्रममा विभिन्न विद्वान्हरूको मत यस्तो देखिन्छ ।

**उदय भट्ट :–** नेपालका आत्रेयहरुका मूलपुरुष यिनै हुन् । यिनी ठुला प्रतिष्ठित विद्वान् ब्राम्हण थिए । भनिन्छ, अहिलेसम्मको जानकारी प्राप्त भए अनुसार उदय भट्ट नै नेपालका आत्रेय गोत्री थरहरु अर्याल, पौडेल, सिग्देल, पानी पोखेल आदि ब्राम्हणहरु तथा आत्रेय गोत्रका थापा क्षेत्री, समाल, हमाल, ठकुरी र खत्रीहरुको मूल पुरुष हुन् । यो कुरालाई अर्ज्याल, पौडेल, थापा, सिग्देल, पानी पोखेल वंशावलीहरुबाट प्रस्ट हुन्छ । यिनै उदय भट्टको समयमा भारतमा मुसलमान शासकहरुले हिन्दूहरुमाथि निकै अत्याचार गरेका थिए भन्ने कुराहरु इतिहास तथा अर्ज्याल वंशावलीमा उल्लेख भएको पाइन्छ । मुसलमान शासकको अत्याचारबाट प्राण तथा धर्मको रक्षा गर्न यिनी कान्यकुञ्जबाट पश्चिम हिमालयको नजिक गढवालको श्रीनगरमा वि.सं. एघारौं शताब्दीको पूवार्द्धमा आएको मानिएको छ । यिनी धार्मिक प्रवृत्तिका नैतिकवान् शिक्षाप्रेमी थिए । उनले पाठशाला सञ्चालन गरेर शिक्षा दिने गर्दथे । उनका धेरै शिष्य थिए । गढवाल लगायत त्यस आसपासका क्षेत्रमा समेत उनी चर्चित थिए । उनकी धर्मपत्नी उमादेवी हुन् । उदय भट्टको बारेमा पौडेल, पोखरेल, सिग्देल,थापा लगायतका वंशावलीमा पनि उल्लेख भएको पाइन्छ । उदय भट्टलाई कुशा भट्ट पनि भन्थे भनी उल्लेख गरेको पाइन्छ । उदय भट्टका छोरा सुदय भट्ट हुन् । भट्ट लेख्ने चलनको बारेमा भट्ट कुनै थर नभएर विद्वान्हरुले भट्ट पदवी पाएका थिए भनिन्छ । भट्टाचार्यबाट भट्ट भनिएको हो भनी अर्ज्याल वंशावलीमा उल्लेख छ । यसै भएर होला हाम्रा पूर्वज तथा विद्वान् ब्राम्हणहरुले भट्ट लेख्दै आएका हुन् । योगी महात्मा विद्वान्हरुले भट्ट

भनेको विद्वान् हो भन्ने गरेका छन् । सुरुमा भट्ट कुनै थर नभएर भट्ट ब्राम्हणको पद थियो भनिएको छ ।

**सुदय भट्ट :-** उदय भट्टका छोरा सुदय भट्ट हुन् । यिनी पनि विद्वान्  थिए । यिनकी धर्मपत्नी भुमादेवी हुन् । यिनका छोराको नाम रायी भट्ट हो । रायी भट्टको नाम कतै राई भट्ट पनि लेखेको पाइन्छ ।

**रायी भट्टराई (राई भट्ट** ) :- यिनी सुदय भट्टका छोरा हुन् । यिनकी धर्मपत्नी रामदेवी हुन् । उनका देवदत्त नामका एक मात्र छोरा थिए भनिएको छ ।

**देवदत्त भट्ट :-** रायी भट्टका छोरा देवदत्त भट्ट हुन् । यिनी पनि विद्वान् थिए भनिएको छ । यिनकी धर्मपत्नी देवीप्रिया हुन् । उनका छोरा वत्सराज हुन् ।

**वत्सराज भट्ट :-** यिनी देवदत्त तथा देवीप्रियाका छोरा हुन् । वत्सराज ठुला चर्चित विद्वान् थिए । चारैवेद राम्रोसँग अध्ययन गरेका थिए । विशिष्ट विद्वान्को ख्याति प्राप्त गरेका थिए । यिनले बाजपेय यज्ञ सजिलै गराउन सक्दथे । लोहाका समिधा जलाउन सक्ने यिनमा सामर्थ्य थियो भन्ने कुरा इतिहास तथा अर्ज्याल वंशावलीमा उल्लेख छ । यिनको पहिलो विवाह ब्राम्हण कन्यासँग भएको थियो । यिनी आदर्श गुणले भरिपूर्ण भएता पनि सन्तान नजन्मेकाले चिन्तित थिए, दोस्रो विवाह गर्न एक असल कन्या माग गर्दा कन्या नदिएको भन्ने चर्चा गरिएको छ । यसैबेला वर्तमान नेपालको डोटी राज्यमा माधवसिंह नाम गरेका राजाले राज्य गर्दथे । यी राजा धार्मिक आचरणका थिए । यिनका सन्तानमा एक मात्र शुभकन्या नाम गरेकी छोरी थिइन् । राजाले विश्वजित यज्ञ गर्ने विचार गरेका थिए, यो यज्ञ विश्वका राजालाई जितेर गर्ने यज्ञ नभएर राजसुय यज्ञ तथा बाजपेय यज्ञ जस्तै ठूलो यज्ञ थियो । राजाले यो यज्ञको प्रमुख आचार्यको अन्वेषण गरिरहेका थिए । यसै बेला वत्सराज भट्टले उत्तर भारतमा विशिष्ट विद्वान्को ख्याति प्राप्त गरेका थिए । वैदिक (हिन्दू) शास्त्र अनुसार जुनसुकै यज्ञ गर्न पनि भरिपूर्ण ज्ञान भएका वत्सराज भट्टलाई राजा माधवसिंहले सम्मानपूर्वक बोलाएर विश्वजित यज्ञको प्रमुख आचार्य बनाई यज्ञ सम्पन्न गरे । वत्सराजको विद्वताबाट प्रभावित भएका राजाले विवाह गर्न उमेर पुगेकी छोरी शुभकन्याको राज्यकोषसहित विवाह गरि दिएर राजा माधवसिंह सपत्नी काशीबास गएका थिए भन्ने उल्लेख छ । यो यज्ञ बाह्रौं शताब्दीको पूर्वार्द्धमा गरेको अनुमान गरिएको छ ।

यसपछि वत्सराज डोटीमा बस्न थाले । डोटी राज्यका जनताले विद्वान् वत्सराजलाई पाएर खुसी भए । शुभकन्याले पहिलो सन्तानको रूपमा छोरो जन्माइन् । छोराको नाम कालु राखियो । यिनी कालु थापाको नामले प्रसिद्ध छन् । यिनका सन्तानहरु बगाले थापाका नामले चिनिन्छन् । यिनीहरुमा परशुराम थापा, अमरसिंह थापा, भीमसेन थापा आदि थापाहरु पर्दछन् ।

यिनै शुभकन्याले पति वत्सराजलाई ब्राम्हणको वंश जोगाउन र पिण्ड, तर्पण, श्राद्ध, आदि कर्म गर्न स्वजातीय सन्तान नभएकोले प्रिय पतिदेवलाई उचित सल्लाह दिएर आफै अग्रसर भई आफ्नै मितबाबु सुवेदीसँग आग्रह गरी मितबाबु सुवेदी ब्राम्हणकी कन्या बसुन्धरासँग वत्सराजको तेस्रो विवाह गराएकी थिइन् ।

यसरी शुभकन्याले वत्सराजको ब्राम्हण वंश जोगाउन ठुलो सहयोग गरेकी हुन् । वत्सराजकी विवाहिता कान्छी धर्मपत्नी (ब्राम्हणी) वसुन्धराबाट उपवत्सराज भट्ट जन्मेका थिए । उपवत्सराज भट्टका सन्तानहरु अर्ज्याल, पौडेल, सिग्देल आदि हुन् ।

**उपवत्सराज :-** यिनी ठुला विद्वान् थिए । बाबु वत्सराज पछि दरबारमा मूलगुरूको काम यिनैले गर्दथे । यिनकी धर्मपत्नी धर्मशीला हुन् । यिनका छोरा श्रीवत्सराज हुन् ।

**श्रीवत्सराज :-** यिनी उपवत्सराजका छोरा हुन् । श्रीवत्सराज पितामह (बाजे) वत्सराज जस्तै ख्यातिप्राप्त विद्वान् थिए । यिनले पनि चारै वेद अध्ययन गरेका थिए । यिनले बाजपेय जस्तो ठुलो यज्ञ गरेका थिए । यिनी भट्टाचार्य भनिएर चर्चित भए । यिनका दुईटी ब्राम्हणी र दुईटी छेत्रिनी पत्नी थिए । जेठी ब्राम्हणीबाट श्रीकृष्ण जन्मे । उनी पछि सिद्धि गाउँमा बस्न थाले र सिग्देल भए । कान्छी ब्राम्हणी धर्मशीलाबाट श्रीदेव जन्मेका थिए । श्रीवत्सराजले पनि पितामह (बाजे) वत्सराजले डोटीका राजा माधवसिंहकी छोरी विवाह गरे जस्तै तेस्रो विवाह जुम्लाकी राजाकी छोरीसँग गरेका थिए । यिनबाट जन्मेका छोराहरु समाल (हमाल) थरका ठकुरी हुन् । चौंथो विवाह खस छेत्रीकी छोरीसँग गरेका थिए यिनबाट जन्मेका सन्तानहरु बगाले थरका खस छेत्री भए भनिएको छ ।

**श्रीदेव भट्ट :-** यिनी श्रीवत्सराजका छोरा हुन् । यिनी विद्वान् थिए, यिनका छोराको नाम श्रीनन्द हो ।

**श्रीनन्द भट्ट :-** यिनी श्रीदेव भट्टका छोरा हुन् । यिनी पण्डित थिए । यिनी धार्मिक आचरणका थिए । श्रीनन्दका छोरा श्रीराम हुन् ।

**श्री राम भट्ट :-** यिनी श्रीनन्दका छोरा हुन् । यिनले शिक्षामा जोड दिएका थिए । पढेलेखेका विद्वान् थिए । यिनका छोरा हरिदत्त हुन् ।

**हरिदत्त भट्ट** :- यिनी श्रीराम भट्टका छोरा हुन् । यिनका छोरा श्रीकृष्ण हुन् ।

**श्रीकृष्ण (कृष्णराम) :-** यिनी हरिदत्तका छोरा हुन् । श्रीकृष्ण चर्चित विद्वान् थिए । तत्कालीन समयमा पश्चिम क्षेत्रमा नेपालका विद्वान् मध्ये यिनको नाम चर्चामा रहेको थियो । यिनी जाजरकोटबाट इस्मामा आएका हुन् भनिन्छ । यिनका दुईटी धर्मपत्नी थिए । जेठी धर्मपत्नी नर्मदा हुन् । यिनका छोरा (चावा भट्ट) च्यवनराज हुन् । कान्छी धर्मपत्नीबाट सदु जन्मे, सदुका सन्तान पौदी भन्ने स्थानमा बसेर पौडेल भएका हुन् भनिन्छ । उनीहरुलाई काला पौडेल भन्दछन् ।

**च्यवनराज (चावा) भट्ट :-** यिनी श्रीकृष्णका छोरा हुन् । च्यवनराजलाई चावा भट्ट पनि भन्ने गर्थे । यिनी चावा बाबा नामले पनि प्रसिद्ध थिए । यिनी ठुला विद्वान् थिए । इस्मा राज्यका राजगुरु थिए । च्यवनराज राजनीतिज्ञ पनि थिए । यिनी इस्मा राज्यमा लोकप्रिय थिए भनिएको छ । च्यवनराजले इस्मा राज्यमा धेरै बिर्ताहरु प्राप्त गरेका थिए । यिनकी दुईटी धर्मपत्नीहरु थिए । जेठी चुमादेवी र कान्छी उमादेवी हुन् । जेठी चुमादेवीबाट जन्मेका नरसिंहराज हुन् । चुमादेवी अर्जै गाउँमा बसेका हुनाले चुमादेवी तथा नरसिंहराजका सन्तानहरु अर्ज्याल भनिए । यिनका सन्तानहरु अर्जेल हुन् । कान्छी उमादेवीका छोरा मोतीराज हुन् । यिनी पौदी तथा दधासमा बसेकाले सबै पौडेल हुन् ।

**नरसिंहराज भट्ट (अर्ज्याल)** :- यिनी राजगुरु च्यवनराज तथा चुमादेवीका छोरा हुन् । यिनी विद्वान् तथा पण्डित थिए । यिनी राजगुरु भएका हुन् भनी चर्चा गरेको लेखहरुमा पाइन्छ । यिनी आमा चुमादेवीका साथ अर्जै गाउँमा बसेका हुन् । अर्जै गाउँ यिनका पिताले बिर्ता पाएको गाउँ हो । इस्माबाट पश्चिम पर्ने अर्जै गाउँमा बस्ने नरसिंहराज तथा उनका सन्तानहरुलाई अर्ज्याल भनिएको हो भन्ने भनाइ धेरै वंशावली संकलकहरुले अर्ज्याल वंशावलीमा उल्लेख गरेको पाइन्छ । यिनका छोराको नाम विश्वाकर हो, कतै विष्णुदास हुन् भनेको पाइन्छ । विश्वाकरको नाम हस्तलिखित पुरानो अर्ज्याल वंशालीमा उल्लेख भएको हुँदा विश्वाकर नै हुन् भन्ने देखिन्छ । यिनै नरसिंहराजका सन्तानहरु अर्ज्याल भए र अर्ज्याल थर शुरु भएको भनिएको पाइन्छ ।

**विश्वाकर प्रथम (अर्ज्याल) :-** यिनी नरसिंहराजका छोरा हुन् । विश्वाकर ठुला विद्वान् थिए । यिनी राजगुरु थिए । यिनका बारेमा थप जानकारी प्राप्त नभए तापनि वि.सं. १६७४ मा लेखिएको पुरानो हस्तलिखित अर्ज्याल वंशावलीमा च्यवनराजको छोरा नरसिंहराज हुन् र नरसिंहराजका छोरा विश्वाकर हुन् भनी उल्लेख गरेको कुरा अर्ज्याल वंशावलीबाट प्रस्ट हुन्छ कि नरसिंहराजका छोरा विष्णुदास नै हुन् । कतै कतै नरसिंहराजका छोरा विष्णुदास हुन् भनी उल्लेख गरेको पाइन्छ । कतै विष्णुदासका छोरा प्रभाकर हुन् भनी लेखिएको पाइए तापनि वास्तविकता आउन नसकेको र विस्तृत वंश विवरण सहितको वि.सं. १६७४ को हस्तलिखित वंशावलीबाट प्रस्ट बिवरण अनुसार नरसिंहराज आठौं पुस्ता तल पर्ने पुरन्दर अर्ज्यालबाट वंश फैलिएको पाइन्छ । पुरन्दरका चार भाइ छोरामध्ये जेठा छोरा प्रभाकर हुन् भनी प्रस्टसँग लेखिएको वंशावलीबाट अर्ज्याल वंशको यथार्थ र वास्तविक वंशावलीको विवरण प्राप्त हुन आएको हो । यसको विस्तृत विवरण पनि यस वंशावलीमा लेखिएको छ । विश्वाकर विष्णुभक्त भएर पनि विष्णुदास भनिएको हुन सक्छ । त्यसै अनुसार विष्णुदास कतै-कतै लेखिएको पनि हुनसक्छ वास्तविक नाम विश्वाकर नै हो र विश्वाकरका छोरा विभुकर हुन् ।

**विभुकर (अर्ज्याल) :-** यिनी विश्वाकरका छोरा हुन् । विभुकर विद्वान् पण्डित थिए । यिनका बारे थप जानकारी प्राप्त हुन सकेको छैन । विभुकरका छोरा दिनश्वामी हुन् ।

**दिनश्वामी (अर्ज्याल)** :- यिनी विभुकरका छोरा हुन् । दिनश्वामी धार्मिक तथा अनुशासित साथै विद्वान् थिए । यिनी ज्ञानी महात्मा पनि भनेर चिनिन्थे । यिनका छोरा एकमात्र दिनाकर हुन् ।

**दिनाकर (अर्ज्याल) :-** यिनी दिनश्वामीका छोरा हुन् । यिनलाई चावाराजा भनेर पनि भन्ने गरेको पाइन्छ । यिनी ठुला विद्वान् थिए । यिनी राजनीतिज्ञ साथै कुटनीतिज्ञ पनि थिए । यिनी राजगुरु थिए । यिनी पछि राजा भएका भनिन्छ । यिनी समाज सुधारक, समाजसेवी र राष्ट्रभक्त थिए भनिएको छ । यिनले मुसीकोट फौजलाई इस्माबाट लखेटेर परास्त गरेका हुन् । त्यहीँ आक्रमण तथा लडाइमा इस्माका राजा लापता भएपछि यिनै चावाराजा राजा भएका हुन् भन्ने भनाइ छ । यिनका सन्तानहरुले चारपुस्ता सम्म इस्मामा राज्य गरेका हुन् भनिएको छ । यिनी लोकप्रिय भएको पाइन्छ । यिनका छोराको नाम विश्वाकर हो ।

**विश्वाकर (अर्ज्याल) दोस्रो :-** यिनी राजगुरु तथा चर्चित चावाराजाका छोरा हुन् । यिनी पनि बाबुजस्तै विद्वान् थिए । यिनी धार्मिक प्रवृत्तिका थिए । विष्णुभक्त भएर होला यिनलाई विष्णुदास भनेर पनि चिनिन्थ्यो । कतै विष्णुदास भनी उल्लेख गरेको पाइन्छ । यिनी समाजसेवी थिए र यिनी बाबु पछि इस्माको राजा भएका हुन् भनी  कतै कतै उल्लेख गरेको पाइन्छ । यिनका  छोराको नाम पुरन्दर हो ।

**पुरन्दर (अर्ज्याल) :-** यिनी विश्वाकरका छोरा हुन् । पुरन्दरलाई कतै बाबु पछि राजा भएका हुन् भनिन्छ र यिनी पनि विद्वान् थिए । यिनको उपनाम परमानन्द हो भनिन्छ । यिनको बारेमा वि.सं. १६७४ मा सङ्कलन गरी प्राचीन हस्तलिखित अर्ज्याल वंशावलीमा लेखिएको पाइन्छ । त्यसमा नरसिंहराजबाट सात पुस्ता तल पुरन्दर पर्दछन् अथवा सातौं पुस्तामा पुरन्दर पर्दछन् । यसरी सातौं पुस्तासम्म एक-एक छोराको नाम उल्लेख छ । अन्य छोराहरु नभएको पनि हुन सक्छन् अथवा भएर पनि वंशावलीमा उल्लेख नभएको हुन सक्छ । पुरन्दर (परमानन्द) अर्ज्यालबाट वंश फैलिएको विस्तृत रूपमा इस्मा, गुल्मी, स्याङ्जा, गोर्खा लगायतका ठाउँको मूलपुरुषहरुबाट हेर्दा पुरन्दरबाट नै वंश फैलिएको पाइएको हुँदा पुरन्दरबाट नै **'अर्याल'** वंश फैलिएको देखिन्छ । पुरन्दरका चारभाइ छोराहरुमा जेठा प्रभाकर हुन्, जो चर्चित विद्वान् थिए भनिएको छ ।

**प्रभाकर अर्ज्याल :-** यिनी पुरन्दरका जेठा छोरा हुन् । यिनी ख्यातिप्राप्त चर्चित विद्वान् थिए । यिनको नाम सर्वत्र उपलब्ध छ । यिनी धार्मिक तथा सामाजिक प्रवृत्तिका थिए । यिनी अहिंसावादी थिए । यिनले पुर्ख्यौली राज्य पाएका थिए र चार वर्ष राज्य गरेपछि ब्राम्हणले राज्य गर्न उचित नठानेर गुल्मी राज्यबाट सुरजा नाम गरेका ठकुरी राजपुत्रलाई ल्याई इस्माको राजा बनाएर आफू राजगुरु भई बसेका हुन् । उनले साइला भाइ मुसाकरलाई गुल्मी राज्यको राजगुरु बनाउन सहयोग गरेका हुन् भनिन्छ । यिनी लोकप्रिय तथा नैतिकवान् थिए । विद्वान राजगुरु प्रभाकरले इस्मामा रहेका देवीदेवताका मन्दिरहरु निर्माण तथा जिर्णोद्वार गरेका थिए ।

इस्मामा हाल रहेका विष्णु मन्दिर, दुर्गा मन्दिर, शिवमन्दिर लगायतका मन्दिरहरु उनकै पालाका हुन् भनिन्छ । इस्मामा अर्यालहरु लगायतका बासिन्दाले ती धार्मिक स्थलहरुको संरक्षण गर्दै आएका छन् । इस्मामा अर्यालहरुका कुलदेवका मन्दिर निर्माण गरेका थिए र त्यसै मन्दिरमा   अहिंसावादी तरिकाले कुलको पूजा गर्ने गर्थे भनी इस्माका बुढापाकाहरुले बताउने गर्छन् । प्रभाकरको बारेमा विष्णुराज आत्रेय, विष्णुप्रभात लगायतका

अर्ज्यालहरुले लेखहरु लेखेको पाइन्छ । यिनका बारेमा किंवदन्तीहरु सुनिन्छ । थप इतिहास पनि भेटिन सक्छ । खोज अनुसन्धान गर्नुपर्ने देखिन्छ । प्रभाकरका छोराहरु हाँसु, सूर्य र सुमन्तु हुन् ।

**हाँसु अर्ज्याल :-** यिनी प्रभाकरका जेठा छोरा हुन् । यिनी पढेलेखेका पण्डित थिए । यिनी राजगुरु भएका हुन् । यिनी समाज सुधारक थिए । यिनी इस्मामा बसेका हुन् । इस्मा, अर्जै लगायतका ठाउँमा यिनको गुणगान र किंवदन्तीहरु प्रशस्त सुन्न पाइन्छ । यिनको बारेमा खोज अनुसन्धान गर्नुपर्ने देखिन्छ । इस्मा लगायत आसपासका क्षेत्रमा यिनी निकै चर्चित थिए । यिनका एक मात्र छोरा कल्याण हुन् ।

**कल्याण :-** यिनी हाँसुका छोरा तथा प्रभाकरका नाति हुन् । यिनी पनि राजगुरु भएका थिए भनिएको छ । यिनका छोराहरु मणिकण्ठ र गनपति हुन् । मणिकण्ठका छोरा विश्वनाथ र गनपतिका छोरा विनिराम हुन् । यिनका सन्तानहरूमा पढेलेखेका विद्वान्, पण्डित, ज्योतिष, समाजसेवीहरु भेटिएका छन् । यिनको वंश फैलिएको र विभिन्न स्थानहरु अर्जै, दोहली, दर्लामचौर लगायतका ठाउँमा बसोबास गर्दै आएका छन् र यहाँबाट अन्यत्र पनि गएका छन् ।

**सूर्य शर्मा अर्ज्याल :-** यिनी प्रभाकरका माइला छोरा हुन् । सूर्य ठुला ज्योतिष तथा विद्वान् थिए । यिनी अर्जैमा बसोबास गरेका हुन् । अर्जै इस्मादेखि पश्चिम केही दूरीमा पर्दछ । यिनले ज्योतिष कर्मकाण्ड पढाउने काम पनि गर्दथे । यिनले धेरैलाई ज्योतिष पढाएका हुन् । यिनका छोराहरु श्रीपति र माधव हुन् । श्रीपति तथा माधवलाई प्रारम्भिक शिक्षा पढाएका हुन् । यिनी अर्जै इस्मामा बसोबास गरेका हुन् ।

**श्रीपति अर्ज्याल :-** यिनी सूर्यका जेठा छोरा तथा प्रभाकरका नाति हुन् । श्रीपति चर्चित ठुला पण्डित थिए । यिनले प्रारम्भिक शिक्षा आफ्नै पिता सूर्यबाट हाँसिल गरेका हुन् । यिनले उच्च शिक्षा काशीबाट प्राप्त गरेका हुन् । काशीबाट उच्च शिक्षा हासिल गरेपछि यिनी चर्चित भएका हुन् । यिनी अर्जैबाट अमरभूभि भन्ने ठाउँमा आएर बसोबास गरेका हुन् । अमरभूभि हाल मर्भुङ्ग भन्ने ठाउँ अर्जै इस्माबाट पश्चिम केही दुरीमा पर्दछ । यिनले अमरभूमिमा पाठशाला खोलेर शिक्षा दिने गर्दथे । यिनी विशिष्ट विद्वान् थिए । धार्मिक आचरण गर्ने गराउने गर्दथे ।

श्रीपतिले अमरभूमिको डाँडामा मालिकादेवी भगवतीको मूर्ति स्थापना गरेका हुन् । सो भगवती सल्यानबाट ल्याएका हुन् भनिएको छ । यिनले अमरभूमिमा चलाएको पाठशालामा टाढा-टाढाबाट विद्यार्थीहरु शिक्षा हासिल गर्न आउने गर्दथे । श्रीपतिले व्याकरण, कर्मकाण्ड, ज्योतिष पढाउने गर्दथे भनिएको छ । श्रीपतिले कुल पूजामा सुधार गरी व्यवस्थित तथा विधिसम्मत तरिकाले विधिखोलामा कुलपूजा गर्ने र हाम्रो कुलदेव बराहको पूजा गर्दा सबै जम्मा भई गर्ने, जीव वली नदिन, दुधधार खीर, पायस, प्रसाद, रोटी, पुवा चढाउने आदि तरिकाले गर्ने चलन चलाएका हुन् । सबै सहमत हुन नसकेपछि केहीले पुरानै रीत अनुसार काभ्राको बोटमुनि पुरानै स्थानमा कुल पूजा गरे भने केहीले विधि खोलामा कुलपूजा गर्ने गरे अनुसार विधि खोले काभ्राबाटे भन्ने चलन भएको हो । इस्मा, अर्जै, मुर्भुङ्ग क्षेत्रमा विधि खोले काभ्राबोटे भन्ने चलन छ । श्रीपतिले कुलपूजा गर्दा जीव वली नदिने भनी केही नियम पनि बनाएका थिए,सो नियम लेखिएको विवरणहरु मर्भुङ्गे अर्यालहरूमा भेटिन्छ । यिनका वंशमा ज्योतिष पण्डित धेरै भेटिन्छन् । यिनका सन्तानहरुलाई मर्भुङ्गे अर्ज्याल भनेर चिन्ने गरिन्छ । श्रीपतिका एक मात्र छोरा चिन्तामणि हुन् । चिन्तु पनि भन्ने गरेको तथा लेखेको पनि पाइन्छ । श्रीपतिका सन्तानहरुले मर्भुङ्गमा पुस्तौंसम्म पाठशाला चलाएको पाइन्छ । पाठशालामा व्याकरण ज्योतिष पढ्न टाढा-टाढाबाट पनि आउने गर्थे । चिन्तुका तिन भाइ छोराहरु जग, बल र चुरामणि हुन् । चुरामणि उनको समयका विद्वान् पण्डित थिए । यिनका छोरा योगीदास पन्ध्र वर्षको उमेरमा पढ्न गए । तिस वर्ष सम्म वेपत्ता भए । योगी भई भिक्षा माग्दै हिंडेका आमाको हातबाट भिक्षा लिई उत्तरतर्फ लागे । कमारीले उनको पैतलाको छापबाट उनलाई चिनी खोज्दै जाँदा फेला पारी घरमा ल्याए । यिनी विवाहित हुनाले पैंतालीस वर्षमा छोरा जन्मे । यिनका पनाति देवकीनन्दन त्यस समयमा प्रसिद्ध विद्वान् थिए । यिनका छोराहरु रत्नेशवर र चक्रपाणि पनि पण्डित थिए । रत्नेश्वरका छोरा कुञ्जरमणि हुलाली बंशका ख्याती प्राप्त पण्डित थिए । यिनी श्रीमद्भागवत् पुराण र कर्मकाण्डमा ज्ञाता थिए । यिनका नाति डिल्लीराजलाई रानीपोखरी पाठशालामा 'श्रुतिधर' भन्ने गरिन्थ्यो । यिनको प्रतिभा र वैदुष्यले गर्दा काठमाडौं पढ्न जाने अर्यालहरुलाई तिमी मर्भुङ्गे श्रुतिधरका वंशज हौं भनी गुरुहरुबाट सोध्ने गरिन्थ्यो । यिनका भाइ लोकनाथ त्यस क्षेत्रकै प्रसिद्ध विद्वान् भगवतीको रूपमा चिनिन्थे । अर्ज्याल वंशावलीका सङ्कलक, प्रकाशन तथा सम्पादन समितिका सदस्य बाबुराम यिनै श्रुतिधरका भाइ देवीप्रसादका नाति हुन् । चक्रपाणिका छोरा रङ्गनाथ त्यस समयका प्रसिद्ध भागवतीको रूपमा चिनिन्थे । यिनका

नाति रश्मिराज व्याकरणका विद्वान्, पञ्चाङ्ग लेखनमा निपुण थिए । यिनैले श्रीपतिका सन्तानहरुको वंशावली सङ्कलन गरेका हुन् ।

अर्याल वंशावली अलका प्रकाशनका लेखक डा. विष्णुराज यिनै रश्मिराजका नाति हुन् । श्रीपतिका सन्तानहरु मर्भुङ्ग, सिर्सेनी, अर्खवाङ्गमा बसेका र त्यहाँबाट अन्यत्र गएका हुन् । श्रीपतिका वंशमा पढेलेखेका विद्वान्हरु धेरै थिए र छन् । श्रीपतिले त्यस क्षेत्रको ठुलो घर बनाए । उनको कान्छो छोरा अहिलेसम्म बस्दै आएको पाइन्छ । यिनीहरुलाई ठुला घरे भन्ने गरिन्छ । यही घरबाट नै कुलपूजाको दिन दीप, मूलघण्ट, बाजा आदि निकाली विधिखोलामा आई पूजा गरिन्छ । श्रीपतिको चर्चा गर्दा यिनी दोस्रो श्रीपति हुन् । कतै कतै भट्ट उल्लेख भए तापनि प्रथम श्रीपति भट्ट वि.सं. लगभग १०५० तिरका मानिएका छन् । उनी अर्कै श्रीपति भट्ट हुन् । यिनी दोस्रो श्रीपति वि.सं. पन्ध्रौं शताब्दीको लगभग मध्येतिरका हुन् ।

**माधव अर्ज्याल :-** यिनी सूर्यका कान्छा छोरा तथा प्रभाकरका नाति हुन् । यिनी विद्वान् थिए ।यिनका छोरा वस्ताखर तथा नातिहरु गङ्गाराम र माधव हुन् । यिनीहरु अर्जैबाट पूर्वतर्फ बडियार खोलाको किनार हुँदै आँपचौर गुल्मी लगायतका ठाउँमा बसोबास गरेका हुन् । आँपचौरका विद्वान् पण्डित खलकहरु गङ्गारामका सन्तान हुन् भन्ने देखिन्छ । यिनका सन्तानहरुका थप विवरण प्राप्त हुन बाँकी रहेको छ । माधवका नाति तथा वस्ताखरका कान्छा छोरा (माधवका सन्तानहरु) पाल्पाको पिपलडाँडा, हुँगी अर्सेदी भन्ने ठाउँमा बसोबास गरेका हुन् । यिनीहरु पढेलेखेका र ठुलो सङ्ख्यामा फैलिएर विभिन्न ठाउँमा बसोबास गरेको देखिन्छ । यिनीहरुका अन्य विवरण प्राप्त हुन बाँकी रहेको छ ।

**सुमन्तु अर्ज्याल :-** यिनी प्रभाकरका कान्छा छोरा तथा पुरन्दरका नाति हुन् । यिनी विद्वान् थिए । यिनलाई कतै सुमन्तु कतै सरोज उल्लेख गरेको पाइन्छ । यिनी अर्जै इस्माबाट गोरखा आएको कुरा उल्लेख गरिएको छ । यिनका सन्तानहरु सबै गोरखा, धादिङ्ग गएका हुन् । यिनी गोरखा आएको समयमा यिनका माइला काका विश्वाकर लगायतका सन्तानहरु गोरखा आएका थिए भनिन्छ । सुमन्तुका छोराहरु जेठा नारायणदास, कान्छा श्रीवत्स हुन् । छोरा नारायणदास गोरखा आएपछि सुमन्तु गोरखा आएका हुन् भनिएको छ । यिनीहरु गोरखा आउँदा अर्जै इस्माबाट रिडी लसर्घा जगत्रदेवीको अर्ज्यालबारी हुँदै आाधिखोला किनारको बाटो भिर्कोट खिल्लुङ्ग भन्ने ठाउँमा बास बसेर गोरखा आएका हुन् भनिएको छ ।

**नारायणदास अर्ज्यालः-** यिनी सुमन्तुका जेठा छोरा तथा प्रभाकरका नाति हुन् । नारायणदास चर्चित विद्वान् तथा ज्योतिष थिए । यिनले प्रारम्भिक शिक्षा गाउँमै गरेका हुन् । पछि काशी गई उच्च शिक्षा प्राप्त गरेका हुन् । यिनी अर्जै इस्माबाट गोसाईकुण्ड तीर्थ यात्रा गर्नको लागि रिडी लसर्घा हुँदै जगत्रदेवीको नजिकमा रहेको (अर्जेल) बारी हुँदै आँधिखोलाको किनारको बाटो भिर्कोटको खिलुङ्गामा गई बसेका हुन् । त्यहाँ रहेका दाजुभाइहरुसँग भेटघाट गरेपछि त्यहाँबाट लमजुङ्गमा सुवेदी पण्डितको घरमा बास बसेका र सुवेदीले ठूला विद्वान् ज्योतिष नारायणदासलाई लमजुङ्गका राजासँग भेट गराएको पाइन्छ । राजाले छोराहरुको चिना देखाएछन् । ज्योतिष नारायणदासले चिना हेरेपछि तीन भाइ राजकुमार मध्ये दुई भाइको राजा हुने योग रहेको कुरा राजालाई बताएको पाइन्छ । राजालाई दुई भाइमा लडाइँ त हुने होइन भन्ने चिन्ता पर्दा उनले राजालाई सम्झाएर छुट्टा–छुट्टै राज्यका राजा बन्ने कुरा व्यक्त गरेको पाइन्छ । उनले यसको लागि सहयोग गर्ने बचन समेत दिएको पाइन्छ । उनले गोसाइकुण्ड तीर्थ सम्पन्न गरेर आउनेछु भनी त्यहाँबाट गोसाइकुण्ड तीर्थ गएको बताइएको छ । गोसाइकुण्डमा पं. नारायणदासले पुरश्चरण यज्ञ सम्पन्न गरी गोरखा आएर द्रव्य शाहलाई राजा बनाउन ठुलो सहयोग गरको देखिन्छ । द्रव्य शाह गोरखाका राजा बनेपछि पं. नारायणदास गोरखा राज्यका राजगुरु भई बसोबास गरेका हुन् । नारायणदासले गोरखामा सुधारका कार्य तथा शिक्षाको विस्तार गरेका थिए । यिनको वंशले पनि पृथ्वीनारायण शाह लगायतका राजाहरुलाई नेपाल एकीकरण लगायतका कार्यमा ठुलो सहयोग गर्दै आएका हुन् । नारायणदासको पालादेखि गोरखकाली तथा मनकामना देवीको मन्दिरमा पूजा गर्ने पुजारीहरु उनैका अर्ज्याल वंशका रहँदै आएका हुन् र हालसम्म पनि उनैका वंशजहरु पुजारी हुँदै आएका छन् ।

पं. नारायणदासका छोराहरू छ भाइ हुन् भनिएको छ । जेठा उद्धवदास, माइला सूर्यदास, साइला विष्णुदास, काइला जयाकार, राइला श्रवणकार र कान्छा गदाधर हुन् । यिनका छ भाइ छोरा मध्ये जेठा उद्धवदास, साइला विष्णुदास र कान्छा गदाधरको मात्र वंश विवरण प्राप्त छ । अन्य छोराहरुको विवरण प्राप्त हुन सकेको छैन ।

जेठा उद्धवदासका सन्तानहरुलाई बगाले अर्ज्याल भनेर भन्ने गर्छन् र साहिला विष्णुदासका सन्तालनहरुलाई बिहारे अर्ज्याल भनेर चिनिने गर्छन् । गोरखामा नारायणदासका छोरा उद्धवदास र विष्णुदासका सन्तान बसोबास गरेका हुन् । नारायणदासका सन्तानहरू गोरखा जिल्लाको गोरखाबजार, पोखरीथोक, धनुबासे, वराह, आमडाँडा, होल्सिङ्ग, गाईखुर,

बोर्लाङ्ग, बनौती, बक्राङ्ग, ढाव, कुवापानी, दर्बुङ्गकोट, लगायतका ठाउँहरु तथा धादिङ्गका केही गाउँहरुमा र काठमाडौंका मुख्य ठाउँ फर्पिङ्ग, साँखु, डिल्लीबजार, बालाजु, नेपालटार लगायत विभिन्न स्थान तथा पूर्वका जिल्ला तेह्रथुम, पाँचथर हुँदै झापाका विभिन्न स्थान, मोरङ्गको विराटनगर, मकवानपुर लगायत मध्यपूर्व तराईका विभिन्न जिल्लामा बसोबास गरेको पाइन्छ । यिनै पण्डित तथा ज्योतिष नारायणदासको गोरखामा उनैका वंशहरुले 'नारायणदास अर्ज्याल स्मृति प्रतिष्ठान्' गठन गरेर उनको बारेमा संस्थागत रूपमा जानकारी सङ्कलन तथा खोजअनुसन्धान गर्ने कार्यमा लागेको तथा प्रयास गरेको देखिन्छ ।

नेपाल एकीकरण र शाह वंशको उदयसँगै सत्रौं शताब्दीमा राजपण्डितको रूपमा नारायणदास अर्ज्याल गोरखा आएको इतिहास साक्षी छ । यिनै नारायणदास अर्ज्यालका सन्तती मध्ये स्व. ज्योतिष पण्डित दण्डपाणि अर्ज्याल एक हुन् । नारायणदास अर्ज्यालदेखि यो परिवारले ज्योतिष सम्बन्धी कार्यहरु गर्दै आएको देखिन्छ । ज्योतिष परिवारका नामले चिनिएको यस अर्ज्याल परिवारले हालसम्म पनि पुस्तौली कार्य गर्दै आएको देखिन्छ । स्व. विद्वान् दण्डपाणि अर्ज्याललाई पनि ज्योतिष बाजेको नामले चिनिएको पाइन्छ । मास्टर वा पण्डित बाजेको उपनामले समेत परिचित स्व. दण्डपाणि अर्ज्यालले गोरखा जिल्लालाई मात्र नभई नेपालकै सन्दर्भमा उल्लेखनीय कार्य गरेको देखिन्छ ।

ऐतिहासिक नगरी गोरखा जिल्लामा बाबु तप शर्मा र आमा भवानी देवीका सुपुत्रको रूपमा स्व. दण्डपाणि अर्ज्यालको वि.सं. १९६३ कार्तिक २४ गते जन्म भएको पाइन्छ । आफ्नो मावली घर बगुवामा जन्म लिई बाल्यकाल उहीँ बिताउन पुगेका स्व. दण्डपाणि अर्ज्यालको अक्षराम्भ मावली घरबाट भएको कुरा दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थमा प्रकाशित बाल जीवनीबाट थाहा पाइन्छ । उनको जीवनको सम्पूर्ण समय शिक्षाको जागरण ल्याउन र समाज सुधारका कार्य गर्दै बित्यो । यसरी शिक्षाको उज्यालो फैलाउनमा नै जीवन समर्पण गर्न पुगेका विद्वत् प्रतिभाको निधन वि.सं. २०४५ माघ ७ गते गोरखा पोखरीथोक आफ्नै निवासमा हुन पुग्यो । यसरी आफूले मात्र सामाजिक कार्यमा नलागी यस क्षेत्रमा लाग्ने व्यक्तिहरुलाई उत्साहित पार्ने काममा पनि उनी उद्मत्त भएको देखिएको छ । इतिहासका विश्लेषक हुनाले इतिहासकारहरुले उनीबाट ज्ञान प्राप्त गरी छरिएर रहेका ऐतिहासिक घटनाहरु उनको मौखिक टिपोटबाट र केही लिखित रूपमा प्राप्त गरेर समाजमा ऐतिहासिक गरिमा उजिल्याएको पाइएको छ । यस्ता विद्वत् प्रतिभाको कदर स्वरूप र उनको नामलाई चिरस्थायी बनाउने लक्ष्य अनुरूप आफ्ना चारभाइ छोराहरू,

परिवार र समाजका प्रवुद्ध व्यक्तिहरुको पहलमा 'दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र' को स्थापना गरियो । विभिन्न सेवामूलक र रचनात्मक कार्य गर्ने गराउने लक्ष्य लिएर एक भेला आयोजना गरियो र यस स्मृतिकेन्द्र स्थापना हुन पुग्यो । स्व. पण्डित दण्डपाणि अर्ज्यालको स्मृतिलाई चिरस्थायी बनाउने र सामाजिक कार्य गर्ने लक्ष्य लिई एक्मी इन्जिनियरिङ्ग कलेज सितापाइला काठमाडौंमा वरिष्ठ शिक्षाविद् मोहननारायण श्रेष्ठको सभापतित्वमा वृहत् भेलाको आयोजना गरियो ।

वि.सं. २०६२ साल कार्तिक २ गते सम्पन्न उक्त भेलाले १५ सदस्यीय तदर्थ समिति गठन गऱ्यो । विभिन्न सामाजिक काम समेत गर्ने उद्देश्य रहेको उक्त प्रतिष्ठान् गठन समारोहको प्रमुख अतिथि श्री राजेश्वर देवकोटा थिए भने अतिथिहरुमा चिरञ्जिवी वाग्ले, यदुप्रसाद भट्ट, सर्वोच्च अदालतका पूर्वन्यायधीश केदारनाथ अर्याल रहेको देखिन्छ ।[3] तदर्थ समितिले स्मृतिकेन्द्रलाई एक गैह्रसरकारी संस्थाको रूपमा वि.सं. २०६३ साल मङ्सिर ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् दर्ता गर्‍यो अनि समाज कल्याण परिषदको आबद्धता र आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लियो ।[4] 'यसरी स्मृति प्रतिष्ठान्' गठन गरेकोमा दर्ता हुने क्रममा 'स्मृतिकेन्द्र' रहन गएको हो । समाजसुधार, भाषा, धर्म, संस्कृति, संस्कृत भाषा, ज्योतिषशास्त्र, वंशवृक्ष लगायत शैक्षिक एवं नेपाली साहित्यको क्षेत्रमा समेत कार्य गर्ने लक्ष्य अनुरूप अघि बढेको छ । विविध क्षेत्रमा कार्य गर्ने र समाजका उल्लेखित व्यक्तित्वहरुको पहिचान गरी पुरस्कृत समेत गर्ने लक्ष्य अनुसार **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** २०६३ सालदेखि दिने निर्णय अनुरूप कार्यसमिति चयन गरियो ।

**दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापनाका लागि स्व. दण्डपाणि अर्ज्यालको परिवारबाट संयुक्त लगानीमा अक्षयकोष खडा गरियो । यस स्मृतिकेन्द्रले आफूलाई निरन्तर रूपमा शिक्षा, संस्कृति, भाषा, इतिहास र साहित्य लगायत अन्य गरिमामय कृति प्रकाशन गर्नु र समाजका उल्लेख्य व्यक्तिको व्यक्तित्व पहिचान गरी पुरस्कृत गरिनु पनि यस 'दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र' को कार्य हुन पुग्यो । त्यतिमात्र नभई स्व. दण्डपाणि अर्ज्यालका लेख रचनाहरु प्रकाशित गर्ने कार्य पनि यस स्मृतिकेन्द्रले गर्दै आएको छ । यसरी

३. विष्णु, प्रभात र अन्य (सम्पा.) "स्मृतिकेन्द्रका गतिविधिहरु", **ज्ञानविन्दु,** वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३१ ।
४. नारायण प्रसाद पाण्डे, "स्मृतिकेन्द्रको प्रथम साधारण सभामा कार्यसमितिको तर्फबाट महासचिवद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन", **ज्ञानविन्दु**, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १५६ ।

शिक्षा, इतिहास, समाज सुधार, संस्कृति, संस्कृत भाषा, धर्म साहित्य, लगायत विविध क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्ने, विचार तथा अभिव्यक्तिहरु प्रस्तुत गर्ने र लेख रचनाहरु प्रकाशित गर्ने कार्य पनि यस स्मृतिकेन्द्रले गर्दै आएको छ ।

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रलाई स्थापना गरी सामाजिक, संस्कृति, संस्कृत भाषा, धर्म, इतिहास लगायत विविध क्षेत्र सहित साहित्यमा पनि योगदान दिने लक्ष्य अनुरूप स्थापना गरिएको बेहोरा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** का संस्थापक राजेन्द्र अर्यालले जानकारी दिएको पाइन्छ । उनकै भनाइलाई समर्थन गर्दै बलराम अर्याल, परशुराम अर्याल, हरिहर अर्याल लगायत समाजका उल्लेख्य व्यक्तिहरुको पहलमा कोष स्थापना गरी **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** को जन्म हुन पुग्यो ।

## २.२ दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको स्थापना

गोरखा जिल्लाका अग्रणीमध्ये एक मानिने दण्डपाणि अर्ज्यालको नामलाई चिरस्थायी बनाउने लक्ष्य अनुसार समाजका प्रबुद्ध व्यक्ति र पारिवारिक पहलमा **दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान्** गठन भएको हो । विविध सामाजिक कार्य गर्ने लक्ष्य लिई एक्मी इन्जिनियरिङ्ग कलेज सीतापाइला, काठमाडौंमा मिति २०६२ कार्तिक २ गते द्रव्यशाह बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख शिक्षाविद् मोहननारायण श्रेष्ठको सभापतित्वमा बसेको एक बृहत् भेलाले दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान् गठन गरिएको हो[5]। स्मृति प्रतिष्ठान् गठन गरिएकोमा संस्था दर्ता हुने क्रममा स्मृतिकेन्द्र रहन गएको देखिएको छ । यस स्मृतिकेन्द्रले समाज सुधार, संस्कृत भाषा, धर्म, शिक्षा, संस्कृति, ज्योतिष शास्त्र, इतिहास, वंशवृक्ष, आदि क्षेत्रमा उल्लेखनीय योगदान दिने लगायत साहित्यिक कृति सहित अन्य कृतिहरु पनि प्रकाशित गर्ने लक्ष्य लिएर अघि बढेको देखिएको छ । विभिन्न किसिमका जनहितकारी कार्य गर्ने लक्ष्य अनुसार वि.स.२०६२ साल कार्तिक २ गते श्री शिवहरि मरहट्टाको अध्यक्षतामा १५ सदस्यीय तदर्थ समिति चयन गरी स्मृतिकेन्द्रको स्थापना हुन पुग्यो । आफ्नो लक्ष्य अनुरूप कार्य गर्ने प्रतिबद्धताका साथ यस स्मृतिकेन्द्रले कार्यहरु गर्दै अघि बढिरहेको छ ।

## २.३. उद्देश्य

५. विष्णु, प्रभात र अन्य (सम्पा.) “स्मृतिकेन्द्रका गतिविधिहरु”, **ज्ञानविन्दु**, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३१ ।

जुनसुकै संघसंस्था, प्रतिष्ठान वा स्मृतिकेन्द्रको आ-आफ्नै लक्ष्य र उद्देश्य हुने हुँदा शिक्षाविद् तथा ज्योतिष पण्डित स्व. दण्डपाणि अर्ज्याल सामाजिक कार्यहरु गर्नु गराउनु पनि उद्देश्य रहेका छन् ।[6]

१. यो मुनाफारहित, जनहितकारी सांस्कृतिक र साहित्यिक सामाजिक संस्था हुनेछ ।

२. स्व. दण्डपाणि अर्ज्यालका विविध क्षेत्रका योगदानलाई जनता समक्ष पुऱ्याउन प्रयत्नशील रही उहाँका कृति र रचनात्मक कार्यको अध्ययन गर्ने गराउने ।

३. उहाँका अप्रकाशित कृति र लेख रचनाहरुको प्रकाशन गर्दै जाने र अन्य व्यक्ति विशेषका अप्रकाशित कृति प्रकाशित गर्न प्रयत्नशील रहने । यस्ता कार्यका लागि गोरखा जिल्लावासी वा गोरखालीका कृति प्रकाशनलाई प्राथमिकता दिने ।

४. समाज सुधार, संस्कृत भाषा, धर्म, शिक्षा, संस्कृति, ज्योतिषशास्त्र, इतिहास, वंशवृक्ष आदि क्षेत्रमा समय समयमा विविध कार्यक्रमहरु गर्न प्रयत्नशील रहने, यस क्षेत्रका विषयमा लेखिएका कृति वा कृतिकारलाई सम्मान तथा पुरस्कृत गर्ने ।

५. राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्ति तथा संस्थालाई सम्मान तथा पुरस्कृत गर्ने ।

६. महिला, अशक्त, जनजाति र पिछडिएका वर्गको हित र अशक्त, असहायहरुको भलाइको लागि सहयोग पुऱ्याउने ।

७. समाजसेवी लक्ष्य भएका राष्ट्रिय संघसंस्थाहरुसँग सम्बन्ध बढाई संस्थाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि प्रयत्नशील रहने ।

यसरी यस स्मृतिकेन्द्रले आफ्नो उद्देश्य अनुरूप विशेषत दण्डपाणि अर्ज्यालको योगदानलाई जनता समक्ष पुऱ्याउनु, उनको व्यक्तित्व र कृतित्वको प्रकाशन गर्दै जाने रहेको छ । त्यसको साथै विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तित्वहरुलाई सम्मान र पुरस्कृत गर्ने, महिला, जनजाति र पिछडिएका वर्गका हित र भलाइका लागि प्रयत्न रहने जस्ता विविध पक्षसँग सम्बन्धित समाजसेवी कार्य गर्ने मूल उद्देश्य राखेको छ ।[7]

## २.४ दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको इतिहास

---

६. ऐजन, पृष्ठ १४२ ।

७. नारायण प्रसाद पाण्डे, पूर्ववत्, पृष्ठ १५७ ।

इतिहासविद् तथा शैक्षिक जागरणका योद्धाका रूपमा परिचित स्व. दण्डपाणि अर्ज्यालको स्मृतिलाई चिरस्थायी बनाउने लक्ष्य अनुसार दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र स्थापना भएको हो । समाजका अग्रणी व्यक्तिहरु लगायत् पारिवारिक पहलमा वि.सं. २०६२ साल कार्तिक २ गते एक्मी इन्जिनियरिङ्ग कलेज सीतापाइलामा एउटा वृहत् भेलाको आयोजना गरिएको थियो । उक्त भेलाको अध्यक्षता प्रा.शिवहरि मरहट्टाले गरेका थिए । नेपाली भाषा, संस्कृति, शिक्षा, समाज सुधार लगायत साहित्यमा टेवा पुऱ्याउने लक्ष्य अनुरूप ज्योतिष पण्डित स्व. दण्डपाणि अर्ज्यालको नामबाट **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना गर्ने निर्णय उक्त भेलाले गऱ्यो ।

यसरी त्यस वृहत् भेलाको आयोजनासँगै यस स्मृतिकेन्द्रको स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउन एउटा तदर्थ समिति गठन गरियो । जसमा निम्न महानुभावहरु रहेका देखिएको छ ।

१. शिवहरि मरहट्टा :- अध्यक्ष
२. गम्भीर प्रधान :- उपाध्यक्ष
३. नारायण पाण्डे :- महासचिव
४. दीपक अर्याल :- सचिव
५. बलराम अर्याल :- कोषाध्यक्ष
६. सरोज देवकोटा :- सदस्य
७. तुलसी न्यौपाने :- सदस्य
८. मनोज भट्टराई :- सदस्य
९. विष्णु प्रभात :- सदस्य
१०. दिनेश देवकोटा :- सदस्य
११. राजुबाबु श्रेष्ठ :- सदस्य
१२. भास्कर श्रेष्ठ :- सदस्य
१३. परशुराम अर्याल :- सदस्य
१४. हरिहर अर्याल :- सदस्य
१५. राजेन्द्र अर्याल :- सदस्य

यसरी गठन गरिएको तदर्थ समितिले विधानको प्रारूप तयार गरी नियम अनुसार जिल्ला कार्यालय काठमाडौंमा प्रतिष्ठान् खोल्न मान्यता प्राप्त गर्ने काम गऱ्यो । तदर्थ

समितिले केन्द्रलाई एक गैह्रसरकारी सामाजिक संस्थाको रूपमा २०६३ साल मङ्सिर ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् दर्ता गर्‍यो अनि समाज कल्याण परिषदको आबद्धता र आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर लियो ।[8]

समाजका प्रबुद्ध व्यक्तिहरु र पारिवारिक पहलमा रु.२,१५,०००।- (दुईलाख पन्ध्र हजार) को अक्षय कोष स्थापना गरिएको घोषणा गरियो । यस तदर्थ समितिले गरेको कार्यको अनुमोदन गर्नुका साथै विधान बमोजिम कार्य समितिको चयन गरियो । यस विधान अनुसार कार्य समितिको गठनमा साधारण सभाका सदस्यहरुबाट ९ जना निर्वाचित सदस्य, ४ जना कोष संस्थापक सदस्य र कोष संस्थापक सदस्यहरुको सहमतिमा कार्य समितिले मनोनित गर्ने २ जना गरी जम्मा १५ सदस्यीय कार्य समिति गठन गरिएको छ । यस कार्य समितिको कार्य काल २ वर्षको हुनेछ । जसमा निम्न महानुभावहरु रहनु भएको छ :-

| | |
|---|---|
| श्री शिवहरि मरहट्टा | :- अध्यक्ष |
| श्री गम्भीर प्रधान | :- उपाध्यक्ष |
| श्री नारायणप्रसाद पाण्डे | :- महासचिव |
| श्री दीपक अर्याल | :- सचिव |
| श्री तुलसी न्यौपाने | :- कोषाध्यक्ष |
| श्री परशुराम अर्याल | :- सदस्य |
| श्री विष्णुप्रभात | :- सदस्य |
| श्री भास्कर कुमार श्रेष्ठ | :- सदस्य |
| श्री मनोज भट्टराई | :- सदस्य |
| श्री राजुबाबु श्रेष्ठ | :- सदस्य |
| श्री राजेन्द्र प्रसाद अर्याल | :- सदस्य |
| श्री सरोज देवकोटा | :- सदस्य |
| श्री हरिहर अर्याल | :- सदस्य |

जसमा देहाय वमोजिमका सल्लाहकार रहने व्यवस्था भयो । सल्लाहकारमा निम्न बमोजिमका ५ सदस्यीय सल्लाहकार रहने व्यवस्था गरियो ।

**सल्लाहकारहरु :**

---

८. नारायण प्रसाद पाण्डे, पूर्ववत्, पृष्ठ १५६ ।

- श्री राजेश्वर देवकोटा
- डा. श्री गोविन्द टण्डन
- श्री सूर्यनाथ अर्ज्याल
- श्री नारायणभक्त अर्ज्याल
- श्री दोलख बहादुर गुरुङ्ग

वि.सं.२०६४ साल भाद्र १६ गते प्रथम साधारण सभा काठमाडौंको ठमेल स्थित नर्थ प्यालेस होटलमा भव्यतापूर्वक सम्पन्न भयो । तदर्थ समिति गठनदेखि तेस्रो वार्षिक साधारण सभा यसै तदर्थ समितिले गरिसकेको देखिन आउँछ । कार्य समितिको र विभिन्न उपसमितिहरुका धेरै बैठकहरु यिनै तदर्थ समितिबाट नै भएको जानकारी हुन आएको छ ।

यस स्मृतिकेन्द्रले छोटो समयमा नै आफूलाई निकै अगाडि पुर्याएको देखिएको छ । वि.सं. २०६३ साल कार्तिक ११ गते सम्पन्न कार्य समितिको बैठकबाट २०६३ देखि नै प्रत्येक वर्ष रु. ११,१११।- (एघार हजार एकसय एघार) नगद र सम्मान पत्रसिहतको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** स्थापना गर्ने निर्णय गरी घोषणा गरियो ।[9]

चौंथो वार्षिक साधारण सभासँगै तुलसी घिमिरे संयोजक र उज्वल अर्याल तथा कपिल खनाल सदस्य रहेको तिन सदस्यीय निर्वाचन समितिले कार्य समितिको निर्वाचन कार्यक्रमलाई सभामा प्रस्तुत गर्यो ।[10] शिवहरि मरहट्टाको अध्यक्षतामा १३ सदस्यीय र मनोनीत २ गरी १५ सदस्यीय कार्य समिति चयन गरियो । कार्य समिति भित्र निम्न महानुभावहरु रहनुभएको छ :

श्री शिवहरि मरहट्टा :- अध्यक्ष
श्री तुलसी न्यौपाने :- उपाध्यक्ष
श्री नारायणप्रसाद पाण्डे :- महासचिव
श्री गीता रेग्मी :- सचिव
श्री राजेन्द्र प्रसाद अर्याल :- कोषाध्यक्ष
श्री दिनेशचन्द्र देवकोटा :- सदस्य

९.नारायण प्रसाद पाण्डे, पूर्ववत्, पृष्ठ १५७ ।
१०. सीता अर्याल, “स्मृतिकेन्द्रका कार्यकलापहरु”, **ज्ञानविन्दु**, वर्ष ३, अङ्क ३, २०६६, पृष्ठ १७२ ।

श्री दीपक जोशी :- सदस्य

श्री परशुराम अर्याल :- सदस्य

श्री बलराम अर्याल :- सदस्य

श्री विष्णुप्रभात :- सदस्य

श्री भास्कर कुमार श्रेष्ठ :- सदस्य

श्री मनोज भट्टराई :- सदस्य

श्री राजुबाबु श्रेष्ठ :- सदस्य

श्री सरोज देवकोटा :- सदस्य

श्री हरिहर अर्याल :- सदस्य

**दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** को स्थापना कालदेखि हाससम्म यस स्मृतिकेन्द्रको जिम्मेवारी सम्हाल्दै आएका संस्थापक अध्यक्ष श्री शिवहरि मरहट्टाको कार्य समितिले नै हालसम्म कार्य गर्दै आएको र वर्तमान कार्य समितिको रूपमा रहेको छ ।

## २.५. दण्डपाणि अर्ज्या्ल स्मृतिकेन्द्रका कार्यहरु

**दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** एक गैह्रसरकारी सामाजिक संस्था हो । स्व. दण्डपाणि अर्ज्यालको स्मृतिलाई चिरस्थायी बनाउने लक्ष्यका साथ स्थापना भएको हो । समाजका प्रवुद्ध व्यक्तिहरु लगायत उनका पारिवारिक पहलमा स्मृतिकेन्द्रको स्थापना भएको देखिएको छ । गोरखा जिल्लामा जन्मेर शैक्षिक जागरणमा लागि परेका मास्टरबाजे, इतिहास र ज्योतिष विद्याका ज्ञाता स्व. दण्डपाणि अर्ज्यालको सम्भनामा वि.सं. २०६२ साल कार्तिक २ गते विधिवत् रूपमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना हुन पुग्यो ।

शिक्षाविद् मोहननारायण श्रेष्ठको सभापतित्वमा तदर्थ समिति गठन गरियो । श्री शिवहरि मरहट्टाको अध्यक्षतामा १५ सदस्यीय कार्य समिति गठन गरी यो **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना हुन पुगेको देखिएको छ ।

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले नेपाली भाषा, संस्कृति, संस्कृत भाषा, इतिहास, वंशावली आदि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने लक्ष्य लिएर अघि बढेको छ । यिनै कार्यसँगै नेपाली साहित्यमा पनि थप टेवा पुऱ्याउने उद्देश्य अनुरूप साहित्यिक कृति प्रकाशन गर्ने कार्य गर्दै आएको छ । विविध क्षेत्रलाई समेटेर कार्य गर्ने लक्ष्य सहित अगाडि बढेको देखिएको छ । त्यसका साथै विषय र क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तित्वहरुलाई सम्मान र

पुरस्कृत गर्ने, महिला, जनजाति, पिछडिएका वर्गको हित र भलाइको लागि प्रयत्न रहने जस्ता विविध पक्षसँग सम्बन्धित समाजसेवी कार्य गर्ने समेत उद्देश्य राखेको छ ।[11]

छोटो समयमा नै धेरै कार्य गर्न सफल यस स्मृतिकेन्द्रले २०६३ सालदेखि विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वको कदर स्वरूप पुरस्कार को स्थापना गरेको छ । पुरस्कार स्थापना गरेदेखि हालसम्म यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष प्रदान गर्दै आएको छ । स्व. दण्डपाणि अर्ज्यालको योगदानलाई उजागर गर्नको लागि उनको लेख, रचना र कृतिहरु पनि समय-समयमा यस स्मृतिकेन्द्रबाट प्रकाशित हुँदै आएको देखिएको छ ।

ज्योतिष पण्डित स्वर्गीय दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले विभिन्न कार्यहरु गर्दै नेपाल र नेपाली जनतालाई हरेक क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ । यस स्मृतिकेन्द्रले ज्योतिष, शिक्षा, इतिहासको क्षेत्रमा लगायत साहित्यको विधामा पनि कृतिहरु प्रकाशित गरेको छ । यस स्मृतिकेन्द्रको मुखपत्र 'ज्ञानविन्दु' पत्रिका पनि प्रकाशित गर्दै आएको छ ।

## २.५.१ हालसम्म प्रकाशित गरेका कृतिहरु

क. **दशमहाविद्या** तन्त्रशास्त्र, दण्डपाणि अर्ज्याल- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६२

ख. **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रह, हरिहर अर्याल- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६२

ग. **उपमा** कथा सङ्ग्रह, सीता अर्याल- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र २०६२

घ. **फ्रान्स भ्रमण मेरो संस्मरण** नियात्रा सङ्ग्रह, राजेन्द्र अर्याल- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६३

ङ. **लण्डनमा मुटु दुख्दा** आत्म कहानी, विकल आचार्य- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६७

च. **इटाली र अष्ट्रेलियको रमाइलो सम्झना** तुलसी घिमिरे- दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६७

**पत्रपत्रिका**

1_ **ज्ञानविन्दु** - अङ्क १, वर्ष १, - २०६४

११. नारायण प्रसाद पाण्डे, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १५६ ।

2_ **ज्ञानविन्दु** - अङ्क २, वर्ष २, - २०६५

3_ **ज्ञानविन्दु** - अङ्क ३, वर्ष ३, - २०६६

4_ **ज्ञानविन्दु**- अङ्क ४, वर्ष ४, - २०६७

5_ **ज्ञानविन्दु** - अङ्क ५, वर्ष ५, - २०६८

### २.५.२. विचार गोष्ठीहरु

यस स्मृतिकेन्द्रले पुस्तक मात्र प्रकाशन गर्ने कार्य नगरी समय-समयमा विभिन्न क्षेत्रसँग सम्बन्धित विचारगोष्ठी सञ्चालन गर्दै आएको छ । हालसम्म यस स्मृतिकेन्द्रले निम्न लिखित विचारगोष्ठीहरु आयोजना गरेको देखिएको छ :

क. **नेपाल राष्ट्रनिर्माणको वास्तविकता विषयक वृहत् गोष्ठी सम्पन्न** २०६४ कार्तिक १९ गते गोरखा[12]

ख. **नेपाल राष्ट्रको निर्माणमा भावनात्मक पक्षको योगदान** २०६५ कार्तिक ३० गते पद्‌मकन्या क्याम्पस वाग बजार, काठमाडौं[13]

ग. **गण्डकी अञ्चलमा शिक्षाको परम्परा र प्रवृत्ति** २०६६ कार्तिक २८ गते काठमाडौं पद्‌मकन्या बहुमुखी क्याम्पस वाग बजार [14]

घ. **सामाजिक क्षेत्रको विकासमा भौतिक पूर्वाधारको भूमिका** २०६७ असोज ६ गते पद्‌मकन्या बहुमुखी क्याम्पस वाग बजार[15]

ङ. **नेपालमा तन्त्रको परम्परा**[16] २०६८ मंसिर १० गते पद्‌म कन्या क्याम्पस, वाग बजार काठमाडौं

समय-समयमा गर्ने भन्दै आएको विचार गोष्ठी यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गर्दै आएको छ ।

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले साहित्यको विधामा योगदान दिनको लागि पुस्तक प्रकाशन गर्ने र साहित्यिक कार्यक्रम पनि गरेको छ । मा.वि. तथा उच्च मा.वि. स्तरीय निबन्ध प्रतियोगीता गरेको छ । प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गर्ने कार्य गरेको छ । साथै विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरुको मूल्याङ्कन गर्दै यस स्मृतिकेन्द्रले वि.सं. २०६३ सालदेखि पुरस्कार स्थापना गरेर प्रदान गर्दै आएको छ ।

---

१२. विष्णु प्रभात र अन्य, पूर्ववत्, (वर्ष १ अङ्क १, २०६४), पृष्ठ १३८ ।

१३. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, (सम्पा.) "स्मृतिकेन्द्रका गतिविधिहरु", **ज्ञानविन्दु**, वर्ष २, अङ्क २, २०६५, पृष्ठ ११४ ।

१४. सीता अर्याल, पूर्ववत्, वर्ष ३, अङ्क ३, २०६६, पृष्ठ १७२ ।

१५. सीता अर्याल, "स्मृतिकेन्द्रका गतिविधिहरु", **ज्ञानविन्दु**, वर्ष ४, अङ्क ४, २०६७, पृष्ठ १७५ ।

१६. विश्वनाथ उपाध्याय भट्ट, "नेपालको तान्त्रिक परम्परा", **ज्ञानविन्दु**, वर्ष ५, अङ्क ५, २०६८, पृष्ठ १०५ ।

### २.५.३. हालसम्म पुरस्कार प्राप्त गर्नुहुने व्यक्तिहरु

श्री ज्ञानमणि नेपाल - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६३

श्री दिनेशराज पन्त - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६४

श्री सत्यमोहन जोशी - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६५

श्री सुरेशराज शर्मा - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६६

श्री मदनमणि दीक्षित - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६७

श्री मोदनाथ प्रश्रित - दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार , २०६८

महिला, जनजाति र पिछडिएका वर्गको हित र असक्त असहायहरुको भलाइको लागि सहयोग पुर्‍याउने उद्देश्य सहित कार्य गर्ने लक्ष्य अनुसार यस स्मृतिकेन्द्रले वि. सं. २०६३ सालको एस. एल. सी. परीक्षामा गोरखा जिल्लाको सामुदायिक विद्यालयहरुबाट परीक्षामा उत्कृष्ट अङ्क ल्याउने दलित छात्रा सोविता परियारलाई रु.२,१००।- (दुई हजार एक सय) नगद र प्रशंसा पत्र सहित पुरस्कृत गरेको छ ।

# दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको गतिविधि

## ३.१. विषय प्रवेश

गोरखा जिल्लाका प्रसिद्ध विद्वान् शिक्षासेवी तथा इतिहासकार स्व. दण्डपाणि अर्ज्यालको स्मृतिलाई चिरस्थायी बनाउने लगायत विविध सामाजिक कार्य गर्ने लक्ष्य लिई एक्मी इन्जिनियरिङ्ग कलेज सीतापाइला काठमाडौंमा मिति २०६२ कार्तिक २ गते द्रव्यशाह

बहुमुखी क्याम्पसका प्रमुख मोहननारायण श्रेष्ठको सभापतित्वमा बसेको वृहत् भेलाले **दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान** गठन गरेको छ ।[17]

विभिन्न सामाजिक कार्य गर्ने लक्ष्य अनुसार स्थापित यस स्मृतिकेन्द्रले साहित्यिक कार्य गर्ने लक्ष्य लिएको छ । शिक्षा, इतिहास लगायत साहित्यको क्षेत्रमा समेत कार्य गर्ने लक्ष्य लिएर यो संस्था अघि बढेको छ । समय-समयमा विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित रहेर विचार गोष्ठी गर्ने कार्य गरेको देखिएको छ । यस स्मृतिकेन्द्रले समय-समयमा पुस्तकहरु प्रकाशित गर्दै आएको छ । प्रत्येक वर्ष वार्षिक पत्रिका प्रकाशन गर्दै आएको छ । यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले दलित, पिछडिएका वर्ग, जनजाति, महिलाको हकहितको लागि सहयोग पुऱ्याउने लक्ष्यका साथ सहयोग र पुरस्कृत गर्ने काम गरेको छ । वि.सं. २०६३ सालदेखि यस स्मृतिकेन्द्रले पुरस्कारको व्यवस्था गरेर विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुलाई पुरस्कृत गर्ने कार्य गर्दै आएको छ ।

## ३.२ दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेका गतिविधि

### ३.२.१ कृति प्रकाशन

ऐतिहासिक जिल्लाको रूपमा परिचित गोरखा जिल्लामा जन्मिएका स्व. दण्डपाणि अर्ज्याल एक बहुप्रतिभाशाली व्यक्तित्वको रूपमा परिचित थिए । आफ्नो सम्पूर्ण जीवन शिक्षण कार्यमा बिताउन सफल व्यक्तित्वको कदर स्वरूप स्थापना गरिएको यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**ले पुस्तक प्रकाशन गर्दै आएको छ । छोटो समयमा पनि यस स्मृति केन्द्रबाट धेरै कृतिहरु प्रकाशित गर्न सफल भएको देखिन्छ । यस स्मृतिकेन्द्रसँग सम्बन्धित व्यक्ति तथा अन्य व्यक्तिहरुको कृति पनि यस स्मृतिकेन्द्रले प्रकाशित गरेको छ । साहित्यको कथा, कविता, निबन्ध, आत्मवृत्तान्त जस्ता विविध विधा अन्तर्गतका कृति प्रकाशित गरी साहित्यलाई थप योगदान दिएको पाइन्छ । यस स्मृतिकेन्द्रबाट हालसम्म प्रकाशित साहित्यिक कृतिहरु निम्न छन् :

#### क) हरिहर अर्याल - स्वदेश तिमीलाई खोज्दछ (कवितासङ्ग्रह)

यस स्मृतिकेन्द्रका कोष संस्थापक तथा कवि हरिहर अर्यालले **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रह दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित गरेका छन् । साहित्यको

१७. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३१ ।

कविता विधा अन्तर्गतको यस कविताभित्र कवि अर्यालले तिन भागमा बाँडेर गद्य, पद्य र खण्डकाव्य समेत मिसाइ कविता सङ्ग्रह प्रकाशित गरेको देखिन्छ । नेपाली साहित्यको फाँटमा एउटा प्रवासी कविको मनले आफ्ना भावहरु पोखेर **स्वदेश तिमीलाई खोज्दछ** भन्दै मातृभुमीले आफूलाई खोजेको कुरा व्यक्त गर्न पुगेको देखिन्छ ।

## ख) सीता अर्याल - उपमा (कथासङ्ग्रह)

कथाकार सीता अर्यालले आफ्नो दोस्रो कृति **उपमा** कथा सङ्ग्रह दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित गरेको पाइन्छ । यस स्मृतिकेन्द्रले नेपाली साहित्यको कथा विधामा कृति प्रकाशित गरेर थप योगदान दिएको पाइन्छ । सरल, सरस भाषामा आजका समाजका समसामयिक सन्दर्भका कुराहरु समेटिएर लेखिएको यस **उपमा** कथा सङ्ग्रहका कथाले पाठकलाई जिज्ञासा र आत्मसन्तुष्टी दिन सफल देखिएको छ ।

## ग) स्व. दण्डपाणि अर्ज्याल - दशमहाविद्या (ज्योतिष शास्त्र)

स्व. दण्डपाणि अर्ज्यालद्वारा लेखिएको कृति **दशमहाविद्या** उनकै स्मृतिकेन्द्रले प्रकाशन गरेर पाठक समक्ष ल्याएको छ । ज्योतिष शास्त्र जस्तो तान्त्रिक विषयमा लेखिएको कृति प्रकाशन गरिनु गौरवको कुरा हुन आउँछ । यस स्मृतिकेन्द्रले साहित्य बाहेक ज्योतिष शास्त्रसँग सम्बन्धित कृतिलाई पनि प्रकाशित गरेको देखिएको छ ।

## घ) राजेन्द प्रसाद अर्याल - फ्रान्स भ्रमण मेरो संस्मरण (नियात्रासङ्ग्रह)

विदेश भ्रमणमा जाँदा आफूले देखेका र भोगेका कुराहरु समेटिएर राजेन्दप्रसाद्र अर्यालद्वारा लेखिएको कृति दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित गरिएको छ । यस कृतिले पाठकलाई यूरोपेली भूमि फ्रान्सको बारेमा जानकारी दिन सफल रहेको छ ।

## ङ) विकलचन्द्र आचार्य - लण्डनमा मुटु दुख्दा (आत्मकहानी)

विकलचन्द्र आचार्यद्वारा लेखिएको आत्मकहानी **लण्डनमा मुटु दुख्दा** दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशित गरेको छ । आफूले भोगेका यथार्थ घटनाको बारेमा र मुटुरोगको जानकारी दिने उद्देश्यले लेखिएको कृतिले मुटुरोग लाग्ने कारण र बच्ने उपायको बारेमा जानकारी दिन सफल देखिएको छ ।

## च) तुलसीनाथ घिमिरे- इटाली र अष्ट्रेलियाका रमाइला सम्झना

यस स्मृतिकेन्द्रले तुलसीनाथ घिमिरेद्वारा लिखित **इटाली र अष्ट्रेलियाका रमाइला सम्झना** नामक कृति प्रकाशन गरेको छ । साहित्यको फाँटमा पछिल्लो समयमा फस्टाउँदै गएको नियात्रात्मक निबन्धलाई थप योगदान पुर्‍याउन सफल यस कृति प्रकाशित गरी पाठक सामु पुर्‍याएको छ ।

## #=@=@ klqsf k|sfzg

### ज्ञानविन्दु १

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष प्रकाशन गर्ने लक्ष्यका साथ वि.सं. २०६४ सालको **ज्ञानविन्दु १** अङ्क प्रकाशित गरेको पाइन्छ । विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वका लेखहरु प्रकाशित गरेर विविध विषयको जानकारी गराउने उद्देश्य सहित ज्ञानविन्दु पत्रिका प्रकाशन गर्दै आएको छ ।

### ज्ञानविन्दु २

वि.सं. २०६५ सालको **ज्ञानविन्दु २** को प्रकाशन दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेको छ । राष्ट्रिय व्यक्तित्व एवं विविध क्षेत्रसँग सम्बन्धित व्यक्तित्वका रचनात्मक लेखले ज्ञानवर्द्धक रूपमा जानकारी गराउने उद्देश्य सहित साहित्यिक क्षेत्रमा पनि यस पत्रिकामा योगदान दिएको छ ।

### ज्ञानविन्दु ३

वि.सं. २०६६ सालको **ज्ञानविन्दु ३** को प्रकाशन दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेको छ । यस ज्ञानविन्दु नियमित वार्षिक पत्रिका भएकोले यस भित्र सबै विषय र क्षेत्रसँग सम्बन्धित लेख रचनाहरु समेटिएको देखिन्छ । ज्ञानवर्द्धक र बौद्धिक व्यक्तित्वका रचनात्मक लेखले पाठकलाई बौद्धिक खुराक दिएको छ ।

### ज्ञानविन्दु ४

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले हरेक वर्ष प्रकाशित गर्ने लक्ष्यका साथ २०६७ को **ज्ञानविन्दु** ४ प्रकाशन गरेको छ । साहित्य, इतिहास, खोज, अनुसन्धान लगायत विविध क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुका लेखहरु प्रकाशन गरेर पाठकलाई थप ज्ञानमा सहयोग पुर्‍याएको देखिन्छ ।

## ज्ञानविन्दु ५

विगत वर्षमा जस्तै २०६८ को ज्ञानविन्दु ५ पनि यस स्मृतिकेन्द्रले प्रकाशन गरेको छ ।

## ३.२.३ साहित्यिक कार्यक्रम आयोजना

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले थोरै समयमा विविध कार्य गरेको देखिन्छ । शिक्षा र इतिहासको क्षेत्रमा विशेष कार्य गर्ने लक्ष्य भए पनि साहित्यमा पनि कार्यहरु गर्दै अघि बढेको छ । विभिन्न साहित्यिक कृतिहरु प्रकाशन गर्ने, विमोचन गर्ने, पत्रिका प्रकाशन लगायत ती पत्रिका भित्र साहित्यसँग सम्बन्धित विधाका लेख रचनाहरु प्रकाशित गर्ने काम गरेको छ । समय-समयमा साहित्यिक कार्यक्रम आयोजन गर्ने लक्ष्य राखेको छ । यसको उद्देश्यको अंशमा भने जस्तै यो मुनाफा रहित जनहितकारी सांस्कृतिक र साहित्यिक सामाजिक संस्था हुनेछ[18] भन्ने वाक्यांश सहित आफ्नो गतिविधि गर्दै आएको छ ।

यस स्मृतिकेन्द्रले आफ्नो गठन गरे लगत्तै २०६२ साल कार्तिक १४ गते स्मृतिकेन्द्रद्वारा प्रकाशित कृतिहरु **दशमहाविद्या**,**स्वदेश तिमीलाई खोज्दछ** र **उपमा** कथा सङ्ग्रह प्रकाशित सहित लोकार्पण कार्य सम्पन्न गऱ्यो । यस स्मृतिकेन्द्रले एकै परिवारका तिन कृति एकैसाथ प्रकाशित गरेको छ । यसलाई सम्भवतः नेपालको पहिलो घटना मान्न सकिने छ । विविध क्षेत्रसँग सम्बन्धित रहेर यस स्मृतिकेन्द्रले कार्यक्रम र विचारगोष्ठी सञ्चालन गर्दै आएको छ । यस स्मृतिकेन्द्रले शिक्षा र इतिहासमा जोड दिए पनि साहित्यको क्षेत्रमा योगदान दिँदै आएको छ । स्व. दण्डपाणि कै जन्मथलो गोरखा भूमिलाई मुख्य मानेर वि.सं.२०६६ सालमा उच्च मा.वि.का छात्रछात्रा माझ एउटा निबन्ध प्रतियोगिता आयोजना गरेको देखिन्छ । निबन्धको शीर्षक **मैले खोजेको देश** र **म नेपाली भएर बाँच्छु** भन्ने रहेको थियो । सर्वोत्कृष्ट अङ्क ल्याउने मध्ये प्रथम, द्वितीय र तृतीयलाई पुरस्कार जनही रु.५,०००।-, रु.३,०००।- र रु.२,०००।- प्रदान गरिएको थियो । उक्त पुरस्कार रकम प्राप्त गर्नेमा गोरखा क्याम्पस गोरखाका प्रवीणता प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययनरत गर्ने जौबारी ५ गोरखाका छात्र राजेन्द्र उपरकोटी, द्वितीय शक्ति मा.वि. पाटेचौरका कक्षा १२ का छात्र सुवास अधिकारी र तृतीय महेन्द्र ज्योति उच्च मा.वि. मा अध्ययनरत छात्रा शान्ति सिर्मल रहेका थिए ।

---

१८. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३१ ।

## ३.२.४ पुरस्कार स्थापना र वितरण

गोरखा जिल्लाको पोखरीथोकमा वि.सं. १९६३ सालमा जन्मिएका दण्डपाणि अर्ज्याल बहुप्रतिभाशाली व्यक्तित्वका धनी थिए । इतिहास, ज्योतिष, शिक्षा जस्ता क्षेत्रमा उल्लेख्य योगदान पु-याएका प्रतिभाशाली व्यक्तित्वको कदर स्वरूप स्थापना गरिएको दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले वि.सं. २०६३ साल देखि प्रदान गर्ने गरी पुरस्कार स्थापना गरेको छ ।

समाजका हरेक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउनु हुने प्रतिभाशाली व्यक्तित्वको मूल्याङ्कन गर्दै हरेक वर्ष प्रदान गर्ने गरी यो **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** स्थापना गरेको हो । यस्ता विद्वत्ता प्रतिभाको कदर स्वरूप पुरस्कार राशि र सम्मान पत्र पनि यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले निरन्तर दिँदै आएको छ । यस स्मृतिकेन्द्रको विधानमा उल्लिखित समाज सुधार, भाषा, धर्म, शिक्षा, संस्कृति, ज्योतिष शास्त्र, इतिहास, वंशवृक्ष आदिको शोध खोज र सिर्जनामा संलग्न भएर राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने प्रतिभाशाली व्यक्ति एवं संस्थालाई पुरस्कृत तथा सम्मान गर्ने गरी रु. ११,१११।- ( एघार हजार एकसय एघार ) नगद तथा सम्मानपत्र सहितको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** स्थापना गरेको छ ।[19] यही वाक्यांश अनुरूप यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले हरेक वर्ष आफ्नो कार्यहरु गर्दै आएको देखिएको छ । यस पुरस्कारको बारेमा पत्रपत्रिकाहरुमा प्रकाशित गरिएको देखिन्छ । **दण्डपाणि पुरस्कार स्थापना** भन्ने शीर्षकमा **समाचार पत्र** दैनिकमा दण्डपाणि अर्ज्याल स्मृति केन्द्रले सामाजिक सुधार, साहित्य, संस्कृति लगायतका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई हरेक वर्ष पुरस्कार दिने घोषणा गरेको छ भनेर प्रकाशित गरेको छ ।[20]

गोरखा जिल्लाका समाजसेवी, शिक्षासेवी पण्डित स्व.दण्डपाणि अर्ज्यालले आफ्नो जीवनकालमा धेरै उल्लेख्य काम गरेर गएका छन् । उनले ज्योतिष शास्त्र जस्तो महत्त्वपूर्ण शास्त्रको अध्ययनबाट दशमहाविद्या, बृहत् अर्ज्याल वंशावली र नेपालको इतिहास सम्बन्धी थुप्रै कृतिहरु सिर्जना गरेका छन् । यसरी राष्ट्रिय व्यक्तित्वको रूपमा परिचित उनको स्मृतिमा स्थापित यस स्मृतिकेन्द्रले राष्ट्रिय व्यक्तित्वलाई प्रोत्साहन दिने कार्यका अतिरिक्त

१९. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३३ ।

२०. सम्पादक, “दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार स्थापना”, **नेपाल समाचारपत्र,** कार्तिक १३, गते सोमवार २०६३, पृ ७ ।

महिला, जनजाति र दलितहरुको उत्थानमा समेत सहयोग पुर्‍याउने उद्देश्य अनुरूप आफ्नो कार्य गरेको छ । त्यस क्षेत्रमा उल्लेख्य काम गर्ने जो सुकैको पनि उचित मूल्याङ्कन गर्दै पुरस्कृत समेत गर्दै आएको देखिएको छ ।

## ३.२.५ दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार घोषणा र प्रदान

स्व.पण्डितको नामलाई चिरस्थायी बनाउने लक्ष्यका साथ वि.सं. २०६३ सालदेखि यो पुरस्कार प्रदान गरिँदै आएको छ । यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र नेपालद्वारा स्थापित **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** वि.सं. २०६३ देखि हालसम्म निम्न व्यक्तित्वहरुले प्राप्त गरेको देखिएको छ ।

### १ ज्ञानमणि नेपाल

बाबु भानुभक्त र आमा अन्नपूर्ण देवीका जेठा सन्तानको रूपमा वि.सं. १९८९ माघ १७ गते जन्मिएका व्यक्तित्वको नाम ज्ञानमणि नेपाल हो । गुरुकुलीय शिक्षा प्राप्त गरेका विद्वान्ले संस्कृति, भाषा, इतिहास, अन्वेषण, अनुसन्धाता र नेपाली साहित्यको सिर्जनामा योगदान पुर्‍याउँदै आएको देखिएको छ । लामो समय सम्म विभिन्न क्षेत्रमा साधनारत व्यक्तित्वको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाले पुरस्कृत गरेको पाइन्छ । यिनै विद्वत्ता प्रतिभाको उचित मूल्याङ्कन गर्दै वि.सं. २०६३ सालको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रदान गरेको छ । लामो समय देखि लेखन कार्यमा निरन्तर साधनारत, १७ कृतिका लेखक र नेपाली साहित्यमा समेत पुर्‍याएको योगदानको आधारमा श्री ज्ञानमणि नेपाललाई प्रमुख अतिथि डा.जगदीश पोखरेलबाट पुरस्कार अर्पण गरिएको थियो ।[21] **इतिहासविद् पुरस्कृत** शीर्षकमा कान्तिपुर दैनिकमा ज्ञानमणि नेपाललाई दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार प्रदान गरिएको भन्ने खबर प्रकाशित छ ।[22]

### २ दिनेशराज पन्त

आमा बुधकुमारी र बाबु नयनराज पन्तको कान्छा सुपुत्रको रूपमा वि.सं. २००५ सालमा जन्मिएका व्यक्तित्वको नाम हो दिनेशराज पन्त । ज्योतिष शास्त्र, संस्कृत भाषा, साहित्य र इतिहासका ज्ञाताको रूपमा परिचित व्यक्तित्वको कदर स्वरूप उनलाई विभिन्न संघसंस्था र राष्ट्रिय स्तरमा सम्मान तथा पुरस्कृत गर्दै आएको छ ।

---

२१. विष्णु प्रभात र अन्य पूर्ववत्, वर्ष १ अङ्क १, २०६४, पृष्ठ १३४ ।
२२. सम्पादक, "इतिहासविद् पुरस्कृत", **कान्तिपुर दैनिक,** वैशाख १६, गते २०६४, पृ. २ ।

वि.सं. २०६४ सालको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** प्रज्ञा भवन कमलादीमा आयोजित विशेष समारोहमा ज्योतिष शास्त्र, संस्कृत भाषा, साहित्य र इतिहासका ज्ञाता विद्वान् श्रीदिनेशराजपन्तलाई प्रदान गरिएको छ ।[23] इतिहासका ज्ञाता ज्योतिष विद्वान् र शैक्षिक जागरणका योद्धाका नाममा स्थापित यस **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** यिनै विषय र क्षेत्रसँग सम्बन्धित व्यक्तित्वको कदर स्वरूप कार्यक्रमका प्रमुख अतिथि प्रा.डा.माधवप्रसाद शर्माबाट विद्वान् श्री दिनेशराज पन्तलाई रु. ११,१११।- ( एघार हजार एक सय एघार ) र सम्मानपत्र सहित २०६४ को यस पुरस्कार प्रदान गरियो

## ३ सत्यमोहन जोशी

बाबु शङ्खराज र माता राजकुमारीको कोखबाट प्रथम पुत्रका रूपमा वि.सं. १९७७ वैशाख ३० गते सत्यमोहन जोशीको जन्म भएको थियो । साहित्य, कला, लोक संस्कृति, धार्मिक, सामाजिक लगायत संस्कृत र अनुसन्धताको रूपमा परिचित व्यक्तित्वको कदर स्वरूप मदन पुरस्कार, भानुभक्त पुरस्कार, त्रिभुवन पुरस्कार, भूपालमानसिंह पुरस्कार, लुनकरणदास गंगादेवी चौधरी पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार आदि तथा तत्कालीन सरकारबाट सुप्रवल गोरखा दक्षिणबाहु, विख्यात त्रिशक्ति पट्ट, प्रसिद्ध गोरखा दक्षिणबाहु जस्ता सम्मान तथा विभूषणहरु पाएका छन् ।[24] राष्ट्रिय व्यक्तित्वको कदरलाई र योगदानको मूल्याङ्कन गर्दै वि.सं. २०६५ सालको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** श्री सत्यमोहन जोशीलाई दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रदान गरेको छ । यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष प्रदान गर्दै आएको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** को राशिमा वृद्धि गरेर २०६५ सालदेखि रु. १५,०००।- ( पन्ध्रहजार ) पुऱ्याउने निर्णय २०६५/०१/२७ मा बसेको कार्य समितिको बैठकले गरेको छ ।[25] देशका संस्कृति क्षेत्रका महान हस्ती श्री सत्यमोहन जोशीको विद्वत्ताको कदर स्वरूप कार्यक्रमका प्रमुख अतिथि सभामुख श्री सुवासचन्द्र नेम्वाङबाट पुरस्कार राशि रु. १५,०००।-( पन्ध्रहजार ) र सम्मान पत्र सहित दोसल्ला ओढाएर विभूषित गरियो ।

## ४ सुरेशराज शर्मा

२३. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल (सम्पा.) "स्मृतिकेन्द्रका गतिविधिहरु", **ज्ञानविन्दु,** वर्ष २, अङ्क २, २०६५, पृष्ठ ११३ ।

२४. प्रेमशान्ति तुलाधर, "सत्यमोहन जोशी संक्षिप्त : परिचय", **ज्ञानविन्दु,** वर्ष २, अङ्क २ , २०६५, पृष्ठ ७३ ।

२५. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, पूर्ववत्, वर्ष २, अङ्क २, २०६५, पृष्ठ ११४ ।

विष्णुप्रसाद उपाध्याय र सावित्रीदेवी ढुङ्गेलका माहिला सुपुत्रको रूपमा वि.सं. १९९७ साल साउन ७ गते सुरेसराज शर्माको जन्म भएको हो । शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याए वापत उनलाई राष्ट्रिय स्तरमा विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । महेन्द्र विद्याभूषण 'ख' (२०२३), महेन्द्र विद्याभूषण 'क' (२०३५), गोरखा दक्षिणबाहु 'तेस्रो' (२०३६), तेस्रो सार्क सम्मेलन स्मारक पदक (२०४४), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), गोरखा दक्षिणबाहु 'दोस्रो' (२०५३), बीरेन्द्र ऐश्वर्य सेवापदक (२०५८) गरी ७ वटा पदक प्राप्त गरि सकेका छन् । [26]

राष्ट्रिय पुरस्कारका रूपमा उनले २०५३ 'हस्तवीरसिंह', 'ज्ञानकुमारी कार्की पुरस्कार', २०५६ सालमा 'झपट पुरस्कार', २०६२ सालमा 'वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान् ओरेसन अर्वाड', २०६३ सालमा 'बलराम जोशी ज्ञानविज्ञान पुरस्कार', २०६६ सालमा 'षडानन्द पुरस्कार' र २०६६ सालमा 'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार' प्राप्त गरेका छन् ।[27]

अन्तर्राष्ट्रिय स्तरमा समेत उनी पुरस्कृत भइसकेका छन् । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले स्थापना गरेको **दण्डपाणि अर्ज्याल स्मृतिपुरस्कार** वि.सं. २०६६ मा दीर्घ शिक्षासेवी, शिक्षविद् तथा काठमाडौं विश्व विद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्मालाई पुरस्कृत गरियो । डा.शर्मालाई सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूबाट पुरस्कार अर्पण गरियो ।[28]

प्रत्येक वर्ष प्रदान गरिँदै आएको **दण्डपाणि अर्ज्याल स्मृतिपुरस्कारको** राशिलाई बढाएर रु. १५,०००।- ( पन्ध्र हजार ) बाट रु.२१,०००।- ( एक्काइस हजार ) पुऱ्याएको निर्णय कार्य समितिले जानकारी गरायो । त्यसै अनुसार वि.सं. २०६६ सालको यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रदान गर्दै आएको पुरस्कारको राशि बढाएर रु.२१,०००।- ( एक्काइस हजार) बनाएको छ । वि.सं. २०६२ सालदेखि स्थापना गरिएको यस दण्डपाणि अर्ज्याल

२६. हरि मन्जुश्री, "शैक्षिक शिरोभूषण : सुरेशराज शर्मा", **ज्ञानविन्दु,** वर्ष ३, अङ्क ३, २०६६, पृष्ठ ९२ ।
२७. ऐजन ।

२८. सीता अर्याल, "स्मृतिकेन्द्रका गतिविधिहरु", **ज्ञानविन्दु,** वर्ष ४, अङ्क ४, २०६७, पृष्ठ १७५ ।

स्मृतिकेन्द्रले स्व. पण्डित दण्डपाणिले समाजमा पुऱ्याएको योगदानको कदरलाई मूल्याङ्कन गर्दै अक्षयकोष तथा पुरस्कारको राशिमा वृद्धि गर्दै लगेको छ ।

## ५ मदनमणि दीक्षित

पिता लक्ष्मणमणि आचार्य र माता बिष्णुकुमारीका जेठा सुपुत्रको रूपमा वि.सं. १९७९ फाल्गुन ६ गते काठमाडौं गैह्री धारामा मदनमणि दीक्षितको जन्म भएको थियो । मार्क्सवादी विचार धाराबाट प्रभावित दीक्षित सानैदेखि मेधावी छात्रमा पर्दथे । बहुआयामिक व्यक्तित्वका धनी दीक्षितले शिक्षक, राजनीतिकर्मी, पत्रकार र साहित्यमा हात फैलाएको देखिएको छ । साहित्यमा विशेषत : उनको योगदान देखिएको छ । यस्तो राष्ट्रिय व्यक्तित्वको कदर स्वरूप वि.सं. २०६७ सालको **दण्डपाणि अर्ज्याल स्मृतिपुरस्कार** दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले साहित्यकार मदनमणि दीक्षितलाई प्रदान गरेको छ । अन्नपूर्ण पोष्ट, शनिवार २९ माघ २०६७ मा प्रकाशित **दीक्षित पुरस्कृत** भन्ने शीर्षकमा दण्डपाणि अर्ज्याल स्मृतिपुरस्कार २०६७ बाट वरिष्ठ आख्यानकार मदनमणि दीक्षित पुरस्कृत छन् । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा शुक्रबार राजधानीमा आयोजित कार्यक्रममा प्रज्ञा प्रतिष्ठान्का कुलपति वैरागी काइलाले दीक्षितलाई पुरस्कृत गरेका छन् । पुरस्कारको राशि ताम्रपत्र सहित २१ हजार नगद छ भन्ने कुरा व्यक्त गरिएको छ ।[29]

त्यस्तै आख्यानकार दीक्षितलाई **दण्डपाणि स्मृति पुरस्कार**[30] भनी गोरखापत्र दैनिकमा २०६७ साल माघ २९ गते शनिबार प्रकाशित गरिएको छ । **दीक्षित पुरस्कृत** भन्ने शीर्षकमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले वरिष्ठ अख्यानकार मदनमणि दीक्षितलाई पुरस्कृत गरेको छ[31] भनेर नेपाल समाचारपत्र दैनिकमा प्रकाशित गरेको छ ।

## ६ मोदनाथ प्रश्रित

पिता घनश्याम पौडेल र आमा बालिकादेवीको जेठो सुपुत्रको रूपमा वि.स.१९९९ असार ६ गते मोदनाथ प्रश्रितको जन्म भएको हो । पारिवारिक वातावरणमा रामायण र महाभारतका कथा सुन्नुले साहित्यतर्फ सानै देखी उनमा रुचि थियो । विभिन्न समयमा **कविता** प्रतियोगितामा भाग लिंदै साहित्यमा हात हालेका प्रश्रितले महाकाव्य समेत लेखेका

२९. संवाददाता, "दीक्षित पुरस्कृत", **अन्नपूर्ण पोष्ट**, शनिवार २९ माघ, २०६७, पृष्ठ ५ ।
३०. संवाददाता, "आख्यानकार दीक्षितलाई दण्डपाणि स्मृति पुरस्कार", **गोरखापत्र**, शनिवार २९ माघ, २०६७, पृष्ठ १० ।
३१. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, पूर्ववत्, वर्ष २, अङ्क २, २०६७, पृष्ठ ११६ ।

छन् । मार्क्सवादी, प्रगतिवादी चिन्तनबाट प्रभावित भएर उनको लेखन बढेको देखिएको छ । राजनीति र साहित्यलाई सँगै लैजान सफल व्यक्तित्वको योगदानलाई मूल्याङ्कन गरेर यस दण्डपाणि स्मृतिकेन्द्रद्वारा स्थापित वि.सं. २०६८ सालको **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** उनलाई प्रदान गरिएको छ । उनको व्यक्तित्वको कदर स्वरूप दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले यस वर्षको पुरस्कार प्रदान गरेको हो ।

## ७ महिला, दलित, गरिव तथा जेहेन्दार पुरस्कार

यसरी प्रत्येक वर्ष प्रदान गर्ने गरी निर्णय गरे बमोजिम यस स्मृतिकेन्द्रले आफ्नो कार्यलाई निरन्तरता दिँदै आएको देखिएको छ । राष्ट्रिय स्तरका व्यक्तित्वलाई मात्र पुरस्कृत गर्ने नभई यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**ले महिला, जनजाति र दलितहरुको उत्थानमा समेत सहयोग पुर्‍याउने उद्देश्य  राखेको छ ।[32] यसै उद्देश्य अनुरूप त्यस्ता प्रतिभाको कदर गर्दै पुरस्कृत गर्ने कार्य गरेको देखिएको छ । वि.सं. २०६३ सालको प्रवेशिका परीक्षामा गोरखा जिल्लाको सामुदायिक विद्यालयहरुमा अध्ययन गरी सर्वोत्कृष्ट अङ्क ल्याउने दलित छात्रालाई पुरस्कृत तथा सम्मान गरिएको छ । यस केन्द्रको निर्णय मुताविक २०६४/०७/१९ मा गोरखा जिल्लाको सभाहलमा स्मृतिकेन्द्रद्वारा आयोजित कार्यक्रममा नवजागृति चण्डी माध्यामिक विद्यालय अश्राङ्की छात्रा सविता परियारलाई पुरस्कृत तथा सम्मानित गरियो ।[33] यसरी ज्योतिष पण्डित स्व. दण्डपाणिको नामलाई चिरस्थायी बनाउने लक्ष्यका साथ स्थापना गरिएको यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले राष्ट्रिय स्तरको साथै स्थानीय स्तरमा पनि धेरै कामहरु गर्न सफल भएको देखिएको छ ।

दलित जागरणका योद्धा मानिने पण्डित अर्ज्याललले समाज सुधारमा गरेको कार्य र निभाएको भूमिकाको मूल्याङ्कन स्वरूप यो महिला वा दलित उत्थानको लागि उनको कदरलाई सम्मान गरी दलित छात्रालाई पुरस्कृत गरिएको हो ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र स्थापना हुनुपूर्व स्व.विद्वान्को नाममा स्थापित **जेहेन्दार पुरस्कार कोष स्थापना** २०५६ सालदेखि नै श्री शक्ति मा.वि.मा **दण्डपाणि नन्दकुमारी**

---

३२. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३३ ।

३३. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, पूर्ववत्, वर्ष २, अङ्क २, २०६५, पृष्ठ ११६ ।

**अर्ज्याल स्मृति पुरस्कार कोष** स्थापना गरेको थियो । उनका सन्ततिहरुबाट स्थापना गरिएको उक्त कोषबाट जेहेन्दार तथा गरिब छात्रछात्राहरुलाई सो पुरस्कार प्रदान गर्दै आएको छ ।

वि.सं. २०६२ सालमा स्थापना गरिएको यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रेले वि.सं. २०६३ सालदेखि **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** स्थापना गरेको देखिन्छ । यसरी राष्ट्रिय स्तरका व्यक्तिहरु बाहेक स्थानीय स्तरको प्रतिभाको उचित मूल्याङ्कन स्वरूप त्यस्ता व्यक्तिहरुलाई पनि पुरस्कृत गर्दै आएको देखिएको छ ।

## ३.२.६ विभिन्न क्षेत्रसँग सम्बन्धित विचारगोष्ठी सञ्चालन

गोरखाको पोखरीथोकमा जन्मिएका ज्योतिष पण्डित स्व.दण्डपाणि अर्ज्यालले नेपाली समाजलाई दिएको योगदान अनुसार यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना गरिएको छ । यस स्मृति केन्द्रले विभिन्न कार्य गर्ने लक्ष्यका साथ आफ्ना कार्यहरु गर्दै अघि बढेको छ । इतिहासका ज्ञाता तथा ज्योतिष पण्डितका नामले परिचित दण्डपाणि अर्ज्यालको नामलाई र उनले नेपाली समाजलाई दिएको योगदानको कदर स्वरूप स्मृतिकेन्द्र स्थापना गरिएको  हो । वि.सं. २०६२ सालमा स्थापित यस स्मृति केन्द्रले आफ्नो लक्ष्य अनुसारको कार्य गर्दै अघि बढेको छ ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्रले समाज सुधार, संस्कृत भााषा, धर्म, शिक्षा, संस्कृति, ज्योतिष शास्त्र, इतिहास, वंशवृक्ष आदि क्षेत्रमा समय-समयमा विविध कार्यक्रमहरु गर्न प्रयत्नशील रहने भन्ने भनाइसँगै आफ्ना कार्यहरु गर्दै आएको छ ।[34] विविध कार्य गर्ने लक्ष्यका साथ यस स्मृतिकेन्द्रबाट विभिन्न गोष्ठीको आयोजना गरेको देखिएको छ । यस स्मृतिकेन्द्रको आयोजना अनुसार ऐतिहासिक नगरी गोरखामा वि.सं. २०६४ साल कार्तिक १९ गते **नेपाल राष्ट्र निर्माणको वास्तविकता** विषयमा एक बृहत् इतिहास गोष्ठी सम्पन्न भयो । **बृहत् इतिहास गोष्ठी सम्पन्न** शीर्षकमा **सप्तगण्डकी आवाज** ( वर्ष १ अङ्क ५ मङ्सिर १–१५,२०६४ ) पत्रिकामा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र काठमाडौंको आयोजनामा गोरखा बजारमा कार्तिक १९ गते **नेपाल राष्ट्रनिर्माणको वास्तविकता** विषयमा एक बृहत् इतिहास गोष्ठी सम्पन्न भएको छ भनी प्रकाशित गरिएको छ ।[35] गोरखाका इतिहासविद्

---

३४. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १४२ ।
३५. सम्वादाता, "वृहत् इतिहास गोष्ठी सम्पन्न", **सप्तगण्डकी आवाज,** वर्ष १, अङ्क ५, मङ्सिर १–१५, २०६४ ।

तथा शिक्षासेवी दण्डपाणिको चिरस्थायीको कामना स्वरूप उनकै जन्मस्थान गोरखा जिल्लामा कार्यक्रम गरिएको थियो ।

कार्यक्रमको सभापतित्व श्री शिवहरि मरहट्टा रहेकोमा प्रमुख अतिथि श्री दोलखबहादुर गुरुङ्ग रहेको देखिन्छ । साहित्यकार विष्णुप्रभातद्वारा सञ्चालन गरिएको सो गोष्ठीमा **नेपालको एकीकरणमा गोरखालीको योगदान** विषयक कार्यपत्र श्री दिनेशराज शर्माले प्रस्तुत गरेका थिए ।[36] दोस्रो कार्यपत्र **नेपालको एकीकरण भ्रम र वास्तविकता** विषयमा श्री सुरेन्द्र के.सी.ले प्रस्तुत गरको देखिन्छ ।[37] राष्ट्रिय स्तरका उच्च व्यक्तित्वको सहभागिता भएको सो विचार गोष्ठीमा विज्ञ तथा इतिहासकारहरूद्वारा निकै चासो राखिएको थियो । त्यस कार्यक्रममा छलफल र टिप्पणी तिनै व्यक्तिहरुबाट भएको थियो ।

यस विचार गोष्ठीमा श्री गुरुङ्ग, सरोज देवकोटा, हरिहर अर्याल, मोहननारायण श्रेष्ठ, डा.हंसपुरे सुवेदी, दोलखबहादुर गुरुङ्ग, सुरेन्द्र के.सी., गोविन्द टण्डन, राजाराम सुवेदी लगायत विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

विचार गोष्ठीको आयोजना गर्ने क्रममा वि.सं. २०६५ कार्तिक ३० का दिन पद्मकन्या क्याम्पस बागबजार काठमाडौंको सगरमाथा बैठक कक्षमा **नेपाल राष्ट्रको निमार्णमा भावनात्मक पक्षको योगदान** विषयक बृहत् विचार गोष्ठी सम्पन्न भयो ।[38] यस गोष्ठीमा वरिष्ठ साहित्यकार एवं राजनीतिज्ञ मोदनाथ प्रश्रितद्वारा **नेपालको राष्ट्रिय एकीकरणका पूर्वाधारहरु** शीर्षकमा पहिलो कार्यपत्र प्रस्तुत गरिएको थियो ।[39] त्यसै गरी दोस्रो कार्यपत्र श्री ठाकुरप्रसाद पराजुलीले **नेपाल राष्ट्रको एकीकरणमा भाषा साहित्यको भूमिका विशेषत संस्कृत साहित्यका सन्दर्भमा** शीर्षकमा गरेको पाइन्छ । [40] यस कार्यपत्र माथि टिप्पणी डा. मुकुन्दराज अर्ज्याल र डा. वासुदेव त्रिपाठीले गरेको देखिन्छ । प्रमुख अतिथि विद्वान् मदनमणि दीक्षित रहेका थिए भने विशेष अतिथिहरुमा सत्यमोहन जोशी, तुलसीराम वैद्य रहेको पाइन्छ । उक्त गोष्ठीमा इतिहासकार ज्ञानमणि नेपाल, सुरेन्द्र के.सी., दिनेशराज पन्त, तेजेश्वरबाबु ग्वंग, रामप्रसाद पोखरेल, विष्णुराज आत्रेय, हेमाङ्गराज अधिकारी, माधवप्रसाद पोखरेल, रामशरण दर्नाल, शेषराज शिवाकोटी, प्रकाश वस्ती,

---

३६. विष्णु प्रभात र अन्य, पूर्ववत्, वर्ष १, अङ्क १, २०६४, पृष्ठ १३८ ।
३७. ऐजन ।
३८. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, पूर्ववत्, वर्ष २, अङ्क २, २०६५, पृष्ठ ११४ ।
३९. विष्णु प्रभात र राजेन्द्र प्रसाद अर्याल, पूर्ववत्, पृष्ठ ११५ ।
४०. ऐजन ।

टीकाराम अधिकारी, हंसपुरे सुवेदी, धर्मराज थापा, कुलप्रसाद कोइराला जस्ता विविध क्षेत्रका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

यस दण्डपाणि स्मृतिकेन्द्रले विचार गोष्ठीको आयोजना गर्ने क्रममा वि.सं. २०६६ साल कार्तिक २८ गते काठमाडौंको पद्मकन्या क्याम्पसको सभा कक्षमा **गण्डकी अञ्चलमा शिक्षाको विकास, परम्परा, परम्परा र प्रवृत्ति** विषयक गोष्ठी आयोजना गरेको थियो ।[41] प्रमुख अतिथिमा राष्ट्रकवि माधवप्रसाद घिमिरे रहेको पाइन्छ । उक्त गोष्ठीमा डा.राजाराम सुवेदीद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो । प्रस्तुत विषयको टिप्पणी शिक्षाविद् तीर्थ खनिया र टीकाराम अधिकारीबाट गरिएको थियो । उक्त गोष्ठीमा सभापति शिवहरि मरहट्टा रहेका थिए भने साहित्यकार विष्णु प्रभातद्वारा सञ्चालन गरिएको थियो ।[४२]

यस स्मृतिकेन्द्रले प्रत्येक वर्ष समसामयिक विषयमा गोष्ठीहरु सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा वि.सं. २०६७ साल असोज ६ गते पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंको सगरमाथा बैठक कक्षमा **सामाजिक क्षेत्रको विकासमा भौतिक पूर्वाधारको भूमिका** विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो ।

उक्त कार्यपत्र नेपाल सरकारका सचिव श्री शितल बाबु रेग्मीले प्रस्तुत गरेको पाइन्छ । उक्त कार्यपत्र माथि टिप्पणी दिनेशचन्द्र देवकोटा र भीमदेव भट्टबाट गरिएको थियो । उक्त कार्यपत्र माथि सामूहिक टिप्पणी भीमराज अधिकारी, तुलसीराम वैद्य, सुरेन्द्र के.सी., पार्थिवेश्वर तिमिल्सिना, बुंद राना, बुद्धिनारायण श्रेष्ठ, सरोज उपाध्याय, इन्दुविलास अधिकारी, श्रीप्रसाद धौभडे लगायतका विद्वान्हरुबाट गरिएको थियो ।[43]

प्रत्येक वर्ष विचार गोष्ठी सञ्चालन गर्ने क्रममा यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले २०६८ सालको गोष्ठीमा **नेपालको तान्त्रिक परम्परा** भन्ने कार्यपत्र प्रस्तुत गरेको थियो । यस स्मृतिकेन्द्रबाट वि.सं. २०६८ साल मङ्सिर २८ गते काठमाडौंमा आयोजित विचार गोष्ठीमा विश्वनाथ उपाध्यायले उक्त कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त कार्यपत्र माथि इतिहासकार एवं संस्कृतविद् डा. मुकुन्दराज अर्यालबाट टिप्पणी गरिएको थियो । यस कार्यपत्रमाथि अन्य विद्वान्हरुले पनि आ-आफ्नो तरिकाले टिप्पणी प्रस्तुत गरेका थिए । उक्त कार्यपत्रमा  वेदराज ज्ञावली, विष्णुराज आत्रेय, दुर्गाप्रसाद दवाडी, श्रीरामप्रसाद उपाध्याय, दुर्गाप्रसाद अर्याल,

---

४१. सीता अर्याल, "स्मृतिकेन्द्रका कार्यकलापहरु", **ज्ञानविन्दु**, वर्ष ३, अङ्क ३, २०६६, पृष्ठ १७२ ।
४२. ऐजन, पृष्ठ १७३ ।
४३. ऐजन, पृष्ठ १७३ ।

बमबहादुर थापा 'जिताली' माधवराज गौतम, जगदीश शर्मा, माधव लामिछाने लगायतका व्यक्तिहरुले टिप्पणी गरेका थिए ।

यसरी यस दण्डपाणि स्मृतिकेन्द्रले प्रत्येक वर्ष समसामयिक विषय माथि छलफल र निष्कर्ष निकाल्ने उद्देश्यले विचार गोष्ठी सञ्चालन गर्दै आएको छ ।

# चौथो परिच्छेद

# दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा प्रकाशित कृतिहरुको विश्लेषण

## ४.१ विषय प्रवेश

ऐतिहासिक नगरी गोरखा जिल्लामा जन्मिएका ऐतिहासिक व्यक्तित्वको नामलाई चिरस्थायी बनाउने उद्देश्यले वि.सं. २०६२ साल मा स्थापित **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**ले विभिन्न लक्ष्य र उद्देश्य राखेको छ । समाज सुधार, संस्कृत भाषा, धर्म, शिक्षा, संस्कृति, ज्योतिष शास्त्र, इतिहास, वंशवृक्ष आदि क्षेत्रमा समय-समयमा विविध कार्यक्रमहरु गर्न प्रयत्नशील रहने र त्यस क्षेत्रसँग सम्बन्धित कृति वा कृतिकारलाई सम्मान तथा पुरस्कृत गर्ने भनिए तापनि यस स्मृतिकेन्द्रले इतिहास र संस्कृति क्षेत्रमा मात्र सिमित नरहेर साहित्य जस्तो गरिमामय क्षेत्रलाई पनि फराकिलो बनाएको देखिएको छ । आफ्नो स्थापना कालको छोटो समयमा पनि विभिन्न साहित्यिक कृतिहरु प्रकाशन गरेर पाठक समक्ष पुऱ्याउने कार्य यस स्मृतिकेन्द्रले गर्दै आएको छ । वि.सं. २०६२ सालमा स्थापना गरिएको यस स्मृतिकेन्द्रले छोटो समयमा धेरै प्रगति गर्न सफल भएको देखिएको छ ।

साहित्यको फाँटमा कथा, कविता, निबन्ध, यात्रावृतान्त जस्ता साहित्यिक कृतिहरु प्रकाशित गरेर स्मृतिकेन्द्रले पाठक सामु पस्कन सफल भएको छ । समसामयिक विषयवस्तु समेटिएको 'ज्ञानविन्दु' जस्तो विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वको अनुभव, विचार, जिज्ञासा, राय, सल्लाह र सुझाव दिइएको गरिमामय पत्रिका प्रकाशित गरेर पाठक समक्ष हरेक वर्ष प्रदान गर्दै आएको देखिएको छ ।

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले साहित्यको क्षेत्रसँग सम्बन्धित कविता, कथा, निबन्ध, यात्रा वृतान्त जस्ता कृतिहरु प्रकाशित गरेको छ । यस स्मृतिकेन्द्रले ज्योतिष शास्त्र जस्तो तन्त्रविद्यासँग सम्बन्धित **दशमहाविद्या** प्रकाशित गरेर पूर्वीय शिक्षाको परिभाषा दिएको छ । यिनै ऐतिहासिक व्यक्तित्वको सम्झनामा उनकै जन्मशताब्दीको अवसर पारेर उनको व्यक्तित्वको कदर स्वरूप जन्मशताब्दी स्मृतिग्रन्थ **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ**

२०६३ प्रकाशित गरेको छ । हालसम्म यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट प्रकाशित कृतिहरु निम्न लिखित छन्।

## ४.२ दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा प्रकाशित कृतिहरु

| | |
|---|---|
| **दशमहाविद्या** | - ज्योतिष पण्डित स्व. दण्डपाणि अर्ज्याल |
| **स्वदेश तिमिलाई खोज्दछ** | - हरिहर अर्याल (कवितासङ्ग्रह) |
| **उपमा** | - सीता अर्याल (कथासङ्ग्रह) |
| **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ** | - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र |
| **फ्रान्सको भ्रमण मेरो संस्मरण** | - राजेन्द्रप्रसाद अर्याल (यात्रा वृतान्त) |
| **लण्डनमा मुटु दुख्दा** | - विकलचन्द्र आचार्य (आत्मकहानी) |
| **इटाली र अस्ट्रेलियाका रमाइला सम्झना** | - तुलसीनाथ घिमिरे (यात्रा संस्मरण) |

**पत्रिका**

ज्ञानविन्दु १ - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

ज्ञानविन्दु २ - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

ज्ञानविन्दु ३ - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

ज्ञानविन्दु ४ - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

ज्ञानविन्दु ५ - दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र

यस खण्ड मा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा प्रकाशित कृतिहरुको विश्लेषण गर्ने कार्य अनुसार हालसम्म स्मृतिकेन्द्रले प्रकाशित गरिसकेको कृतिहरुको चर्चा गरिएको छ ।

### ४.२.१ दशमहाविद्या, ज्योतिषशास्त्रको विश्लेषण

इतिहास र संस्कृतका ज्ञाता स्व. पण्डित दण्डपाणि अर्ज्याललाई ज्योतिषीको रूपमा पनि चिनिन्थ्यो । उनले पूर्वीय मान्यतामा आधारित ज्योतिषविद्या अन्तर्गतको 'दशमहाविद्या' जस्तो तन्त्रशास्त्रको उपयोगी कृति लेखेको पाइन्छ । अहिले वर्तमान अवस्थामा विज्ञानको आडमा बाँचेको संसारलाई तान्त्रिक शक्तिको बारेमा जानकारी गराउनु र ज्योतिष शास्त्रको महिमा देखाउनु पनि उनको देन रहेको छ । यो तन्त्र शास्त्र मात्र नभई दर्शन शास्त्र पनि

हो । तन्त्र शास्त्र अनुसार तन्त्र नै दर्शन शास्त्रको अन्तिम सोपानको रूपमा पूर्वीय विद्वान्हरुले हेरेको पाइन्छ । यस्तो गहनतम् चिन्तन बोकेको कृतिमा स्व. दण्डपाणि अर्ज्याललले सरस तरिकाले दशमहाविद्याको बारेमा व्याख्या गरेको पाइन्छ । यहाँ प्रस्तुत गरिएका विद्वान्हरुका विचार र मूल्याङ्कनलाई आधार मानेर विश्लेषण गरिएको छ ।

ज्योतिष पण्डित स्व. दण्डपाणि अर्ज्याललले तान्त्रिक शक्तिको बारेमा सरल र सरस होस् भनी दश सङ्ख्याको रहस्य बताएका छन् । यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले दशमहाविद्या जस्तो अति उपयोगी कृति प्रकाशन गरेर संस्कृत शिक्षा र पूर्वीय चिन्तनलाई चिनाउनमा थप सहयोग पुगेको देखिन्छ ।

दशमहाविद्या ग्रन्थको विषय सूची हेर्दा १६ भागमा विभाजन गरिएको देखिएको छ । विषय सूची अन्तर्गत भाग १ मा **दशमहाविद्या एक सरस ग्रन्थ** भनी प्रा.डा. दुर्गाप्रसाद दवाडीले 'दशमहाविद्या' को बारेमा आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् । यस पुस्तकको बारेमा कृतिकारले लेखेको भूमिकाको केही वक्तव्य उनले यस भागमा प्रस्तुत गरेको पाइन्छ । "यस्तो गम्भीर विषयमा कलम उठाउनु आडम्बर मात्र हो, हाम्रा वृद्ध वचनानुसार आफूले गरेको प्रचार भने अपराध लाग्दैन भन्ने विश्वास गरी यसमा भएका गल्ती अपराध सबै सज्जन महानुभावहरुको सामु प्रस्तुत गरेको छु ।"[44] भन्ने कुराको उद्गार गर्दै आफ्नो भनाइ प्रस्तुत गरेको कुरा व्यक्त गरिएको छ । यहाँ कृतिकारलाई विनीत स्वभावको देखाउँदै महाकवि कालिदासले रघुवंश महाकाव्यमा भनेका प्रसङ्ग कोट्याएका छन् । पूर्वीय विद्वान्हरुको नाम लिँदै यस दशमहाविद्या ग्रन्थ ग्रन्थिले मुक्त नभए पनि यस विषयमा भएको ग्रन्थिलाई 'श्लथीकृत दृडग्रन्थि' भनिएको छ ।

यहाँ तन्त्रसाधक वा तन्त्रविद्या सम्बन्धी जिज्ञासु पाठकलाई केही मात्रामा भने पनि उपयोगी हुने कुरा बताइएको छ । दर्शनको गहन रूपमा यसमा प्रस्तुत गर्दै दर्शन शास्त्रको अन्तिम सोपानको रूपमा तन्त्रविद्यालाई लिइएको छ । ईश्वरको स्वरूप कस्तो हो ? जीवको स्वरूप कस्तो छ ? विश्वको उत्पत्ति कसरी भयो ? सृष्टि र संहारको प्रक्रिया कसरी चल्छ ? जस्ता दार्शनिक प्रश्नहरुको बारेमा गरिएको चिन्तनसँगै तन्त्र पनि एउटा दर्शनको रूपमा प्रस्तुत भएको छ । आगम र निगम शब्दको अर्थलाई प्रस्तुत गरी आगमको अर्थ तन्त्र र

४४. दण्डपाणि अर्ज्याल, **दशमहाविद्या**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, २०६२, पृष्ठ ७ ।

निगमलाई वेदको रूपमा हेरिएको देखिन्छ । यसरी तत्वविचारको साथै मन्त्रको पनि विचार गरेर विस्तृत अर्थको जसले विचार गर्दछ र जसले रक्षा गर्दछ, त्यो तन्त्र भनिन्छ । [45]

आगम र निगमको व्याख्या गर्दै शिव पार्वतीको संवादको रूपमा आगमलाई लिइएको छ । निगमको रूपमा वेदलाई लिँदै वेद भित्रको संहिता, ब्राम्हण र उपनिषद् भागको रहस्य र मनु स्मृति शास्त्रको विषय पनि प्रस्तुत गरिएको छ । त्यसैले तन्त्र शास्त्रको विस्तार चौध हजार मानिएको छ । सृष्टि प्रकरण, प्रलय प्रकरण, विस्तार, ज्योतिष कल्प, ग्रह नक्षत्र आदि सबैको वर्णन तन्त्रशास्त्रमा पाइन्छ । तन्त्र प्रणेताका अनुसार तन्त्रलाई तिन भागमा शिवोक्त, वार्वत्युक्त र ऋत्याद्युक्त गरी विभाजन गरिएको छ । तन्त्रको मुख्य विषय भनेको शिव र शक्तित्वको विवेचन हो । दार्शनिक विवेचना गर्दा चेतन र जड मानिएको छ । त्यसैले चेतनालाई शिव र जडको शक्ति मानिन्छ । शिव कहिल्यै पनि शक्तिरहित हुँदैनन्, शक्ति पनि शिवदेखि पृथक् कहिल्यै हुन्नन्, शक्ति भएर नै शिवले भावहरुको आफ्नो इच्छाले सृष्टि गर्न सक्छन् । शैवशास्त्रमा शक्ति र शक्तिमानमा भेदको वर्णन गरिँदैन[46] भनेर शिव र शक्तिको बारेमा व्याख्या गरिएको पाइन्छ ।

शिव र शक्तिको  सम्बन्ध स्वीकार गर्दै वैशेषिक दर्शनले सात पदार्थ, न्यायले सोह्र, सांख्यले पच्चीस, योगले छब्बीस र मीमांसामा पाँच मानिएका छन् भने गुरु प्रभाकरले आठ मानिएका पाइन्छ । [47] यसरी वेदान्तले पदार्थ स्वीकार नगरे पनि तन्त्रदर्शन अनुसार विचार गर्दा छत्तीस पदार्थ स्वीकार गरेको पाइन्छ । यसमा एक मात्र शिवतत्व रहेको र त्यस शिवमा सृष्टिको इच्छा उत्पन्न भएर पराशक्तिको उत्पत्ति हुन्छ । त्यस पराशक्तिलाई नै शैव दर्शनमा र तन्त्रशास्त्रमा शिवतत्व, परविन्दु, परमाया, शुद्धमाया, महामाया, कुटिला, कुण्डलिनी आदि शब्दले भनिन्छ र उनले शुद्धाध्वको शरीर भुवन योगस्थान भोगोपकरणको उपदानकारण भएर उत्पन्न गर्छिन् । [48] पुरुष र प्रकृतिको उत्पत्ति पछि तेइस तत्त्व उत्पन्न हुन्छ । यसप्रकार पराशक्ति देखि लिएर पृथ्वीसम्मका जड छत्तीस तत्त्व शैवतन्त्रहरुमा प्रसिद्ध छन् । [49] तन्त्र वा आगमका दृष्टि अनुसार समग्र सृष्टि संसार मानिएको छ । त्यस अन्तर्गत ३६ तत्त्व र त्यसभित्रका सबै भुवनहरु संसारका अन्तर्गत मानिएको छ । भुवनहरूको

---

४५. ऐजन ।
४६. ऐजन, पृष्ठ ११ ।
४७. ऐजन ।
४८. ऐजन ।
४९. ऐजन, पृष्ठ १८ ।

समष्टिलाई ब्रम्हाण्ड मानिएको पाइन्छ । शिव र शक्ति रूपमा प्रकृति र पुरुषको वर्णन गर्दै चेतन र जडको बारेमा व्यक्त गरिएको छ ।

सृष्टि पछिका कार्यमा ब्रम्हा, विष्णु र महेश्वर मानी सृष्टि, पालन र संहार पनि म नै हुँ भन्ने भान यहाँ पाइन्छ । बीज र अङ्कुरलाई शिव र शक्तिको रूपमा लिँदै शिव ज्ञानशक्ति र शक्ति क्रियाशक्ति मानिएको छ । त्यसै बाट अहम्को अभिव्यक्ति हुन्छ । यसमा अ देखि ह सम्मका सम्पूर्ण वर्णहरु समाहित छन् । अ देखि ह सम्मको लिपिले शिवशक्तिलाई बुझाउँछ ।

श्रीचक्रमा नौत्रिकोण  हुन्छन् जसमा चार त्रिकोण शिवकार पाँच त्रिकोण शक्तिका हुन्छन् । श्री यन्त्रमा शिव र शक्तिका चक्रहरु अविनाशी रूपमा रहेर विन्दु र त्रिकोण शिवशक्ति मानिएको छ । शिव र शक्तिलाई काम र कलाको रूपमा हेरेर काम कामेश्वर शिव हुन् भने कला भगवती त्रिपुरासुन्दरी ललितादेवी मानी यी दुईको विलास कामकलाको विलास हो भनिएको छ ।[50]

यसरी यस दशमहाविद्या श्रीयन्त्रको प्रमाणिक रूपमा विवेचना गरिएको छ । श्री विद्याको उपासनामा दशविद्याको उपासना भनी तन्त्र शास्त्रमा वर्णन गरिएको हुँदा दशविद्याका नाम काली, तारा, षोडसी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धुमावती, वंगलामुखी, माताङ्गी, कमला यी १० महाविद्याको उल्लेख द्वितीय मुण्डमालामा पाइन्छ । यस दशमहाविद्याका ग्रन्थकारले उल्लेख गर्दा भुवनेश्वरी, छिन्नमस्ता र त्यसपछि भैरवीको नाम राखेको पाइछ ।

विद्वान् दुर्गाप्रसाद भण्डारीले तान्त्रिक शक्ति र ज्ञानको बारेमा बताउँदै यस दशमहाविद्यामा कृतिकार अर्ज्याललले श्रीयन्त्र निर्माण विधि र श्रीयन्त्रमा राजराजेश्वरी परम भट्टारिका ललितमहात्रिपुरासुन्दरी देवीको पूजा विधानलाई लिइएको बताएका छन् । यस्ती महामाया जगदम्बा भवानीको बारेमा सरल र सरस बनाउने कोसिस गरेका लेखकलाई धन्यवाद दिँदै शास्त्रीय लेखनको चर्चा गर्न पाएको बारेमा जानकारी दिएका छन् ।

जसरी परिभाषित गरे पनि यस दशमहाविद्याले आगम र निगमको बारेमा बताउन खोज्दै शिव र शक्तिको बारेमा प्रस्तुत गर्न खोजेको देखिन्छ ।

---

५०. ऐजन ।

भाग २ मा डा. विष्णुराज आत्रेयले लेखकप्रति र स्मृतिकेन्द्रलाई आफूले दुई शब्द लेख्ने मौका दिएकोमा आभार व्यक्त गर्ने काम भएको छ । अर्ज्याल वंशलाई ज्योतिष विद्वान्हरुको रूपमा मात्र नभई तन्त्रविद् र तन्त्र शास्त्रका ज्ञाताको रूपमा रहेका बताएका छन् । पण्डित नारायणदास अर्ज्यालका वंशज दण्डपाणि अर्ज्यालले **दशमहाविद्या** जस्तो पूर्वीय दर्शनको उत्कृष्ट ग्रन्थ मानिएको कुरा व्यक्त गर्दै यस्तो तान्त्रिक ग्रन्थमा ग्रन्थकारले सरल र सरस तरिकाले विद्या रहस्य, दशमहाविद्या प्रकरण, श्रीविद्या महिमा, श्री यन्त्र प्रकरण, महासरस्वती जस्ता मूल प्रकरण शीर्षक र त्यसका अवान्तर उपप्रकरण शीर्षक दिएर साथै यथास्थानमा आवश्यक चित्र, लेखन विधि समेत खुलाइ दिएर पुस्तकलाई सर्वाङ्ग सुन्दर बनाइदिएको कुरा व्यक्त गरिएको छ । [51]

तेस्रो भागमा लेखकले आफ्नो भनाइ प्रस्तुत गरेको पाइन्छ । वैदिक कालदेखि स्वतन्त्र रहि आएको नेपाल धर्म र संस्कृति मान्दै आएको छ । धर्म संस्कृतिको सारतत्त्व शक्ति तत्त्व हो । विना शक्ति संसारको कार्य संभव नहुने र धर्मको आडमा शिव, विष्णु, ब्रम्हा, राधा-कृष्ण, राम-सीता, लक्ष्मीनारायण आदि शक्ति मानेर पूजा सेवा भजन गर्दछौं । आफ्नो वंश परम्परागत शक्तिको प्रभावले यस ‘दशमहाविद्या’ भित्र महामायाको दश अवतारको बारेमा आफूले जानेसम्मको कुराहरु संक्षिप्त तरिकाले प्रस्तुत गर्ने जमर्को गरेको कुरा लेखकले यहाँ उल्लेख गरेका छन् । यसमा लेखकले विज्ञ महानुभावको परामर्श नलिई आफ्नो बुताले सकेको जति पस्कन खोजेको पाइन्छ । यसरी लेख्दा त्रुटि भएमा क्षमा दिनु र अपराध नलाग्ने भाव विनीत स्वरमा व्यक्त गर्दै दशमहाविद्या मध्ये विशेष सृष्टिविद्या षोडशी ( त्रिपुरासुन्दरी ) श्री विद्याको महिमा र यिनको मन्त्र महिमा ( श्री यन्त्र ) लेख्ने तरिका मन्त्र सहित श्री यन्त्र पनि दर्शाइएको छ । [52]

चौथो खण्डमा यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले ज्यो. पण्डित दण्डपाणि अर्ज्यालका कृतिको अन्वेषण र प्रकाशन गर्ने लक्ष्य अनुसार ‘दशमहाविद्या’ जस्तो उत्कृष्ट कृति प्रकाशन गर्न सफल रहेको बताएको छ ।

विज्ञानको युगमा पनि शक्तिद्वारा संसार चल्न सक्ने तान्त्रिक र धार्मिक प्रसङ्ग यसमा प्रस्तुत गरेको कुरा उल्लेख गरिएको छ । शिव र शक्तिको महिमा देखाउँदै आगम र निगमको बारेमा प्रस्तुत गरिएको छ । दशमहाविद्या पुस्तकको मर्म र महत्त्व बताइदिने विद्वान्

---

५१. ऐजन, पृष्ठ २४ ।
५२. ऐजन, पृष्ठ २६ ।

दुर्गाप्रसाद भण्डारी र विष्णुराज आत्रेयमा धन्यवाद दिंदै साहित्यकार  विष्णु प्रभात र सँधै लगनशील भएर लागि रहने छोराहरुप्रति दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले आभार प्रकट गरेको कुरा व्यक्त गरिएको छ ।

पाँचौं खण्डमा दशमहाविद्याको बारेमा सरल पार्ने कोसिस गर्दै सृष्टिचक्रको कुरा प्रस्तुत गरेको पाइन्छ । यस भागमा श्रीआदिशक्ति महामाया सर्वाश्वरीका प्रसादले ब्रम्हा, विष्णु, महेश्वर आदि देवता चराचर जगत् आफ्नो आफ्नो कार्य सम्पन्न गर्न सशक्त हुन्छन् । जुन शक्ति स्थूलस्वरूप ब्रम्हाण्डदेखि लिएर विभाजन गर्न नसकिने सुक्ष्मभन्दा पनि अतिपर सर्वव्यापक छ  भन्ने भाव यहाँ व्यक्त गरिएको छ । जसको चमत्कारकारले विश्व ब्रम्हाण्डमा अनेकौं चमत्कार भएको कुरा र यस्ता महामायारूपी दशअवतारको वर्णन गरिएको छ । आजको विज्ञानको युगमा संसारको सृष्टि र सृष्टिक्रियालाई क्रमिक विकासको रूपमा लिएको छ । यहाँ शक्तिको महिमा बताउँदै शक्तिद्वारा संसारको चक्र चलेको कुरा उल्लेख छ । ताप अग्निको धर्म, प्रकाश सूर्यको धर्म, थाम्नु पृथ्वीको धर्म हो भने धर्म नष्ट भएमा संसार चल्न नसक्ने बताएको पाइन्छ । सृष्टिको आदिमा शब्द र अर्थ सृष्टि भयो । शब्द राशि वेद हो । यिनै वेदबाट हिन्दू धर्मको प्रादुर्भाव भई विद्वान् महर्षिको जन्म संसारमा भएको बताइएको छ ।

यस्तै वैदिक सनातन धर्म हिन्दु धर्मले मात्र सूक्ष्मातिसूक्ष्म मर्म र वैज्ञानिकता बुझ्न सक्ने हुँदा त्यस्तो विवेक आध्यात्मिक ज्ञानबाट हुने कुरा बताएको यसमा निगम र आगमको बारेमा  जान्न तन्त्र शास्त्रको रहस्य थाहा पाउनु पर्ने कुरा व्यक्त गरिएको छ ।

यस भागको उपभागमा 'निगमागम रहस्य' शीर्षक राखी सूर्य विद्या नै निगम हो भनिएको छ । भू, भूर्व, स्व यी तीन लोकबाट प्रजाको सृष्टि हुने कुरा बताइएको छ । पृथ्वीमा अग्निको सत्ता छ, अन्तरिक्षमा चन्द्रमाको सत्ता छ, द्युलोकमा सूर्यको सत्ता छ यी तिनै लोकमा मनुष्य, पितृ र देवस्यको वास हुने कुरा बताइएको छ । यसमा आगम र निगमको कुरा गर्दा विद्वान्हरुका अनुसार वेदलाई निगम र तन्त्रलाई आगम भनिन्छ, वेद अपौरुषेय मानिएको छ र आगम अर्थात् तन्त्र शिव र पार्वतीको संवादको रूपमा आएको छ । वास्तवमा निगम र आगम दुवै सृष्टि विद्या हुन् । [53] यसरी आगम र निगमको रहस्य बताइएको पाइन्छ ।

---

५३. ऐजन, पृष्ठ ३८ ।

'पृथ्वी विद्या नै आगम हो' भनी निगमशास्त्र सूर्यलाई प्रधान मानेर सारा विश्वको निरूपण गर्छ, आगमशास्त्र पृथ्वीलाई प्रधान मानेर अगाडि बढेको हुन्छ, भन्दै पिता सूर्य र माता पृथ्वी हुन् भन्ने भाव प्रस्तुत गरिएको छ । पृथ्वी माता हुन् शक्ति हुन्, सूर्य पिता हुन् शिव हुन् त्यसैले शिवको शिवत्व शक्तिको समन्वयमा भर परेको हुन्छ भनिएको छ ।

विद्या रहस्यमयमा महाशक्तिविद्या नाम भएकी शक्तितत्त्वको बारेमा बताइएको छ । ज्ञानघन, क्रियाघन, अर्थघन यी तत्त्व विशेष ब्रम्ह हो । सर्वज्ञानमय, सर्वक्रियामय, सर्वार्थमय भएर रहेको छ भने अर्को अर्थमा मन, प्राण, वाङ्मयमा रहेको छ भनी बताइएको छ । यही सत्चित्त र आनन्दको समष्टि नै सचितानन्द ब्रम्ह हो भनी कलामा प्रस्तुत गरिएको छ । ब्रह्मा, इन्द्र, विष्णु, अग्नि र सोमबाट संसार सृष्टि र अक्षरको बारेमा व्यक्त गरिएको छ । साकार र निराकार रूपबाट स्वरूपको बारेमा व्यक्त गरिएको छ ।

दश संख्या रहस्यमा पाँचअक्षर वेदरूपमा परिणत भइ ऋक, यत, जू, साम, अप, वायु, सोम, अग्नि, यम आदित्य भेदले दशकलामा परिणत भएको बताइएको छ ।

दशमहाविद्या प्रकरणमा महाकाली, उग्रतारा, षोडशी, भुवनेश्वरी, छिन्नमस्ता, भैरवी, धूमावती, वंगलामुखी, मातङ्गी र कमला गरी दश महाशक्तिको बारेमा उल्लेख गरिएको छ ।[54] दश महाशक्तिको सृष्टि क्रिया र शक्ति तत्त्वको बारेमा व्यक्त गरिएको छ ।

श्रीविद्या महिमा भनेर श्रीविद्यालाई ११ भागमा प्रस्तुत गरिएको छ । श्रीविद्या नै ब्रम्हाविद्या हो भनि पहिलो अङ्कमा भनिएको छ । श्री भनेको नै त्रिपुरासुन्दरी हो भन्ने अर्थ लगाएको छ । आत्मशक्तिको रूपमा श्रीविद्यालाई लिएको देखिन्छ । कामेश्वरीको हतियार, रहस्यपूजा विधि, आत्मशक्तिको चतुर्थिरूप, गुरुमन्त्र र देवतामा अभेद भावनाको रहस्य, कामराज विधाको स्वरूप, त्रिपूरा आत्मशक्तिको बारेमा, चिच्छत्ति रूप, लिलावतार जस्ता विभिन्न शक्ति, रहस्य र श्रीविद्याको महिमा प्रस्तुत गरिएको छ ।

श्रीयन्त्र प्रकरणमा शक्ति चक्ररूप र शिवचक्ररूप गरी त्रिकोण आकारमा नौ मुखको बनाइन्छ । यी नौ मुखमा विन्दु, त्रिकोण, अष्टार अन्तरदशार, बर्हिदशार, चर्तुदशार, अष्टदल, षोडशदल, भूपूर गरी नवचक्रको सम्मिलनबाट श्रीयन्त्र को निर्माण हुने बताइएको छ । नवचक्रको स्वरूपमा विन्दु, महाविन्दु मूलकारण महात्रिपुरासुन्दरी कामेश्वर कामेश्वरी

---

५४. ऐजन, पृष्ठ ५३ ।

जगतकी मूल योनि तथा शिवभावको बारेमा बताइएको छ । यी सम्पूर्ण चक्रको एक महाविन्दुमा अर्न्तभाव भई एउटै शक्तित्वमा परिणत हुन्छ ।

श्रीयन्त्र लेखन विधि र प्रकारमा श्रीयन्त्र लेखनको ज्ञान दिएका हुन् । दिशा ज्ञान, शक्ति त्रिकोण, शिव त्रिकोण, अन्तर्दशार विधि, चर्तुर्दशार विधि सबैको बारेमा यस दशमहाविद्यामा उल्लेख गरिएको छ । संहारक्रमबाट श्रीयन्त्र लेख्ने विधिमा चक्रहरुको वर्ण अष्ठमावरण त्रिकोण चक्र, सप्तमावरण अष्ठकोण चक्र, षष्ठावरण अन्तर्दशारचक्र, पञ्चमावरण वहिर्दशारचक्र, चतुर्थावरण चतुर्दशारचक्र, तृतीयवरण अष्टदलचक्र, द्वितियावरण षोडशदल चक्र, प्रथमावरण भूपर चक्रम् गरी श्रीयन्त्रको लेखन विधि बताइएको छ ।

तन्त्रको प्रसङ्ग र रहस्यमा शक्ति र सूर्यको बारेमा बताइएको छ । शक्तिबाट नै विश्व सृष्टिक्रम चलिरहेको छ । शक्ति छिण हुनासाथ सबै मुर्दा समान हुने हुँदा शक्तिको आवश्यक देखाइएको छ । सूर्यको तापबाट शक्ति प्राप्त भए जस्तै शब्दशक्ति वा मन्त्रबाट जागृत गराउन सकिने हुँदा सुषुप्तबाट जागृत गराउन शक्तिको महिमा उल्लेख गर्दै तन्त्रको बारेमा व्यक्त गरिएको छ ।

**परिशिष्ट (क)** मा महासरस्वती तत्त्व भनी मातृभाव, नदीभाव, देवीभाव यी तिन भावको बारेमा व्याख्या गरिएको छ ।  विश्वमा सर्वश्रेष्ठ मातृशक्ति नै मातृभाव हो जसबाट पालनपोषण हुन्छ । आफ्नो गतिमा निरन्तर लागेर सृष्टि गर्नु नदीको गति जस्तै शक्तिको वर्णन गरेर गन्तव्यमा पुग्न सकिने भाव देखाइएको छ ।

देवीत्तमा भनि देवीहरुमा श्रेष्ठ र ब्रम्हारूपी भई सबैतिर उज्यालो वा प्रकाश छर्न सक्ने शक्तिरूपमा प्रस्तुत गरिएको छ । यसरी सम्पूर्णको रूप सरस्वती हुन् भनिएको छ ।

विद्याशक्तिको रूपमा **विद्या नै परमपद हो, विद्या नै परम तत्त्व हो, विद्या प्राप्ति नै मनुष्य जीवनको चरम लक्ष्य हो** भन्ने भाव प्रस्तुत गरिएको छ । विद्या नै सम्पूर्ण शक्तिको मूल हो , उनी सच्चितानन्दरूपा हुन्, अग्नि र दाह शक्तिको सम्बन्ध जस्तै ब्रम्हा र विद्याको सम्बन्धको बारेमा बताइएको छ । यस्तो विद्यामा अधिभौतिकी विद्या, आध्यात्मिक विद्या, अधिदैविकी विद्या गरी विद्यारूपको वर्णन गरिएको छ ।

विद्यादान महिमा विद्या जति ठुलो केही छैन, जवसम्म विद्याप्राप्त गरिंदैन तवसम्म मानव अन्धकारबाट उज्यालोमा आउन सक्दैन । यस्तो विद्या मानव कर्ममा महत्त्वपूर्ण छ ।

असल र ज्ञानी मान्छेले प्राप्त गरेको विद्या अरूलाई दिन सकेमा उसलाई त्यसभन्दा ठुलो पुण्य केही हुँदैन भनेर विद्यादानको महिमा यस भागमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत दशमहाविद्या ग्रन्थमा ज्योतिष पण्डित स्व. दण्डपाणि अर्ज्यालले तन्त्रशास्त्र जस्तो जटिल विषयलाई सरस बनाउन छुट्टाछुट्टै विषय अनुसार परिचय र विवेचना गरेको देखिन्छ । यस्तो जटिल विषयको लागि विश्लेषण गर्नु फलामको चिउरा सावित रहेको छ । जेहोस् **ब्रम्हा सत्य र जगत मिथ्या** भने जस्तै शिवत्व र शक्तिबाट नै संसारको चक्र चलेको कुरालाई व्यक्त गरिएको छ ।

## ४.२.२ हरिहर अर्यालको 'स्वदेश तिमीलाई खोज्दछ' (कवितासङ्ग्रह) को विश्लेषण

स्व.ज्योतिष पण्डित दण्डपाणि अर्ज्यालका साहिला सुपुत्रको रूपमा वि.सं. २००६ साल पौष २७ गते गोरखाको पोखरीथोकमा जन्म भएका कवि हरिहर अर्याल साहित्यिक व्यक्तित्वका रूपमा चिनिन्छन् । साहित्यमा सानै देखि रुची राख्ने कविले एम ए. बी एड. सम्मको अध्ययन पुरा गरेका छन् । युवा अवस्थामा नै विदेशी भूमिमा पुगेका हरिहर अर्याल हालसम्म पनि विदेशमा नै बस्दै आएका छन् । अर्यालले गैह्र आवासीय नेपाली भएर बस्दै आएता पनि फ्रान्सेली भाषामा 'बोंजुर' भन्ने कृति प्रकाशन गरिसकेको देखिन्छ । यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले साहित्यिक कृति प्रकाशन गर्ने क्रममा कवि हरिहर अर्यालको **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रह प्रकाशित गरेको छ ।

स्वदेशमा बस्दा देखि नै कविता सिर्जना गरेका कविले विदेशमा रहेर पनि आफ्नो सिर्जन कार्यलाई निरन्तरता दिएको पाइन्छ । **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रह कविले वि.सं. २०२७ देखि २०६२ सालसम्मका कविता सङ्कलन गरेर प्रकाशित गरेको देखिन्छ । यस कविता सङ्ग्रह भित्र कविले कवितालाई तीन खण्डमा विभाजन गरेको देखिन्छ ।

**पद्य - कविता खण्ड**

**गद्य - कविता खण्ड**

**लघुकाव्य - खण्ड**

पद्य कविता खण्डमा ३४ वटा छन्दाबद्ध कविता सङ्कलित छन् भने गद्यखण्ड अन्तर्गत १८ वटा मुक्त र गद्यलयका कविता सङ्कलित छन् । लघुखण्डकाव्य अन्तर्गत भने **गौरवशाली नेपाल** नामको लामो कविता समावेश छ । अनुष्टुप् छन्दको पद्यात्मक लयमा यहाँ कविता प्रस्तुत भएको छ । यसरी कविले कविता सङ्ग्रह भित्र तीन खण्डमा विभाजन गरेर कविता लेखेको पाइन्छ । पद्य कवितामा छन्दोबद्ध, छन्दोमुक्त र सांस्कृतिक वर्णमात्रिक छन्द स्रग्धरा, शार्दुलवीक्रिडीत, अनुष्टुप् र मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको देखिन्छ । मात्रिक लयमा चौपाइ छन्दको प्रयोग गरिएको छ । धेरैजसो कवितामा लोकलय अन्तर्गत झ्याउरे, सवाई र चुड्का छन्दको प्रयोग गरिएको पाइन्छ ।

## ४.२. २.१ लयको आधारमा कविताहरुको वर्गीकरण

कवि हरिहर अर्यालले **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रहमा तिन किसिमले वर्गीकरण गरेका छन् ।

क) पद्यात्मक खण्ड

ख) गद्यात्मक खण्ड

ग) लघुकाव्य खण्ड

### क) पद्यात्मक खण्ड

यस पद्यात्मक खण्डभित्र कविले ३४ वटा कवितालाई समावेश गरेको पाइन्छ । यी कविताहरुमा वार्णिक, मात्रिक र लोकलय गरी तिन किसिमका लय प्रस्तुत गरिएको छ । यस कविता सङ्ग्रह भित्र स्रग्धरा, शार्दुलवीक्रिडीत, अनुष्टुप् र मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ भने मात्रिक छन्द अन्तर्गत चौपाइ छन्दको प्रयोग गरिएको छ । लोकलय अन्तर्गत झ्याउरे, सवाई र चुड्का छन्दको प्रयोग गरिएको पाइन्छ । यी सङ्ग्रह भित्रका कविता मध्ये पद्य खण्ड कविता अन्तर्गतका कविताहरु निम्न छन् ।

श्रम र सीप स्वदेश मै लगाऔं, स्वतन्त्रता सङ्ग्राम, धरती माताको सन्देश, म नेपाली हुँ, यहाँ के छैन ?, स्वदेश तिमीलाई खोज्दछ, धर्म के हो ?, शुभकामना, साइकल मन, प्रेमपत्र, रत्नपार्क, स्वर्ग कहाँ छ ?, भाग्यको रेखा, दुई टुक्रा, घण्टाघर, गाइजात्रे शुभकामना, मलाई चिन, धरती चिनेन, पृथ्वी र नारायणप्रति, हामी खम्बा, नेपालको बानी, माटो, नेपाली दियालो, बाल प्रणगीत, नराम्रो कहाँ छ ?, शान्तिको देश, माटाको गीत, आगो फुक्नु छ, हामी र हाम्रो, आमा, आत्मा, बनाऊँ हाम्रै घर, मृत्युशइया, सही सन्देश, पथप्रदर्शक पथिक, वर्षा गरी ३४ वटा कविताहरु समावेश भएका छन् ।

### ख) गद्यात्मक खण्ड

यस सङ्ग्रहमा सङ्कलित गद्य कविताखण्डमा आन्तरिक लय वा अन्त - सङ्गीतको झङ्कार पाइन्छ । अनुप्रास-अन्त्यानुप्रासको सफल प्रयोजन कविले यो कविताहरुमा गरेको पाइन्छ । यस खण्डभित्र परेका कविताहरु तिमी आउँदा, हिङ बाँधेको टालो, हामी गोठाला, कानेखुसी, ऊ पण्डित हो, देशप्रेम, स्वागत नवबन्धुलाई, ब्यूँझ नेपाली, के जिन्दगानी ?, दशैं कहाँबाट आयो ?, ए ! वीर फेरि आऊ, नीच मुकुण्डा, तीन युगको मेरो नेपाल, गुलाफको फूलप्रति, बुझ्ने को ?, आ-आफ्नो डम्फू, बुझ्नेहरु गरी १८ वटा कविताहरु संकलित छन् ।

### ग) लघुकाव्य

कविले यस सङ्ग्रहमा लघुकाव्य भनेर **गौरवशाली नेपाल** शीर्षकको लामो कविता समावेश गराएका छन् । अनुष्टुप् छन्दमा कविले आफ्नो देश नेपालप्रतिको महिमा प्रस्तुत गरेको पाइन्छ ।

## ४.२.२.२ भाव, विचारको आधारमा

कवि हरिहर अर्यालले **स्वदेश तिमीलाई खोज्दछ** शीर्षक राखेर कविताहरु सङ्कलन गरेका हुन् । उनले शीर्षकले नै सार्थकता पाउने गरेर आफू विदेशी भूमिमा जानु परेको र स्वदेशले भने आफूलाई बोलाइ रहेको भाव कविताको माध्यमबाट व्यक्त गरेको देखिन्छ । उनले देशप्रतिको कर्तव्य र देशभक्तिको भावलाई आफ्ना कविता मार्फत उजागर गर्न खोजेको देखिन्छ । आफू जस्तै रोजगारीको लागि बिदेशिएका नेपालीहरुप्रति आफ्नो देश, समाज र संस्कृतिको बारेमा सचेतना जगाउँदै स्वदेशले तिमी जस्ता कर्मठशील

व्यक्तित्वलाई खोजेको छ भन्ने लक्ष्यार्थ बोध गराउँदै आफ्ना भावनाहरु कविता मार्फत पोखेका छन् ।

'श्रम र सिप स्वदेशमै लगाऔं' भन्ने शीर्षकमा गोरखाली वीरको नाताले सिप, श्रम र बुद्धि आफ्नो देशमा लगाउनु पर्दछ । कृषि प्रधान देश भएर कृषिमा हलो, कुटो र कोदालो चलाइ श्रम सिप खर्चेर उब्जाउन सकौं, घरबुना र ऊनको काम स्वदेशमै गरौं भन्ने भाव कविता भित्र पोखेको पाइन्छ । स्वतन्त्रतामा बाँचेको नेपाललाई राणाहरुको पञ्जाबाट मुक्त गर्न रगतको खोलो बगाइ फाँसीमा चढेर पनि जनताले देशलाई स्वतन्त्रता दिए भन्ने भाव 'स्वतन्त्रता सङ्ग्राम' शीर्षक कवितामा पोखेका छन् । धरती माताको सन्देश शीर्षकमा मानिस भएर सत्कर्म गर, जस्तोसुकै अप्ठ्यारोमा पनि म सहन सक्दछु भन्ने सन्देश दिएको छ । 'म नेपाली हुँ' भन्ने शीर्षकमा कविले यो सानो देशमा अशान्ति छायो, स्वाभिमानी नेपालीमा आँच आउन लागेको हुँदा करोडौं जनता जुमुराएर उठ्ने बेला भएको भाव व्यक्त गरिएको छ । यहाँ के छैन? जे पनि छ तर अवसर सबैलाई छैन भन्ने भाव पोखिएको देखिन्छ । स्वदेशले तिमीलाई खोजिरहेको छ र विदेशी भूमिबाट स्वदेशमै फर्क ममता र राष्ट्रमाता नबिर्स भनिएको छ । धर्मलाई उपयोग गरेर आडम्बरपन नदेखाई स्वच्छ सत्कर्ममा लाग्नु धर्म हो भन्ने कुरा देखाएका छन् । वि.सं.२०४३ सालको शुभकामना सन्देशमा कविले आफ्नो फ्रान्स बसाइबाट सबै नेपालीलाई 'शुभकामना कविता ' मार्फत पठाएको देखिन्छ । साइकलको पाङ्ग्रा जस्तै मानवको मनरूपी पाङ्ग्राको वयान गरिएको छ भने प्रेमपत्रबाट प्रेमप्रणयका कुराहरु प्रस्तुत गरिएको छ । यसरी कविले रत्नपार्क, स्वर्ग कहाँ छ ?, भाग्यको रेखा, दुई टुक्रा, घण्टाघर, गाइजात्रे शुभकामना, मलाई चिन, भन्ने कविता पनि काठमाडौं बसाइको क्रममा लेखेको पाइन्छ । मान्छे भएर मान्छे चिनेन भन्दै 'धरती चिनेन' भन्ने कविता लेखेका छन् भने पृथ्वीनारायण शाहको श्रद्धाप्रति 'पृथ्वी र नारायणप्रति' भन्ने कविता लेखेको देखिन्छ । हामी खम्बा बन्न सक्ने सोचाइ सौर्य साहसी नेपालीको बानी र आफू जन्मेको माटोको महत्त्व पनि कवितामा समेटेको पाइन्छ । नेपाली दियालो, बालप्रणगीत, नराम्रो कहाँ छ ?, शान्तिको देश, माटाको गीत, आगो फुक्नु छ, हामी र हाम्रो जस्ता कविताबाट राष्ट्रियताकै महिमा गाएको पाइन्छ । आमाको मृत्युमा शोकाकुल कविले 'आमा' शीर्षकको कवितामा प्रस्तुत गरेका छन् भने धर्म संस्कृतिका कुरा जोड्दै 'आत्मा' शीर्षकको कवितामा ब्रम्हा सत्य जगत मिथ्याको भावना व्यक्त गरिएको छ । जसरी मौरीहरु मिलेर घरको निर्माण गर्दछन् त्यसैगरी मानव भएर आफ्नो घर आफैं बनाउन सक्नु पर्ने भाव व्यक्त

गरेका छन् भने देशको लागि जुटेर आफ्नो धर्म र संस्कृति जोगाउने भाव पोखेको पाइन्छ । 'मृत्युशैया' शीर्षक कवितामा कविले मानव आखिर मै भन्ने राजा महाराजा, सन्त, महन्त सबैले पनि यस संसार छोडेर मृत्युशैयामा जानुपर्ने वाध्यता देखाउँदै यसमा कृष्ण र बुद्धको पनि तागत नभएको बताएका छन् । जसले सही मार्गदर्शन दिन सक्यो त्यसबाट नै बालकले दिशाबोध गर्न सक्ने र रिस, द्वेष, रागबाट मानव जीवन सुखी नहुने व्यक्त गरिएको छ । यही सही सन्देश कविताका माध्यमबाट कविले मानवमा हित र कल्याण हुने कुरा दिन सकेमा मात्र अमर बन्न सकिने भाव व्यक्त गरेका छन् ।

क्रान्ति र स्वतन्त्रताको बारेमा लडेर देशमा स्वतन्त्रता आएको र नेपालीहरु सबै जुर्मुराएर लागेको प्रसङ्ग 'पथप्रदर्शक पथिक' कविताको माध्यमबाट कविले व्यक्त गरेका छन् । 'वर्षा' शीर्षकको कवितामा किसानलाई उठाएर अमृतको वर्षा गराएको प्रसङ्ग प्रस्तुत गरेका छन् ।

यस पद्यात्मक शैलीमा लेखिएको ३४ वटा कवितामा कविले कतै धर्म, संस्कृति, कतै लडाइ र क्रान्ति, कतै स्वदेशप्रतिकको प्रेमभाव, कतै मातृस्नेहको सम्झना, आध्यात्मिक भावना, स्वाभिमान र वीर शाहसी नेपालीको इतिहास, देशभक्ति र देशप्रेम लगायतका विषयवस्तु समेटेर आफ्ना विचार वा भावहरु पोखेको पाइन्छ ।

**खण्ड ख** अन्तर्गत रहेको गद्य कवितामा १८ वटा कवितालाई समायोजन गरेका छन् । अन्त्यानुप्रास लयमा लेखिएका उनका गद्य कविता मध्ये **तिमी आउँदा** कवितामा क्रान्तिलाई आव्हान गरेर तिमीले हरियाली लिएर क्रुर हिटलर,सुवर्णखा, रावण र काली नभई वुद्ध, माया, शान्ति, लक्ष्मी लिएर छातीभरि माया भरेर आउ भन्ने भाव प्रस्तुत गरेका छन् । भोकोलाई पिठो, धान, बस्नलाई चकटी, स्याउला र कम्बल लिएर आफ्नो अस्तित्व लिएर आऊ भन्ने सन्देश दिँदै आव्हान गरिएको छ । व्याङ्ग्यात्मक भाव प्रस्तुत गर्दै कविले 'हिङ बाँधेको टालो' शीर्षक कवितामा सांस्कृतिक सम्पदाको धाक मात्र देखाएर नयाँ विचार र चिन्तनमा लाग्न नसक्ने सारा नेपालीहरुलाई व्यङ्ग्य गरेका छन् । 'हामी गोठाला' भनेर कविले शिक्षकलाई लक्षित गरेको देखिन्छ । ब्रम्हाको सृष्टि, नेहरुको इन्दिरा, द्रोणाचार्यको एकलव्य, अरनिकोको कला र भानुभक्तको कविता जस्तै हामीले गोठालै भएर पनि वुद्ध, क्राइस्ट, सीता, लक्ष्मीप्रसाद र शहीदहरु बनाउन सक्नुपर्ने भाव प्रस्तुत गरिएको छ । 'कानेखुसी' शीर्षक कवितामा कृष्णपक्ष हुँदै शुक्ल पक्ष, शुक्ल पक्ष हुँदै कृष्ण पक्ष भएर सङ्क्रान्ती मसान्तीको क्रम चलिरहने कुरा प्रस्तुत गरिएको छ । हास्य र व्यङग्यात्मक

भावमा जातीय छुवाछुत र भेदभावको तीव्र विरोध गर्दै ढोँगी, आडम्बरी आजका ब्राम्हण पण्डित नभई सारङ्गी रेटेर आनन्द दिने गाइने पण्डित हुन सक्ने भाव प्रस्तुत गरिएको छ । यही आफ्नो देशभित्रको ढुङ्गा, माटो, झारपात र कालीलाई माया गरेर सबैप्रति एकताको भावना जगाउनु पर्ने सन्देश 'देशप्रेम' कवितामा उल्लेख गरेका छन् । शृङ्गारिक भावमा लेखिएको उनको 'स्वागत नवबन्धु' शीर्षकको कवितामा इन्द्र र पद्‌गामिनी जस्तो मिलेर नव दुलही बनेर आउ भन्ने आशय व्यक्त गरिएको छ । 'ब्यूँझ नेपाली' भनेर कविले खोक्रा शब्द र भाषणका कुरा मात्र नभई करोडौं नेपालीका भोका, नाङ्गा शरिर भर्नसक्ने उर्जा ल्याउनु पर्दछ । त्यसको लागि सबै नेपालीले ब्यूँझिएर आफैँ उठ्नुपर्ने समय आएको छ भन्न खोजेका छन् । कविले जिन्दगीका आरोह अवरोहमा आउने अप्ठ्यारा क्षण सँगै जुध्नुपर्ने बाध्यताले जीन्दगीलाई भकुण्डोसँग तुलना गर्दै 'के जीन्दगानी' भनेर प्रश्न गरेका छन् ।

कविले एउटा बालमष्तिष्कका गहिरा प्रश्नहरुको प्रतिउत्तरमा नतमस्तक हुनु परेको अवस्था कोट्याउँदै दसैंको नाममा दुर्गा भवानीलाई चढाइने सजीव प्राणी हत्याको विरोधी भाव 'दसैं कहाँबाट आयो ?' शीर्षकमा व्यक्त गरेका छन् । देशभक्तिको उच्चतम भाव प्रस्तुत गर्दै कविले 'ए ! वीर फेरि आउन' भन्ने शीर्षकमा यहाँका नदी पहराहरु सुसाएर तिमी आउने प्रतीक्षा गरि रहेछन् र स्वतन्त्रताको लागि रगतको खोलो बगाउन परे पनि पछि नहट्ने तिमी जस्ता वीरको खाँचो छ भन्ने भाव पोखिएको छ । 'नीच मुकुण्डा' शीर्षक राखी कविले मुकुण्डो भित्र क्रुर अनुहार लुकाई समाज खलल गर्ने काम मात्र नभई देश विगार्ने शोषक सामन्त तत्त्वधारी मुकुण्डालाई लक्ष्यार्थ गरेको पाइन्छ । 'तीन युगको मेरो नेपाल' भन्दै कविले राणा शासन पूर्वको शान्ति नेपाल, राणकालीन जहानियाँ शासनको नेपाल र प्रजातन्त्रपछि बनेका पञ्चेवादी ठगी नेताले शोषण गरेको नेपाल भनी तिन चरणमा नेपालको वर्णन गरेका छन् । काँडा बीचमा रहेर फुल्दा पनि तिम्रो सुन्दरताले मलाई तानि रहन्छ । त्यही सुन्दरतालाई हेरि रहन मलाई तिमी मेरो आँगनमा आएर फूलेको हेर्न रहर छ भन्दै गुलाफ फूलप्रतिको आकर्षणलाई कविता मार्फत व्यक्त गरेका छन् । बुझ्ने को ? , भन्दै कविले मानिसलाई लक्ष्य गरेर मुसा, बिरालो, सुँगुर, कुकुर, हक्कु, सारौं र कुखुरासँग सिक्न पर्ने व्यङ्ग्य भाव प्रस्तुत गरेका छन् । आ-आफ्नो डम्फु भन्दै कविले यस कविता मार्फत मानिसहरुको आ-आफ्नै संसारमा रमाउन सक्ने प्रवृत्तिलाई व्यङ्ग्य गर्दै ज्योत्स्नाले पनि मान्छेलाई पोल्न सक्दछ भन्ने भाव पोखेको पाइन्छ । 'बुझ्नेहरु' शीर्षक कविता मार्फत मानव भएर देशप्रेमको भावले लाग्नु पर्दछ र आफ्नो अधिकारको लागि जञ्जिर तोडेर भए

पनि प्राण आहुती दिएर जिन्दावाद भन्नु पर्ने गान्धिका भावनालाई पछ्याएर मानव रक्षाको लागि लड्नुपर्ने सन्देश दिएका छन् ।

कविले १८ वटा गद्य कविता मार्फत आफ्ना देशभक्तिको महिमा, संस्कृति जगेर्ना, स्वतन्त्रताको लागि डट्नु पर्ने अवस्था र प्राकृतिक वस्तुहरुको पनि वर्णन गर्न पुगेका छन् ।

कविले 'गौरवशाली नेपाल' शीर्षक राखी यस लघुकाव्यमा यो सानो देश नेपालको प्राकृतिक मनोरम वस्तुहरुको बारेमा वर्णन गरेका छन् । विदेशमा बस्नुपर्ने बाध्यता र स्वदेश प्रतिको मायाले उनले कविताको माध्यमबाट आफ्नो देशमा रहेका नदी, खोलानाला, हिमाल, पहाड, तराई, फाँट, बेसी सँगै धार्मिक सहिष्णुताको भावना सहित यहाँ मनाइने चाडपर्व, रीतिरीवाज, धर्म संस्कृति आदिको वोध गराउँदै यस कविता मार्फत नेपालीको पहिचान गराएका छन् । यी तिन खण्ड बनाएर कविले कविताहरु मार्फत आफ्ना भावहरु पोखेको पाइन्छ ।

कवि हरिहर अर्याललले यस 'स्वदेश तिमीलाई खोज्दछ' कवितामा लयगत विविधतालाई अँगालेको पाइन्छ । कवितामा सृङ्गार, वीर, हास्य, करुण, शान्त जस्ता करिव सबै रसको वर्णन पाइन्छ । परिष्कारवादी जस्ता देखिने उनका कविताको शैली परिष्कारवादी र स्वच्छन्दवादी धाराबाट प्रभावित देखिन्छ । सबै पद्य कवितामा छन्द नमिले पनि अन्त्यानुप्रासको समायोजन गर्न खोजेको देखिन्छ । 'स्वदेश तिमीलाई खोज्दछ' कविता सङ्ग्रह भित्र सङ्कलित कविताहरु मध्ये सिल्प शैली र भाव दुवै दृष्टिले पद्यतर्फ नराम्रो कहाँ छ ?, आगो फुक्नु छ, हामी र हाम्रो तथा पदप्रदर्शक उत्कृष्ट कविता हुन् । त्यस्तै गद्य कवितातर्फ तिमी आउँदा, हिङ बाँधेको टालो, कानेखुशी, ब्यूँझ नेपाली, दसैं कहाँबाट आयो ?, बुझ्ने को ?, बुझ्नेहरु र ऊ पण्डित हो शीर्षकका कविता विचार र कला दुबै दृष्टिले सशक्त र प्रभावकारी छन् ।

कवि हरिहर अर्यालका यस 'स्वदेश तिमीलाई खोज्दछ' कविता सङ्ग्रहमा विदेशी भूमिमा रहँदा स्वदेशको माया र महिमा कति हुँदो रहेछ र नेपाली संस्कृति र पहिचान साथै देशभक्तिका स्वरहरु पनि गुञ्जिएको देखिन्छ । भाषिक प्रस्तुति हेर्दा बिम्ब र अलङ्कारको चमत्कारिता उनका काव्यगत विशेषता देखिन आउछ । जेहोस् उनका कविता सुबोध, सरल र सरस साथै स्वच्छन्द शैलीमा प्रस्तुत भएकोले पठनीय छ ।

### ४.२.३ सीता अर्यालको 'उपमा' कथासङ्ग्रहको विश्लेषण

सीता अर्यालको जन्म वि.सं. २०१८ साल असोज १४ गते गण्डकी अञ्चल अन्तर्गत तनहुँ जिल्लाको बन्दीपुरमा भएको हो । उनको बाबुको नाम हरिराज भट्टराई र आमाको नाम हरिलिला भट्टराई हो । सानैदेखि साहित्यप्रति रुचि राख्ने कथाकार सीता अर्यालले निबन्ध लगायत कवितामा पनि आफ्ना भावहरु पोखेको पाइन्छ । शैक्षिक क्षेत्रमा लामो समय विताउन सफल कथाकारले साहित्यलाई निरन्तरता दिंदै लगेको देखिएको छ । उनले रचना गरेको 'उपमा' कथा सङ्ग्रह 'दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र' ले प्रकाशित गरेको देखिएको छ । यसबाट साहित्यलाई कथाविधामा थप योगदान दिन सफल रहेको छ । 'उपमा' कथा सङ्ग्रह हरि सांस्कृतिक केन्द्रबाट 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार २०६२' ले सम्मानित तथा पुरस्कृत भएको देखिएको छ ।

यस कथाभित्र कथाकारले सामाजिक यथार्थवादी तथा मनेवैज्ञानिक यथार्थवादी कथाहरु प्रस्तुत गरेको पाइन्छ । यस सङ्ग्रहमा अठार वटा कथाहरु सङ्कलित छन् । यस सङ्ग्रहलाई 'दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले वि.सं.२०६२ साल कार्तिकमा प्रकाशित गरेको हो । यो यस स्मृतिकेन्द्रको तेस्रो प्रकाशन पुष्पको रूपमा आएको हो ।

**सावित्री** कथामा कथाकारले पुरुष पात्रलाई 'म' पात्रको रूपमा प्रस्तुत गरेर आफ्नो भावहरु व्यक्त गरेको पाइन्छ । 'म' पात्रले सावित्री हाकिमकी मरेकी श्रीमती भनेको आफ्नै पोइल गएकी श्रीमती रहेको बताएको छ । यस कथामा कथाकारले विसङ्गतीवादी दृष्टिकोण प्रस्तुत गर्न पुगेको देखिन्छ ।

**विवेकशून्य** कथामा डिभी चिट्ठाले गर्दा माया र आत्मीयताको पराकाष्ठा नाघी बिदेशिएको छोराको प्रसङ्ग देखाइएको छ । माता पिताप्रतिको कर्तव्य भुलेर बिदेशमा जाँदा भोग्नु परेको पीडा र स्वदेश फर्किए पछि सालिकमा अङ्गालो हालेर रुनु र म जस्तो विवेकशून्य व्यक्तिले कष्ट भोग्नै पर्छ भन्ने प्रसङ्ग सहित सामाजिक यथार्थलाई उजिल्याउन खोजिएको छ ।

**अब्यक्त आशा** कथामा उच्च ओहादामा पुगेपछि मान्छेमा मानवता हराएर विवेक शून्यतामा आउने प्रसङ्ग सहित वर्तमान परिवेशमा देखिएका राजनेता भन्नेहरुको अभिमानलाई स्पष्ट पार्न खोजिएको छ ।

**पुनः सजिएको सिउँदो** कथामा सामाजिक यथार्थलाई देखाउँदै घरमा पाएको दुर्व्यवहार सहन नसकेर माइत बस्न बाध्य नारीले पछि आफ्नै सन्तानबाट पुनर्विवाह गराईएको प्रसङ्ग सहित यथार्थबाट आदर्शमा लगेर कथा टुङ्ग्याइएको छ ।

**प्रतीक्षा** कथामा कथाकारले नेपाली ग्रामीण समाजको यथार्थता प्रस्तुत गर्न खोजेको देखिन्छ । गरिबीको रेखामुनि रहेर रहरमा पढ्न नपाउनु र बाध्यताले पढाइ छोड्न परेको यथार्थ घटनालाई कथाको विषय बनाइएको छ ।

**अतीतको नमीठो पाटो** कथामा मनोविज्ञानगत प्रसङ्ग प्रस्तुत गरिएको छ । उनले यस कथा मार्फत एकोहोरो प्रेममा बहकिंदा हेडमास्टरले भोग्नुपरेको नियतिलाई देखाउन खोजेको पाइन्छ । हेडमास्टरले अतृप्त चाहना पुरा नहुँदा अन्य माध्यमबाट पुरा गर्न अनुषाको छोरीलाई चकलेट दिएर अतृप्त चाहना मेटेको कुरालाई व्यक्त गरिएको छ ।

**पर्खाल** कथामा कथाकारले सामाजिक यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । डि.भी. चिट्ठाले अमेरिका गएका कैयौं नेपालीहरूबाट घरपरिवारले विछोडको नमिठो घाउ बोक्न बाध्य भएको कुरा प्रस्तुत गरिएको छ । यो सबै मायाको पर्खाल डि.भी. चिट्ठा भएको प्रसङ्ग यस कथामा व्यक्त गरिएको छ ।

**स्वाभिमान कथामा** कथाकारले अस्तित्ववादी विसङ्गतिवादी दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । यस कथा भित्र अस्मिता लुटिन बाध्य नारीले श्रीमान्‌बाट त्यागिनुपरेको बाध्यता र यस समाजमा स्वाभिमानी भएर बाँच्न सकेको प्रसङ्ग देखाइएकोछ । महिला कार्यक्रम अधिकृत श्रीमतीले रिपोटिङ गर्दै हिंडेको अवस्थामा आफूलाई त्यागेको श्रीमान्‌सँग भेट भएको कुरा प्रस्तुत गरिएको छ । उनको श्रीमान्‌सँगको भेटपछि आफ्नो अतीतका कुरा भन्नु नै विसङ्गतिको नमुना यस कथामा प्रस्तुत गर्न खोजेको देखिएको छ ।

**बिदा भइन् उनी** कथामा संसारको यथार्थ देखाउन खोजिएको छ । मृत्युले बाँच्न जति प्रयत्न गर्न खोजे पनि नदिएको र मृत्युलाई अङ्गाल्न बाध्य रश्मीलाई श्रीमान्‌ले आर्यघाटमा जलाउन पुगेको कुरा यसकथामा प्रस्तुत गरिएको छ । कथाकारले जीवनको नमिठो यथार्थ पनि भोग्नु पर्ने कुरा देखाउन खोजेको पाइन्छ ।

**विदेश जाने रहर** कथामा 'म' पात्रको अतृप्त चाहनालाई देखाइएको छ । मनोवैज्ञानिक र सामाजिक यथार्थलाई देखाइएको यस कथामा असफलता, अयोग्यता साथै अप्राप्तिले मान्छेमा हीनताभाव पैदा हुन्छ भन्ने मनोवैज्ञानिक यथार्थ प्रस्तुत गरिएको छ ।

**अतृप्त चाहना** कथामा कथाकारले अतृप्त यौन चाहनालाई यौन मनोवैज्ञानिक रूपमा प्रस्तुत गरेको पाइन्छ । उमेर पुगेकी छोरीको विवाहमा बाबुआमाले ध्यान नदिनु र छोरीको अतृप्त चाहना पुरा हुन नपाएको प्रसङ्ग यहाँ देखाइएको छ । सावित्री र शङ्करको प्रेममा सफलता नभएर शङ्करले धोका दिएपछि सावित्रीको मनोभावनालाई यहाँ व्यक्त गर्न खोजिएको छ ।

**समयको हुरी** कथामा कथाकारले विसङ्गतिवादी दृष्टिकोण प्रस्तुत गरेकी छन् । उनले युस कथाको माध्यामबाट आफूसँग जे छ त्यसमा चित्त बुझाउनु पर्ने कुरा व्यक्त गरेको पाइन्छ । अतृप्त आशा गरियो भने जीवन दुर्घटनाग्रस्त हुने कुरा यहाँ देखाइएको छ । आफ्नो दाजुभाइ नभएर धर्मभाइ बनाएको भाइले भाइटीकामा प्रतीक्षा गर्दा गर्दै भाइ नआउँदा जीवन देखी हराउन पुगेकी दिदीको विसंगतिपूर्ण जीवनको बारेमा यहाँ व्यक्त गरिएको छ ।

**अमिट सम्झना** कथामा कथाकारले 'म' पात्रको माध्यमबाट कथालाई बढाएको पाइन्छ । यथार्थवादी दृष्टिकोणमा लेखिएको यस कथामा कथाकारले ग्रामीण समाजमा तत्कालीन समयमा छिटफुट रूपमा छोरीले पढ्न पाउने अवसर प्रस्तुत गरेको पाइन्छ । यस कथामा कथाकारले आफ्नो साथी फूलमायाको चिठी लेख्न सहयोग पुऱ्याएको देखिएको छ । 'म' पात्रले आफ्नै जीवनको घटनालाई पूर्व स्मृतिको रूपमा यस कथामा व्यक्त गरेको देखिन्छ ।

**घाइते मन** कथामा कथाकारले नेपाली समाजको नारीप्रति गरिने भेदभावपूर्ण व्यवहारलाई यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ । कथाकारले शिक्षित नारी भएर पनि परिवारसँग प्रतिपाद गर्न नसकिएको कुरा व्यक्त गरेको देखिन्छ । दाइजोको पुरानो तुषले घरपरिवारबाट अपहेलित हुन परेको आभास 'म' पात्रमा परेको देखिन्छ । उनले नेपाली समाजको यथार्थ रूपलाई यस कथामा व्यक्त गर्न खोजेको देखिएको छ ।

**माटामा मिलेको माया** कथा अन्तर्गत कथाकारले सामाजिक यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । आफ्नो सन्तान नभएका दम्पत्तिले आफ्नो सन्तान प्रातिको इच्छा पूरा गर्न सडक बालिका ल्याएर पालन पोषण गर्दछन् । धनाढ्य परिवार र कामका बेफुर्सदी उनीहरुले सन्तानप्रतिको हेरचाहमा समय दिन सक्दैनन् । यस कथाको मुख्य पात्र मनिषा कुलतमा लागेर उमेर नपुग्दै गर्भवती बन्न पुग्दछे । दुर्व्यसनीको लतमा फसेकी मनिषाबाट बाबु

आमाले धोका महसुस गर्दछन् । त्यसैले सन्तानको रहर मेटाएर मात्र हुँदैन उनीहरुलाई उचित हेरविचार समयमा पुऱ्याएन भने आफूले दिएको माया माटोमा मिल्न सक्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ ।

**न गोल न खरानी** कथामा कथाकारले नेपाली समाजको यथार्थ पक्षलाई नै देखाउन खोजेको पाइन्छ । नेपाली ग्रामीण समाजमा सन्तान जन्माउँदा छोरा नै देख्ने चाहना देखाइएको छ । छोरीको आमाले भोग्नु पर्ने बुहार्तन र  छोरी जन्माउने आमाप्रति गरिने भेदभावपूर्ण व्यवहार उभिल्याउन खोजिएको छ । उसप्रति घृणा होइन सम्मान र सहयोग दिनुपर्ने सन्देश यस कथामा प्रस्ट्याउन खोजेको देखिन्छ ।

**नयाँ जीवनको सुरुवात्** कथामा कथाकारले समाजको यथार्थलाई प्रस्तुत गर्न खोजेको देखिन्छ । सौतेनी आमाले आफ्ना सन्तान र सौताको सन्तानप्रति गर्ने भेदभावपूर्ण व्यबहारलाई यहाँ देखाइएको छ । सौतनी आमाले डा. सुव्रतसँगको बिहेको प्रस्तावमा 'म' पात्रको सट्टा आफैंले जन्माएकी छोरीको बिहे गर्ने चाहना राख्दछे तर आफ्नी छोरीले दिदीको लागि आमाको भावनाको वास्ता नगरी सुव्रतसँग विवाह गराई दिन पुगेको देखिन्छ । यसरी उनीहरुको नयाँ जीवनको सुरुवात् हुन  पुगेको छ । वृतकारीय कथावस्तुमा यस कथालाई कथाकारले नेपाली समाजको सौतेनी व्यवहारलाई प्रस्ट्याउन खोजेको देखिन्छ ।

**कुबाटोको धन** कथामा कथाकारले धनको महत्त्व देखाएको पाइन्छ । परिश्रम गरेर इमान्दारिका साथ कमाएको सम्पत्ति मात्र धन हुन सक्ने बताइएको छ । परिश्रम नगरी रवाफिलोपनले आर्जन गरेको धनले पतनको बाटोतिर  डोऱ्याउने प्रसङ्ग उल्लेख गरिएको छ । भ्रष्टाचार गरेर आर्जन गरेको धनले रमाको श्रीमान्लाई अन्त्यको बाटोतिर पु-याएको यथार्थता यहाँ देखाईएको छ । यथार्थवादी दृष्टिकोणमा लेखिएको यस कथामा कथाकारले सामाजिक यथार्थलाई देखाउन खोजेको पाइन्छ ।

यसरी यस 'उपमा' कथा सङ्ग्रहका कथाहरु हेर्दा सीता अर्यालका कथाहरु सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, यौनमनोविश्लेषणात्मक, विसङ्गतिवादी आदि दृष्टिकोणमा लेखेको पाइन्छ । भाषा सरल र सरस रहेको छ ।  कथाकारले सरल,रैखिक र वृतकारीय शैलीमा कथा लेखेको पाइन्छ ।

## ४.२.४ दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थको विश्लेषण

गोरखा जिल्लामा जन्मिएका स्व. दण्डपाणि अर्ज्याल इतिहासविद्, ज्योतिषविद्, तन्त्रशास्त्रका ज्ञाता थिए । उनले विविध क्षेत्रमा काम गर्नुका साथै शैक्षिक क्षेत्रलाई मुख्य रूपमा अङ्गालेको पाइन्छ । आफ्नो ८३ वर्से जीवनकालसम्म विभिन्न क्षेत्रमा क्रियाशील रहेर समय खर्चेका स्व.दण्डपाणि अर्ज्यालको मृत्यु वि. सं.२०४५ साल माघ ७ गते भएको हो । सानो क्षेत्रमा रहेर पनि नेपालभर शिक्षा र इतिहासमा उनले दिएको योगदानको कदर स्वरूप विद्वान्, इष्टमित्र र पारिवारिक पहलमा **स्व.दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना वि.सं. २०६२ सालमा भएको हो । यस्ता इतिहासले बिर्सन नहुने व्यक्तिलाई सम्झना स्वरूप स्थापना गरिएको स्मृतिकेन्द्रले विभिन्न कृतिहरु पनि प्रकाशन गर्ने कार्य गर्दै आएको छ । यस संस्थाको स्थापना पछि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विचार, विवेचना र लेखहरु समेटेर 'दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ' प्रकाशन गर्ने निर्णय गरियो । यस जन्मशताब्दी स्मृतिग्रन्थ भित्र विभिन्न विद्वान् , इतिहासकार, अध्येता, पारिवारिक इष्टमित्र,सहकर्मी, सहपाठी, शिष्य सबैले स्व.दण्डपाणिप्रति श्रद्धाभाव अनुसार आ-आफ्ना अनुभव, विचार र भावनाहरु समेटेर लेखिएको विषयवस्तु प्रस्तुत गरिएको छ । यस स्मृतिकेन्द्रबाट प्रकाशित कृति **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ** मा स्व.दण्डपाणि अर्ज्यालका व्यक्तिगत जीवनका भोगाइ, उनलाई चिन्ने र संसर्ग गर्ने व्यक्तिहरुले उनीबाट पाएको अर्ती, उपदेश, ज्ञान र लोककल्याणका भावनाहरु बुझ्ने अवसर प्राप्त भएको छ । जीवनपछिको मृत्यु अवश्य छ तर पनि मृत्युपछि कोही व्यक्तिहरु बाँचिरहेका हुन्छन । जुन व्यक्तिले संसारलाई केही गरेर गएका हुन्छन् तिनै व्यक्तिको भावी पिँढीले अनुसरण गर्ने मौका पाउँदछन् । यस्तै व्यक्ति मध्येका दण्डपाणि अर्ज्याललाई चिरस्थायी बनाउने लक्ष्यका साथ खोलिएको स्मृतिकेन्द्रले उनको सम्झना स्वरूप प्रकाशन गरेको कृतिको नाम **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ** हो।

यस स्व. दण्डपाणि अर्ज्याल जन्मशताव्दी स्मृतिग्रन्थ भित्र क देखि झ सम्म खण्ड छुट्याएर बनाइएको छ । खण्ड क मा 'पारिवारिक दृष्टिमा' भनेर स्व. दण्डपाणि अर्ज्यालका परिवार भित्रका सदस्यहरुले उनीप्रति श्रद्धाभाव राख्दै उनले परिवारमा दिएको योगदानको मूल्याङ्कन गर्ने कार्य व्यक्त गरिएको छ । स्व. दण्डपाणि अर्ज्यालको आफ्नै बाल जीवनी 'मेरो बाल जीवनी' भन्ने शीर्षक राखी आफ्नो भनाइ प्रस्तुत गरेको पाइन्छ । पण्डित

दण्डपाणिको बाल्यजीवन कहाँबाट सुरु भएर कसरी बित्यो त्यस कुराको जानकारी यसमा पाउन सकिन्छ ।

**स्वर्गीय पितालाई चिठ्ठी** शीर्षकमा कवि हरिहर अर्यालले आफ्नो पिताजीप्रतिको श्रद्धा सुमन व्यक्त गरेका छन् । उनले जन्म पछिको मृत्युलाई स्विकार्नु पर्ने वाध्यतामा आज हामीलाई छोडेर गए पनि समाज, देश, इष्टमित्र, बन्धु बान्धव सहित परिवारलाई अमूल्य गुन छोडेर गएका छन् । समाजमा धर्म, संस्कृति, शिक्षा र इतिहास जस्ता विषय सहित सामाजिक विभेदको अन्त्यका लागि दिएको योगदान सह्रानीय छ भन्ने भाव पोखेको पाइछ । कविले यहाँ उनले लेखेका कृतिहरु प्रकाशित गरेर उनको अधुरा कार्यलाई पुरा गर्ने प्रण गर्दछौं भन्ने भाव व्यक्त गरेका छन् ।

राजेन्द्र प्रसाद अर्यालले आफ्नो **पूज्य पिताजीका सम्झनामा दुई/चार थुङ्गा पुष्पार्पण** भनी पिताजीका पारिवारिक पृष्ठभूमि, जन्म, बाल्यवस्था, व्रतबन्ध, विवाह, पढाइलेखाइ र शैक्षिक योग्यता, पेसा तथा व्यवसाय, उनको मावली, ससुराली, दाजुभाइ दिदीवहिनी, छोराछोरी तथा पारिवारिक सङ्ख्या, लवाइखवाइ, आचरण तथा स्वभाव, समाजसुधार, आदर्शपक्ष, सुखदुःख, आदरणीय व्यक्तित्व, उनका कृतिहरु, शारीरिक अस्वस्थता सहित मृत्युसम्मका कुरा उल्लेख गरेको देखिन्छ । जीवनका विभिन्न समयमा गुजारेका दिनहरु र परिवार नातागोता सबैको बारेमा प्रस्तुत गरेका छन् । उनको देहवसानपछि २०५५ सालमा 'दण्डपाणि नन्दकुमारी स्मृति पुरस्कार स्थापना' गरिएको थियो । पछि २०६२ सालमा पिताजीको नाममा संस्था स्थापना गरिदा 'दण्डपाणि अर्ज्याल स्मृति प्रतिष्ठान ' राखिएको थियो । संस्था दर्ता हुने क्रममा स्मृतिकेन्द्र रहेको बेहोरा समेत यहाँ प्रस्तुत गरिएको छ । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रबाट 'दण्डपाणि  अर्ज्याल स्मृति पुरस्कार' स्थापना गरी वि.सं. २०६३ साल देखिनै पुरस्कार दिने घोषणा समेत उनले व्यक्त गरेको पाइनछ । यसरी दण्डपाणि अर्ज्यालका कान्छा सुपुत्र राजेन्द्र अर्यालले दण्डपाणि अर्ज्यालका व्यक्तिगत जीवनसंग सम्बन्धित सबै यथार्थ र सम्बन्धित व्यक्तित्व सहित कार्यहरुको बारेमा प्रस्तुत गरेका छन् ।

**दाजु दण्डपाणिलाई सम्झिल्याउँदा** भन्दै दण्डपाणिका माइला भाइ सूर्यनाथ अर्ज्यालले दाजुको बाल्यकाल मावली घरमा बितेको र पछि मात्र घर आएका हुन् भनी व्यक्त गरेको पाइछ । उनले दाजुको जन्म, विवाह र अध्ययन सबैको बारेमा व्यक्त गरेका छन् ।ज्योतिष शास्त्रको प्रकाण्ड विद्वान् रहेको कुरा उल्लेख गर्दै कर्म काण्डको बारेमा समेत चर्चा गरेको

देखिन्छ । कुरीति र कुसंस्कारको लागि विद्रोह गर्नु पर्ने दाजुको भनाइ थियो भन्दै यस्ता सामाजिक सुधारको काम गर्ने व्यक्तित्वको नाममा स्थापित पुरस्कारको समेत उल्लेख गरेको पाइन्छ । वासुदेव अर्यालले ठूलोबुबा प्रति श्रद्धाभाव व्यक्त गर्दै उनी बहुप्रतिभाका धनी थिए भनेर आफ्ना अनुभव प्रस्तुत गरेका छन् । गीता रेग्मीले आफूले चिन्ने अवसर नपाए पनि सुनेका भरमा उनी बहुप्रतिभाशाली व्यक्तित्वका साथै उनको योगदानले देशलाई टेवा पुगेको कुरा व्यक्त गरेको देखिन्छ । ईश्वर अर्याल यात्रा अवधिका प्रसङ्ग सहित ठुलोबाले सिकाएको साँचो बोल्ने प्रणलाई कोट्याउदै उनकै व्यक्तित्वको चर्चा अतीतको सम्झना मार्फत गर्न पुगेको पाइन्छ । नारायणप्रसाद अर्यालले स्वर्गीय दाजुको सम्झनामा उनले आफूप्रति गरेका कतर्व्य र स्नेहको कुरा सम्झदै स्व.दण्डपाणिलाई उपकारी व्यक्तिको रूपमा राखी श्रद्धाभाव व्यक्त गरेका छन् । उपमा मरहट्टाले स्वर्गीय दण्डपाणिको सम्झनासँगै उनको अर्न्तमुखी स्वभावको बारेमा बताएको पाइन्छ । उनीप्रतिको पितृभाव, श्रद्धाभावबाट धेरै कुरा सिक्न सकिने भाव व्यक्त गरिएको छ । उमेश अर्याल यिनै श्रद्धेय हजुरबुबाको नाममा श्रद्धा राख्दै उनले इतिहास, ज्योतिष, समाजसुधार र शिक्षामा दिएको योगदानको बारेमा कविता मार्फत व्यक्त गर्दछन् । शान्ता कोइरालाले हजुरबुबाप्रति श्रद्धाभाव जनाउदै उनी अनुकरणीय व्यक्तित्व भएको कुरा स्वीकार गर्न पुगेको पाइन्छ । सीता अर्यालले मार्ग दर्शकको रूपमा रहेका ससुराप्रति श्रद्धाभाव चढाउँदै उनले दिएको राय सल्लाहको बारेमा बताउँदै सामाजिक विकासमा अग्रसर रहेको कुरा व्यक्त गरेको पाइन्छ । उनले लेखेको 'दशमहाविद्या' तन्त्रशास्त्र लेखिसक्दा पनि हामीलाई जानाकारी थिएन । यस केन्द्रको स्थापनापछि छाप्ने अवसर पाएको कुरा यहाँ उल्लेख गरिएको छ । फ्रान्स बसाइमा रहेर पनि अशोक अर्याल कविता मार्फत 'अर्पन्छु अञ्जली' भन्दै हजुरबुवाले देखाएको सत्मार्गलाई अङ्गाल्नु पर्ने भाव व्यक्त गर्दछन् । श्रीमती उर्मिला अधिकारीद्वारा बाल्यकालको सम्झना गर्दै हजुरबुवाप्रति सम्झनाको पुष्पापर्ण गर्दै अनुकरणीय व्यक्तित्व भएको कुरा यहाँ व्यक्त गरेको पाइन्छ । दीपक अर्यालले आदरणीय व्यक्तित्वको रूपमा रहेका थिए भन्दै स्व.दण्डपाणि अर्ज्यालालाई श्रद्धाभाव व्यक्त गरेका छन् । यहाँ उनले समय अनुसार परिवर्तन हुनुपर्ने, जातीय छुवाछुतको अन्त्य गर्नुपर्ने, समाज सुधारका कार्य गर्नुपर्ने जस्ता सामाजिक कामका लागि आवाज उठाइरहन्थे भन्दै अनुकरणीय व्यक्तित्व भएको कुरा उल्लेख गरेका छन् । निर्मल अर्यालले 'हजुरबुवा मेरा तिस वर्षे आँखामा' भन्दै उनको प्रेरणा पाएर आजको जीवन सफलतातिर मोडिएको प्रसङ्ग यस कृतिमा व्यक्त गरेका छन् । उनी हाम्रो लागि पथप्रदर्शक थिए भन्ने भाव सहित श्रद्धासुमन

व्यक्त गर्दछन् । अनुपमा अर्याल र ईश्वरी सुवेदीले बाल्यकालमा हजुरबुवाको न्यानो मायामा हुर्कदा हुर्कर्दै हजुरबुवाले संसार छोडेको प्रसङ्ग र उनी ठुलो मान्छे भएको कुरा व्यक्त गर्दै स्मृतिकेन्द्रले पुरस्कार स्थापना गरेकोमा खुसी व्यक्त गर्दछन् । स्व.दण्डपाणिको कान्छी सुपुत्री ईश्वरी सुवेदीले आफ्नो बुवा मास्टरबाजे, ज्योतिषबाजे, पण्डितबाजे आदि नामबाट परिचित भएको कुरा उल्लेख गर्दै ज्योतिषविद्याको धुरन्धर ज्ञाता भएको बताइएको पाइन्छ । उनले आफ्नै जीवनमा घटेका घटनाको बयान गर्दै अद्धितीय क्षमता पिताजीमा थियो भनी सभक्ति प्रमाण सहित श्रद्धाभाव व्यक्त गरेको देखिन्छ ।

**खण्ड 'ख' मा इतिहासकार तथा संस्कृतिविद्का दृष्टिमा** स्व. दण्डपाणि अर्ज्याललाई श्रद्धाभाव व्यक्त गर्दै उनको व्यक्तित्वका बारेमा चर्चा गरिएको छ ।

इतिहासविद् तुलसीराम वैद्यले श्री दण्डपाणि अर्ज्याल एक अविस्मरणीय बुद्धिजीवी व्यक्तित्व थिए भन्ने कुरा उल्लेख गरेको पाइन्छ । नेपालको इतिहास, संस्कृति, पुरातत्त्व, भाषा, भाषा साहित्य आदि विषयको शोधखोज गर्ने क्रममा गोरखा जाँदा स्व.दण्डपाणिबाट ऐतिहासिक सामग्री प्राप्त गर्न सकिएको र शाहवंशको इतिहासको बारेमा जानकारी पाएको कुरा उल्लेख छ । नेपालको इतिहासमा अर्ज्याल परिवारले दिएको योगदान र साहित्यमा प्राचीन कालदेखि आधुनिक कालसम्म पुर्‍याउँदै आएको योगदानको मूल्याङ्कन गर्दै यिनै अर्ज्याल वंशको एक रत्न दण्डपाणि अर्ज्याल पनि हुन् भन्ने भाव व्यक्त गर्दै श्रद्धाभाव प्रस्तुत गरेका छन् । इतिहासकार तथा अनुसन्धाता श्री ज्ञानमणि नेपालले स्व.दण्डपाणि अर्ज्याल गोरखाका लागि इतिहासका खानी नै थिए भन्ने भाव प्रस्तुत गरेका छन् । उनले खोज अनुसन्धान गर्ने क्रममा गोरखा जाँदा दण्डपाणिबाट गोरखाको बारेमा धेरै कुरा जानाकारी पाएको, शाहवंशको इतिहास जान्ने अवसर प्राप्त भएको, अर्ज्याल वंशको सम्पूर्ण ज्ञान पाउन सकेको कुरा व्यक्त गरेका छन् । 'दश महाविद्या' जस्तो तन्त्र सम्वन्धी पुस्तक लेखेका दण्डपाणि तन्त्रशास्त्रको पनि ज्ञाता रहेको उल्लेख गरेका छन् । उनको सम्झनामा श्रद्धाभाव व्यक्त गर्दै स्मृतिकेन्द्रको स्थापना र यस स्मृतिकेन्द्रबाट विभिन्न कृति प्रकाशन गर्दै नेपाली वाङ्मयमा टेवा दिँदै जाओस् भन्ने भाव प्रस्तुत गरिएको छ । नारायणदास अर्ज्याल वंशका १३ औं पुस्तामा जन्म लिएका दण्डपाणि अर्ज्याल विद्वत्ता प्रतिभाको व्यक्तित्व थिए भन्दै शाहवंशको उदयमा अर्ज्याल वंशले खेल्दै आएको भूमिका प्रस्तुत गरेको पाइन्छ । लेखकले गोरखाको सिंगो इतिहास वोकेका व्यक्तित्वको कदर स्वरूप उनकै सम्झनामा आफ्नो भावहरू व्यक्त गरेको पाइन्छ । दण्डपाणि अर्ज्यालद्वारा लेखिएको 'दश महाविद्या'

तन्त्रशास्त्रको समेत जानाकारी दिएको पाइन्छ । दिनेश राज शर्माले 'पण्डित दण्डपाणि अर्ज्यालको सम्झना' शीर्षकमा गोरखाको मात्र नभई नेपालको सिङ्गो इतिहास बोकेका व्यक्तित्व थिए भनेर आफ्नो भाव व्यक्त गरेका छन् । शर्माले नेपालको इतिहास खोज गर्ने क्रममा गोरखा पुगेका ऐतिहासिक व्यक्तित्वहरु श्री धनवज्र वज्राचार्य, श्री तुलसीराम वैद्यले भन्ने भन्दा पनि आफूले प्रत्यक्ष भेट्दा पाएको सहयोगको प्रशंसा गरेको पाइन्छ । उनले यहाँ आफ्नो लेखन कार्यमा सहयोग पुर्‍याउने व्यक्तित्वलाई श्रद्धासुमन अर्पण गरेको देखिन्छ । यस्ता व्यक्तिलाई इतिहासले बिर्सन नहुने कुरा प्रस्तुत गरेका छन् । जगमान गुरुङले पण्डित स्व. दण्डपाणि अर्याल समस्त शास्त्रको खुल्ला पुस्तक थिए भन्दै नारायणदास अर्ज्यालको पालादेखि आएको अर्ज्याल वंशको विद्याको परम्परा र गुण उनमा थियो भन्न पुगेका छन् । 'दश महाविद्या' जस्तो तन्त्रशास्त्र सम्बन्धी पुस्तक लेखेर तान्त्रिक गोप्यता राख्नु पर्दछ भन्ने भावनाले लोप हुन लागेको विद्यालाई उजागर गर्ने प्रयत्न गरेको पाइन्छ । यस विद्यामा श्रीयन्त्रको ठुलो महत्त्व र शिव र शक्तिको महिमाको बारेमा प्रकाश पार्दै उनीप्रतिको श्रद्धाभाव व्यक्त गरेका छन् । डा. सुरेन्द्र के.सी. ले 'परिकल्पनाका दण्डपाणि अर्ज्याल' भन्दै उनीसँगको संसर्ग र चिन्ने अवसर नपाए पनि वंश पिता पुर्खाको आचरण छोराहरुमा देखिन्छ  भन्ने भनाइ व्यक्त गरेका छन् । उनी पक्कै पनि शालीन व्यक्तित्व थिए । इतिहासका खोज अन्वेषणकर्ता धनवज्र वज्राचार्य, तुलसीराम वैद्य, दिनेशराज पन्त जस्ता विख्यात इतिहासवेत्ताहरुको भनाइ र नरहरिनाथ, भिमनिधि तिवारीले दण्डपाणि अर्ज्यालसँग मद्दत लिएर लेखिएका कृतिहरु देख्दा उनी साँच्चै इतिहासले बिर्सन नसकिने ऐतिहासिक व्यक्तित्व थिए भन्दै आफ्नो श्रद्धाभाव प्रस्तुत गर्न पुगेको पाइन्छ । श्रीराम प्रसाद उपाध्यायले ' पण्डित  स्व.दण्डपाणि अर्ज्याल' शीर्षकमा उनी नेपालको इतिहासको विश्वकोष नै भएको कुरा व्यक्त गरेका छन् । इतिहासविद, ज्योतिषशास्त्री, आर्दश गुरु, समाज सुधारक, कुशल अन्वेषक, तान्त्रिक विशेषज्ञाता जस्ता विशेषता उनमा पाइने हुँदा ज्ञानका विशाल छितिज थिए भनेर श्रद्धाभाव देखाएको पाइन्छ । मोदनाथ प्रश्रितले 'तन्त्रशास्त्रको परिचायक ग्रन्थ दश महाविद्या' को बारेमा व्याख्या गर्दै शिव र शक्तिको रूपमा शिव पार्वतीलाई लिएका छन् । यहाँ उनले वैदिक संस्कृति तान्त्रिक संस्कृतिको सम्मिलनबाट सृष्टिक्रम चलेको बताएका छन् । शिवशक्तिको प्रार्दुभाव हुनु भन्दा पहिले समाज मातृसतात्मक थियो । यसैको प्रभावले दैवी शक्तिको आडमा तान्त्रिक शक्तिलाई लिँदै आएको प्रसङ्ग व्यक्त गरेका छन् । गोविन्द टण्डनले स्व.दण्डपाणि ऐतिहासिक व्यक्तित्व रहेको कुरा व्यक्त गरेका छन् । उनले ज्योतिष

र इतिहासमा आफ्ना भावी सन्तति नलागे पनि साहित्यमा रुचि राखेर राष्ट्र र देशको निम्ति बाबुको बाटो हिँडेको भाव व्यक्त गर्दै आफ्नो भनाइ राखेको पाइन्छ । समाज सुधारको लागि परिवर्तनशील हुनु पर्ने मान्यता राख्ने सामाजिक व्यक्तित्व थिए भन्दै हरिहर प्रसाद भट्टराईले यहाँ व्यक्त गरेका छन् । उनले दण्डपाणि अर्ज्याल राष्ट्रको अमूल्य र पथप्रदर्शक भएको कुराको उल्लेख गरेको  पाइन्छ ।

**खण्ड 'ग' मा सहकर्मी तथा सहपाठीका दृष्टिमा** भनेर शीर्षक राखिएको छ । यस खण्डमा शिक्षाविद् मोहननारायण श्रेष्ठले 'मेरा अग्रज स्व. दण्डपाणि अर्ज्याल मास्टर बाजे' शीर्षकमा दण्डपाणि अर्ज्याल एक अग्रणी व्यक्तित्व रहेको कुरा उल्लेख गरेका छन् । उनले समाज सुधारमा धेरै कार्यहरु गरेको पाइन्छ । त्यसैको अनुसरण गर्दै आज सबै लाग्नु पर्ने कुरा व्यक्त गरेको पाइन्छ । उनी व्यक्ति नभई संस्था बनेको र यस स्मृति केन्द्रले राष्ट्रको लागि केही गर्नुपर्ने सन्देश दिएका छन् । यसै गरी रामचन्द्र आचार्य, केशव मरहट्टा, सुन्दरश्याम मास्के, दुर्गाभक्त देवकोटा, शैलेन्द्रकुमार सिंह, पूर्णजङ्ग भण्डारी जस्ता उनका सहकर्मी तथा सहपाठीहरुले स्व. दण्डपाणि अग्रणी व्यक्तित्व मात्र नभएर युग प्रर्वतक, सचेतक, समाज परिवर्तनको लागि जुध्न् सक्ने योद्धा थिए भनेर श्रद्वाभाव व्यक्त गरेको पाइन्छ ।

**खण्ड 'घ' मा शैक्षिक व्यक्तित्वको दृष्टिमा** स्व.दण्डपपाणि प्रतिको श्रद्वाभाव प्रस्तुत गरिएको छ । चुडामणि शर्मा कट्टेलले 'मा. दण्डपाणि अर्ज्यालः मेरो श्रद्धापात्र' शीर्षकमा त्यति बेलाको समयमा पनि समाजमा विद्यमान कुरीति र कुसंस्कृतिको विरोधी दण्डपाणि अर्ज्याल अग्रपङ्क्तिका समाज सुधारक, ज्योतिषी, इतिहासविद्, योग्य गुरु भएको हुँदा श्रद्वाका पात्र थिए भन्ने भाव प्रस्तुत गरेका छन् । छविलाल जोशी, ईश्वरचन्द्र बानिया, बाबुकाजी श्रेष्ठ, प्रेमबहादुर थापा, पुरुषोत्तम अर्याल, संजयभक्त उपाध्याय, कपिलबाबु अर्याल, रामप्रसाद खनाल जस्ता शैक्षिक व्यक्तित्वहरुले समेत स्व. दण्डपाणि अर्ज्याल बहु प्रतिभाका धनी व्यक्तित्व, समाजसेवी, इतिहासविद्, अन्वेषककर्ता, तन्त्रशास्त्री, गोरखाका इतिहासका विश्वकोश, स्पष्टवक्ता र खरो मिजासका व्यक्तित्वका रूपमा हेर्दै आ– आफ्नो दृष्टिकोणबाट श्रद्वाभाव व्यक्त गरेको पाइन्छ ।

**खण्ड 'ङ' अन्तर्गत विद्वान्को दृष्टिमा** शीर्षक राखी देशको विभिन्न क्षेत्रमा कार्यरत विद्वान् व्यक्तित्वहरुले स्व. दण्डपाणि अर्ज्यालको बारेमा आ–आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । चिरन्जीवि वाग्ले, डा. शंकरप्रसाद शर्मा, रामचन्द्र पौडेल 'रम्घाली', राजेश्वर देवकोटा,

भूपहरि पौडेल, विद्यानाथ उपाध्याय, विष्णुराज आत्रेय, दिलिपकुमार पौडेल, वाचस्पति देवकोटा, शेषराज सिवाकोटी, हेमराज ज्ञावली, शिवहरि मरहट्टा, विष्णु प्रभात, बाबुराम भट्टराई, तीर्थराज खनिया, वासुदेव त्रिपाठी र ध्रुवप्रसाद अर्ज्याल जस्ता बौद्धिक स्तरका व्यक्तित्वहरुले स्व. दण्डपाणि अर्ज्याल गोरखाको मात्र नभएर सिङ्गो देशकै अनुकरणीय व्यक्तित्व थिए भनेर चर्चा गरेको पाइन्छ । इतिहासविद्, खोजअन्वेषककर्ता, शाहवंशको उदयको इतिहास बोकेको अर्ज्यालवंश, समाज सुधारक, शिक्षामा जागरण ल्याउने शैक्षिक योद्धा, तन्त्रशास्त्रका साधक जसको कारण 'दशमहाविद्या' जस्तो तान्त्रिक पुस्तक लेख्नु आदि उनका बहु प्रतिभाशाली व्यक्तित्व हुनाले देश, समाज र सिङ्गो राष्ट्रले यस्ता व्यक्तित्वलाई बिर्सन हुँदैन । यस्ता व्यक्तिको अनुसरण गर्दै जान सके समाजमा उन्नति र सफलता पाउन सकिने भाव व्यक्त गरेको पाइन्छ । यी विद्वान्हरुले यस्ता व्यक्तिको राष्ट्रलाई सँधै खाँचो हुने कुरा आफ्ना भनाइहरुमा उल्लेख गरेको पाइन्छ ।

**खण्ड 'च' भनेर समाजसेवीका दृष्टिमा** शीर्षक राखिएको छ । चुडा नारायण किसनबाबु श्रेष्ठले नारायणदास अर्ज्यालको कुलमा जन्मिएका पण्डित स्व. दण्डपाणि अर्ज्याल ज्योतिषविद्, तन्त्रशास्त्रका ज्ञाता, इतिहासविद् साथै गोरखाको गौरव थिए भनेका छन् । त्यसै गरी धिरज बहादुर मास्के, मित्रलाल श्रेष्ठ, किरणबाबु श्रेष्ठ, कृष्णहरि सुवेदी, तुलसी न्यौपाने, बद्री बहादुर मास्के, विश्वेश्वर कट्टेल, राजाराम श्रेष्ठ, नारायणप्रसाद पाण्डे लगायतका व्यक्तित्वहरुले स्व. दण्डपाणिको विद्वत्ताको चर्चा गर्दै उनी बहु प्रतिभाका धनी थिए भन्ने भाव व्यक्त गरेका छन् । अबका दिनमा स्व. दण्डपाणि अर्ज्याल व्यक्ति नभएर संस्था बनिसकेको कुरा व्यक्त गरिएको छ । उनको नाममा स्थापित स्मृतिकेन्द्रले देश र समाजलाई सँधै सेवा दिन सकोस् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**खण्ड 'छ ' बनाएर भावोद्गार व्यक्त गर्नेका दृष्टिमा** भनी प्रस्तुत गरिएको छ । यस खण्डमा पण्डित स्व. दण्डपाणिका सहपाठी एवं चेलाहरुले उनीप्रति श्रद्धाभाव व्यक्त गरेका छन् । नेत्रमणि आचार्य, शंकरराज पाण्डे, रामचन्द्र अधिकारी, हरिहर शर्मा अर्ज्याल, अमर पन्त, होम कुमाार श्रेष्ठ, दयाराम अर्याल, दिनार श्रेष्ठ, दीपक जोशी, केशर बहादुर वानिया जस्ता व्यक्तिहरुले उनी एक अग्रणी व्यक्तित्व भएको उल्लेख गरेका छन् । नेत्रमणि आचार्यले ' प्रतिभा परिचय' शीर्षकमा कविता मार्फत दण्डपाणिको बारेमा उल्लेख गरेको पाइन्छ । यी सबै व्यक्तिहरुले दण्डपाणि अर्ज्याल ज्योतिषविद्, इतिहासकार, शिक्षासेवी र तन्त्रशास्त्रका ज्ञाताको रूपमा लिएको पाइन्छ । यहाँ समाज सचेतकको रूपमा समेत उनलाई लिएको

कुरा प्रष्ट्याइएको पाइन्छ । यस्ता महान् व्यक्तिलाई इतिहासले गुमाउनु परेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । इतिहासले बिर्सन नहुने कुरा समेत यी सहपाठी वा उनका चेलाहरुले व्यक्त गरेको देखिएको छ ।

**खण्ड 'ज' अन्तर्गत पत्रपत्रिकाको दृष्टिमा** भनी दण्डपाणि अर्ज्यालप्रति श्रद्वाभाव व्यक्त गरिएको छ । गोरखापत्र ( वि. सं.२०४० साल माघ ५ गते ) दैनिकमा 'गोरखा इतिहासका सजीव ग्रन्थ' भन्ने शीर्षकमा रामचन्द्र गौतमले स्व.दण्डपाणि अर्ज्यालको बारेमा प्रस्तुत गरेका छन् । गोरखा गौरव ( वर्ष १२ अङ्क ५, २०६२ ) मा 'गोरखाका बहुप्रतिभाशाली व्यक्तित्व स्व.दण्डपाणि अर्ज्याल एक स्मृति र चिनारी ' भनेर प्रकाश शर्माले प्रकाशित गरेका छन् । कमल रिजालले मासिक पत्रिका मधुपर्क ( २०६३ असोज अङ्क पेज २२ ) मा 'दशमहाविद्या' भन्दै दण्डपाणि अर्ज्यालबाट लेखिएको कृति दशमहाविद्याको कृति समीक्षा प्रस्तुत गरेका छन् । 'तन्त्रशास्त्र सहयोगी' शीर्षकमा श्रीकृष्ण गौतम, 'तन्त्रशास्त्रमा योगदान' शीर्षकमा हेमराज ज्ञवाली लगायतले विविध पुस्तक तथा पत्रिकाबाट स्व.दण्डपाणि अर्ज्यालको व्यक्तित्वको चर्चा गरेको कुरा उल्लेख छ । उनका सङ्ग्रहमा रहेको लालमोहर र अन्त्यमा स्मृतिकेन्द्रका आजीवन सदस्य तथा आर्थिक सहयोगी र कार्य समितिका नामावली प्रस्तुत गरिएको छ ।

यसरी **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ** मा स्व.दण्डपाणिप्रति श्रद्वासुमन व्यक्त गर्दै उनको बहुप्रतिभाशाली व्यक्तित्वको चर्चा गरिएको छ । यस्ता व्यक्तित्वलाई गोरखा लगायत सिङ्गो राष्ट्रले बिर्सन नहुने कुरा प्रस्तुत गरिएको छ । यहाँ भावोदगार सहित आफ्ना भनाइहरुमा विभिन्न व्यक्तित्वहरुले दण्डपाणि अर्ज्यालको बारेमा विस्तृत जानकारी गराएको पाइन्छ ।

## ४.२.५ राजेन्द्रप्रसाद अर्यालको 'फ्रान्सको भ्रमण मेरो संस्मरण' विश्लेषण

राजेन्द्र प्रसाद अर्यालको जन्म वि. स. २०१३ साल मंसिर २१ गते गोरखा बजारमा बाबु दण्डपाणि र आमा नन्दकुमारीका कान्छा सुपुत्रको रूपमा भएको हो । ज्योतिष पण्डितका सुपुत्रको रूपमा जन्मिएका राजेन्द्र सहित पारिवारिक पहलमा र विद्वान्हरुको राय सल्लाह अनुसार स्वर्गीय बाबुको आत्मालाई चिरशान्ति राख्न **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** २०६३ सालमा स्थापना गरिएको हो । यस स्मृतिकेन्द्रले विविध कार्य गर्ने लक्ष्य अनुसार साहित्यिक कृति पनि प्रकाशित गर्दै आएको देखिन्छ । यही साहित्यसँग सम्बन्धित राजेन्द्र

अर्यालबाट लेखिएको कृति 'फ्रान्सको भ्रमण मेरो संस्मरण' (यात्रा वृतान्त) स्मृतिकेन्द्रले प्रकाशन गरेको छ ।

यस यात्रा वृतान्तमा नियात्राकार राजेन्द्र प्रसाद अर्यालले विभिन्न देशको भ्रमण गरे पनि फ्रान्सको भ्रमणमा आफूले देखेका र भोगेका कुराहरु यहाँ व्यक्त गरेका छन् । नियात्राकारले यस भित्र **पेरिसगेट देख्दा तन्किन गएको यो मन** भन्दै फ्रान्समा वीर सहिदप्रतिको भावपूर्ण श्रद्धाभक्ति र नेपाली सहिद र उनका परिवारले पाएको अपहेलनाको तुलना गरेका छन् । विकसित देशमा नीति निर्माता, योजनाविद्हरु समग्र जनताप्रति श्रद्धाभाव भएर विकासको सिँढीमा उक्लेको पाइन्छ । हाम्रो देशमा शासन गर्ने शासकको कुनियतले देशको अवस्थाको बारेमा चिन्ता व्यक्त गर्दै धनी देशका मान्छेको माग्ने शैलीको समेत चर्चा गरेको पाइन्छ ।

लुइ सोह्रौंको पालामा राज्यको २५ प्रतिशत राष्ट्रिय आम्दानी खर्च हुने भेरसाई दरबारको वर्णन गर्दै तत्कालीन शासकको भोगविलासको बयान गरेका छन् । नेपालको स्वयम्भूसँग तुलना गर्दै नामकरण गरेका नेपालीले 'मो मार्थ' हीलको बारेमा यहाँ प्रस्तुत गरेका छन् । त्यहाँबाट देखिने पेरिस सहरको अवलोकन गर्न सकिने कुरा प्रत्यक्षकार भएर देख्न सकिएको भाव व्यक्त गरेका छन् । कलाप्रेमीहरुको लागि उद्गम स्थलको रूपमा परिचित भएको बताएका छन् । हाम्रो जस्तो कृषि प्रधान भनिने देशको कृषिको अवस्था र फ्रान्सको कृषिको आधुनिक शैली देख्दा लेखकलाई आफ्नो देशप्रति ग्लानि हुन्छ । नगन्य मानिस कृषिमा लागे पनि त्यत्रो ठुलो देशमा पर्याप्त कृषिजन्य उत्पादन गर्न सकेको शैली र तोकिएको मापदण्ड अनुसार बजार व्यवस्थापनको नीति नियम देख्दा प्रशंसा गर्न पुगेको देखिन्छ ।

पश्चिमी देश वा सात समुन्द्रपारि जाँदा पनि आफ्नो जन्मभूमि तथा जन्मथलोको नाम सुन्दा लेखकले खुसी व्यक्त गरेको पाइन्छ । फ्रान्सको 'खेजी ले मो' भन्ने नगरपालिका अन्तर्गत 'गोरखा गल्ली' र पनौती गल्ली' नामकरण सुन्दा लेखकलाई आफ्नै देशको अनुभव भएको उल्लेख गरेका छन् । हाम्रो देशको नामकरण राख्न सहयोग गराइदिने रवर्ट ल फल र उनकी श्रीमती ज्याकिलन ल फललाई धन्यवाद दिँदै खुसी व्यक्त गरेका छन् । उनले फ्रान्स र बेलायतको सिमाना जोडिएको युरोस्टारबाट सयर गर्दाको अनुभव पनि पोख्न भ्याएका छन् ।

समुन्द्रको पिँध भन्दा औसत १५० फिट तल निर्माण च्यानल टनेलको बारेमा रोचकपूर्ण घटना प्रस्तुत गर्दै वेलायत पुगेको घटना व्यक्त गरेको पाइन्छ । पेरिस अन्तर्गत रहेको ईफेल टावरको बहुरङ्गी रूपको वयान गर्दै विजय प्रतीकको रूपमा मानिएको त्यस टावरको मनोरञ्जन लिएका कुरा पनि पोख्न भ्याएका छन् । लेखकले विश्व कै सुन्दर कङ्कर्दको सडकमा हिड्न पाएको अनुभव बताएका छन् । फ्रान्सको प्राचीन तथा अत्याधुनिक राष्ट्रिय पुस्तकालयको समेत वर्णन पुस्तकमा लेखकले गरेका छन् । त्यस पुस्तकालयमा कथाकार सीता अर्यालले पुस्तक उपहार दिएको र साहित्य प्रेमीहरुको लागि तीर्थ स्थलको रूपमा रहेको बताइएको छ । विश्वप्रसिद्ध चित्र मोनालिसाको चित्रलाई नजिकबाट नियाल्न पाएको र त्यस चित्रले दिएको अनौठो भावले लेखकलाई समेत छक्क बनाएको प्रसङ्ग व्यक्त गरेका छन् । फ्रान्सको आधुनिक सहर 'ला देफँस' को अत्याधुनिक विकाससँग प्रसिद्ध ग्रेण्ड आर्कको बारेमा लेखकले बताएको पाइन्छ । लेखकले पेरिसदेखि जर्मनसम्म यात्रा गर्दाको अनुभव सहित त्यहाँ सवारी साधनको नियम र शान्त अवस्थाको बारेमा उल्लेख गरेको पाइन्छ । आकाशबाट देखिएको पेरिसको सुन्दर दृश्य मोवानर्स टावरको छतबाट हेर्दा समानान्तर रहेको  ला देफँसको ठुलो आर्क, पेरिस गेट, लुइ सोह्रौं राजालाई टुक्रा-टुक्रा पारी काटेको, कङ्कर्दको पिलर, लुभ्र सङ्ग्राहलयको कारुजेको आर्क देख्दा अनौठो देखिएको बताइएको छ । सेन नदीमा गरिएको नौका विहारको अनुभव व्यक्त गरेका छन् । लेखकले अनुभवहरुको सँगालोलाई सोह्रथुङ्गा फूल शीर्षक राखी सबैलाई एउटै थुङ्गामा उनेर विविध विषयको जानाकारी गराएका छन् । सडकमा गाडी गुड्दा पनि हर्न बजेको नसुनिनु फ्रान्स सभ्यताको पराकाष्ठमा उभिएको बताएका छन् । नेपालमा जथाभावी गाडी हाँक्ने र हर्नले दिने बेफाइदा अशिक्षाले गर्दा सदुपयोग नभएको जनाएका छन् । बिदा मनाउने तरिका आ-आफ्नै हुने र कसैले देश विदेश घुमेर मनोरञ्जन लिएर बिताउने गरेको पाएका छन् । लेखकले शैक्षिक स्तरमा माथि रहेको फ्रान्सेली जनताहरु पुस्तकप्रेमी रहेको पाएका छन् ।समयको महत्त्व वुझेर सबैले हिँड्ने र फुर्सदमा किताबमा आँखा लगाउने देखिएको कुरा बताएका छन् । सामाजिक संरचना हेर्दा लेखकलाई लैङ्गिक समानता भनिए पनि पुरुषतन्त्रात्मक रहेको बताएका छन् ।आफ्नै भाषा र राष्ट्रिय स्तरमा फ्रानसेली भाषा नै प्रमुख भएको हुँदा त्यहाँका जनता भाषाप्रति आकर्षित रहेको देखाइएको छ  । त्यहाँको धार्मिक रीतिरिवाज विविध किसिमको पाएका छन् । लेखकले मानिस जन्मे पछि नगरपालिकामा जन्मदर्ता गराउनु पर्ने, कानुनी वा धार्मिक चर्चमा गएर विवाह गर्ने र मरेको

लाश गाड्ने प्रचलन देखिएको बताएका छन् । कालिगढी र कलामा फ्रान्स निकै धनी रहेको देखाएका छन् । धार्मिक आस्थामा फ्रान्सेली जनताहरु कमै मात्र लागेको पाएका छन् । सरकारले धार्मिक संघ संस्थालाई सहयोग नगरेको प्रसङ्ग उल्लेख छ । त्यहाँको थ्रोकादेरो चोकमा विरोध प्रदर्शनी गर्न पाइने हुँदा पारस युवराज भएर पेरिस गएको बेला त्यहाँ बस्ने नेपालीहरुले यही चोकमा बसेर विरोध प्रदर्शन गरेका कुरा व्यक्त गरिएको छ । सेन नदीको माझमा रहेको दुईवटा टापु र त्यस दृश्यको आनन्ददायी अनुभव सुनाएका छन् । त्यहाँको हावापानी शुद्ध, वायु प्रदूषण न्यून रहेको कुरा उल्लेख छ । संस्कृति र सभ्यताको पराकाष्ठा नाघेको पश्चिमेली देशको प्रभाव फ्रान्समा पनि रहेको बताएका छन् । चुम्बन गर्नु कुनै अनौठो मानिएन जुन हाम्रो समाजमा स्वीकार गर्न गाह्रो हुने कुरा व्यक्त गरिएको छ । लेखकले मगन्तेको माग्ने आफ्नै शैली र जनजीवन देख्दा अनौठो अनुभवे गरेका छन् । फ्रान्समा गएर नेपाली पत्रकारसँग भेटघाट गरेको बताएका छन् । ‘जनआस्था’ साप्ताहिकको ‘२०६३ भाद्र १४ र २१’ गते को लगातार दुई अङ्कमा ‘कथाकार सीता अर्याल र वहाँका श्रीमान्सँग भएको कुराकानीको आधारमा’ भनी पेरिसको कला, कौशल, जनजीवन र संस्कृति झल्किने लेख प्रसारण भएको लेखकले बताएका छन् । फुटबलप्रेमी फ्रान्सेली जनताले विश्वकप समेत हात पार्न सफल रहेको देखिएको छ । विश्वको अन्तरराष्ट्रिय स्तरको फुटबल यहाँको रङ्गशालामा खेलाइने गरिएको छ । लेखकले यहाँ डिपार्टमेन्टल स्टोरको व्यवस्था गरी सबै सामान एकै ठाउँमा खरिद गर्न सकिने र कम्प्युटर प्रणालीबाट बिलको कारोबार धेरै गरेको कुराको जानकारी दिएका छन् ।

यसरी यस नियात्रा वा यात्रा निबन्धमा नियात्राकार राजेन्द्रप्रसाद अर्यालले आफूले फ्रान्समा घुमेको र त्यहाँ देखेका सुनेका र बुझेका कुराहरुको अनुभवको आधारमा त्यहाँ शिक्षा, धर्म, संस्कृत्ति, सरकारी नीति, विकास हरेक क्षेत्रको बयान गरेको पाइन्छ । लेखकको यात्रा निबन्ध स्पष्ट र सरल देखिन्छ । सरल वाक्यमा वर्णनात्मक शैलीमा आफ्ना भावहरु पोखेको पाइन्छ । उनको प्रस्तुति हेर्दा प्रत्यक्ष अनुभवका आधारमा प्रथम पुरुष दृष्टिविन्दुमा एउटा यात्रा अवधिका घटनाहरुलाई आत्मपरक र भावपरक शैलीमा बर्णन गरेको पाइन्छ ।

जेहोस् राजेन्द्रप्रसाद अर्यालले आफूले देखेभोगेका कुरालाई सृङ्खलामा मिलाएर यात्रा निबन्ध साहित्यको पाटोमा पस्किएर पाठक समक्ष पुर्‍याउन सफल भएको देखिन्छ । यस्तो साहित्यलाई टेवा पु-याउने पुस्तकलाई दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशन गरेर साहित्यको गरिमा बढाउन सफल भएको छ ।

## ४.२.६ विकलचन्द्र आचार्यको 'लण्डन मुटु दुख्दा' (आत्मकहानी) को विश्लेषण

विकलचन्द्र आचार्यको जन्म वि.सं. २०३० साल फागु पूर्णिमाको दिन गोरखा बजारमा बाबु रामचन्द्र आचार्य र आमा शुसिला आचार्यका माइला सुपुत्रको रूपमा भएको हो। उच्च शिक्षा अध्ययनका लागि बेलायत पुगेका आचार्यले आफ्नो जीवनमा घटेका यथार्थ घटनालाई जोडेर आत्मकहानी स्वरूप यो पुस्तक **लण्डनमा मुटु दुख्दा** पाठक समक्ष ल्याएका छन् । यस कृतिलाई प्रकाशन गरेर दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले नवौं पुष्पको रूपमा पाठक माझ पुर्‍याएको देखिन्छ । लेखकले कृति प्रकाशन गर्नु पूर्व ज्ञानविन्दु ३ मा हृदयघात रोगको बारेमा सङ्क्षिप्त जानकारी दिएको पाइन्छ । विकलचन्द्रले आफूलाई जीवनमा पर्न गएको भयानक रोगसँगको सङ्घर्षलाई अनुभूति स्वरूप  यस कृतिमा प्रस्तुत गरेका छन् ।

उनको कृतिलाई हेर्दा दैनिकीका टिपोटहरु सङ्कलन गरिएको जस्तो लाग्दछ । कृतिकारले आफूले विदेशमा रहदा भोग्नु परेको रोगको पीडालाई जानकारी दिँदै अरू कसैलाई यस्तो कठिन परिस्थिती आउनुपूर्व सजग हुन पाउन् भन्ने भनाइ प्रस्तुत गरिएको छ । यस कृतिमाथि भूमिका लेखिदिने वरिष्ठ साहित्यकार गोविन्दराज भट्टराई र शैलेन्द्र प्रकाश नेपालले कृतिभित्रका समीक्षा र कृतिले दिन खोजेको भाव स्पष्ट पारिदिएको पाइन्छ ।

कृतिकारले यस कृतिमा **खण्ड एक** र **खण्ड दुई** भनी छुट्याएका छन् । उनलाई थाहा नै नभई हृदयघात भएको हुँदा अस्पतालमा सामान्य उपचार गर्न गएका अचानक भर्ना गरी बेडमा राखिन्छ र उपचार गराइन्छ । डाक्टर र नर्सहरुको निगरानीमा उचित उपचार पाएर घर जाने तयारीमा आफूलाई खुसी व्यक्त गर्न पुगेको देखिन्छ ।

यस कृतिभित्र विकलचन्द्र आचार्यले ह्रदयघात जस्तो घातक रोगबाट बच्न सक्नु र विदेश वा विकसित मुलुकमा विज्ञानले गरेको विकास यहाँ प्रस्तुत गरेको पाइन्छ । लेखकले हस्पिटलमा रहँदा त्यहाँका नर्स र डाक्टरको उचित हेरचाह र निगरानी पाएको बारेमा व्यक्त गरेका छन् । अत्याधुनिक उपकरणले चेकजाँच गर्ने तरिकाको व्याख्या गरेको पाइन्छ । विदेशमा रहँदा एक्लो अनुभूति हुनु र अर्न्तमुखी स्वभावले चिन्ता  मनमा उब्जिन गएको प्रसङ्ग व्यक्त गरेका छन् । लेखकले चिन्ता र खानपानको कारणले ह्रदयघात हुन सक्ने कुरा व्यक्त गरेका छन् । आफू बिरामी भएको दश महिनाको अवधिमा अस्पताल र घरमा रहँदाको अवस्थामा बिताएका समयको विवरण प्रस्तुत गरेका छन् । मनोवैज्ञानिक रूपबाट बुझ्न अस्पतालमा डाक्टरले फेरी उनलाई बोलाएको अवस्थाको वर्णन छ ।

रोगीले नियमित ब्यायम गर्नेपर्ने हुन्छ । खानपानमा पूर्णतः सचेत रहनु पर्ने कुरामा जोड दिएका छन् । लेखकले यस कृति भित्र क्रिसमस नयाँ वर्षको चर्चा पनि गर्न भ्याएको पाइन्छ । कतै कहीं साहित्यप्रतिको आकर्षणका कारण भावुक भएर कविता कोरेको पाइन्छ । अस्पतालमा बिताएका समयमा सँगै बिरामी भएका पात्रहरुसँगको भलाकुसारी पनि लेखकले पोख्न भ्याएको देखिन्छ ।

यहाँ लेखकले आफूले भोग्नु परेको पीडा अरूले भोग्नु नपरोस् भन्ने भाव व्यक्त गरेका छन् । ह्रृदयघात हुनु र त्यसबाट बच्ने उपचारको तरिका बताएको पाइन्छ । मुटुरोग लाग्नुको कारण बताइएको छ । लेखकले रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नबाट बच्ने उपाय प्रस्तुत गरेका छन् ।

विदेशमा कामको सिलसिलामा रहँदा उनलाई हृदयघात हुन्छ । कलिलै उमेरमा हृदयघात हुनुको पीडाले लेखकको मन विचलित  देखिन्छ । उनले यस कृतिमा आफूलाई रोग लागेको दश महिनाको समय भित्र भोगेका कुराहरु प्रस्तुत गरेका छन् । यस लेखमा लेखकको मन बिसृङ्खलित देखिएको छ । लेखकले भावुक भएर आफ्ना भावनाहरु पोख्न भ्याएका छन् । यस लेखमा लेखकले सामाजिक र पारिवारिक प्रसङ्ग नदेखाई नितान्त निजी जीवनमा आफूले भोग्न परेको पीडा  पोखेको पाइन्छ । यस रोगबाट बच्ने उपाय बताउँदै आफूले भोगेका कुराहरु प्रस्तुत गरेका छन् । उनको यो आत्मकहानीले पाठकमा रोग सम्बन्धीको ज्ञान बढाउन सहयोग गर्ने छ ।

सरल, सहज भाषामा लेखिएको यस कृतिले ह्रृदयघात वा मुटुरोगीलाई मात्र उपयोगी बनाएको छैन । यहाँ सबै पाठकहरुले सचेत रहनु पर्ने कुराको जानकारी गराएको पाइन्छ । आफूले भोगेका यथार्थ भोगाइलाई शब्दमा उनेर विसृङ्खलित भावमा भए पनि रोचक देखाएका छन् । साहित्यमा काल्पनिक भाावलाई यथार्थ बनााएर लेख्ने क्षेत्रमा आफूले भोगेको यथार्थ पक्षलाई आत्मकहानीको डोरीमा उनेर दैनिकी वा टिपोटबाट आफ्ना भावहरु पोखेको देखिन आउँछ । पीडारूपी भाव पोखिएको भए तापनि अभिरुचिपूर्ण र शैली प्रवाहशील रहेको छ । आत्मकहानी स्वरूप लेखिएको यस कृति दण्डपाणी अर्ज्याल स्मृतिकेन्द्रले नवौं प्रकाशन पुष्पको रूपमा पाठक सामु पुर्‍याउन सफल भएको देखिन्छ ।

## ४.२.७ तुलसीनाथ घिमिरेको 'इटाली र अस्ट्रेलियाका रमाइला सम्झना' को विश्लेषण

वि.सं. १९९५ जेठ २६ गते धर्मस्थली काठमाडौंमा नेत्रकुमारी तथा विष्णुप्रसाद घिमिरेको सुपुत्रको रूपमा जन्मिएका व्यक्तित्वको नाम नै तुलसीनाथ घिमिरे हो । त्रि.वि. मा स्नातक गरेका घिमिरे तत्कालीन श्री ५ को सरकारका कर्मचारी हुन् । अध्ययनको सिलसिलामा सरकारबाट अवसर प्राप्त हुँदा अस्ट्रेलिया र इटाली पुगेका थिए । आफ्नो अध्ययनको क्रममा विदेशमा रहँदा र त्यहाँ देखिएका ठाउँहरुको बारेमा रमाइलो ढङ्गले लेखकले यहाँ प्रस्तुत गरेका छन् । नियात्राको रूपमा लेखिएको घिमिरेको यस कृतिलाई संस्मरणात्मक निबन्ध भन्न सकिन्छ । उनको यो नियात्रात्मक कृति दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले दशौं पुष्पको रूपमा प्रकाशन गरेको छ । यसबाट पाठकहरुले साहित्यको रूपमा कृतिलाई ग्रहण गर्न सक्ने हुँदा सन्तुष्टि दिन सकिने कुरा व्यक्त गरिएको छ । लेखकले यस कृति भित्र अस्ट्रेलिया र इटाली जस्ता देशमा पुग्दा र त्यहाँ रहँदाको अवस्थालाई संस्मरण गर्दै पाठकमाझ चाखिलो पाराले आफ्ना भावहरु पोखेको पाइन्छ । लेखकले कृति भित्र आफू त्यहाँ पुग्दा देखिएका पश्चिमी सभ्यताका कुराहरु प्रष्टसँग बताएको पाइन्छ । उनले पश्चिमी देशको विकाससँगै खुला यौन स्वतन्त्रतालाई जस्ताको तस्तै बताएको पाइन्छ । विकसित समाजमा देखिएका आधुनिक जीवनशैलीको वर्णन गरेका छन् । उनले विदेशमा एक्लिएर बस्नु पर्दाको क्षणको चित्रण उतारेका छन् । भाषा समस्याले पर्न गएको अप्ठ्यारो परिस्थितिलाई पनि पोख्न भ्याएको पाइन्छ । आत्मीयता भनेको गोलार्द्धले मात्र नहुने रहेछ । साथीप्रतिको मित्रता विश्वको जुनसुकै कुनामा रहेर पनि हुनसक्ने कुरालाई प्रस्ट पारिएको छ । लेखकले आफू सहित पाँच जनाको टोली अस्ट्रेलिया गएको प्रसङ्ग सँगै कृति बढाएका छन् । यस कृतिलाई लेखकले चार भागमा पस्केको दखिन्छ । (१) कङ्गारुको देश, भेडाको मासु र हर्नियाको उपचार (२) बहनीको माल र हङकङको बबाल, (३) अफ्रिकी नाच र मिलानको पर्यटन प्रदर्शनी र (४) इटालीमा विद्यार्थी बनेर बस्दा ।

लेखकले अस्ट्रेलिया जाँदा भेडाको मासु सेकुवाको रूपमा खाएको प्रसङ्ग उठाएका छन् । यहाँ अस्ट्रेलियालाई कङ्गारुको देश भनेर चिन्न सकिने कुराको बयान गरेका छन् । उनले पढाइमा रहँदा आफू बिरामी हुनु र हर्निया रोग लागेको वताएको पाइन्छ । त्यहाँ माल लान पाईने भन्दा बढी वजनको हुँदा अनुरोध गरेको प्रसङ्ग उठाएको पाइन्छ । लेखकको अनुरोध स्वीकारी वायु निगमको कर्मचारीले छुट दिएको कुरा व्यक्त गरिएको छ । मिलानको

पर्यटन प्रदर्शनीमा नेपालको प्रतिनिधित्व गरी गएको कुरा उल्लेख छ । त्यहाँ देखाइएको अफ्रिकी नाचको चर्चा गरिएको छ । इटालीमा विद्यार्थी बन्दाको अवस्थाको वर्णन धेरै गरिएको छ । लेखकले पर्यटन मन्त्रालयबाट शैक्षिक प्रमाणपत्र प्राप्त गर्न पठाएको प्रसङ्ग प्रस्तुत गरेका छन् । त्यहाँ पढ्न बस्दा खान, बस्न र बोल्नलाई भाषा नजान्दाको समस्या र भोगेका कठिनाइ व्यक्त गरेका छन् । विभिन्न देशबाट त्यहाँ पढ्न आउने विधार्थी हुने हुँदा धेरै संस्कृति र भाषाको केही मात्रामा भए पनि जानकारी पाउने कुरा उल्लेख छ । बिदाको समयमा विभिन्न ठाउँमा घुम्न पुगेको र देखेको स्थानको वर्णन छ । इटालेली संस्कृति र सभ्याताको परिचय लेखकले गराएका छन् । पश्चिमी सभ्याताको छाडापन खुल्ला यौन स्वतन्त्रता इटालीमा पनि भित्रिएको कुरा उठाएका छन् । विदेशमा रहँदा नेपालीहरुको महत्त्व हुने कुराको वर्णन छ । सबै नेपालीहरुप्रति पारिवारिक साइनो गाँसिएको जस्तो हुने अनुभूति लेखकले गरेका छन् । त्यहाँ पनि चोर, डाँका र ठगी प्रवृति रहेको उल्लेख छ । ती व्यक्तिहरुबाट सजग रहनु पर्ने बताएको पाइन्छ । जुन देश र संस्कृतिबाट आए पनि मित्रता नै ठुलो हुन सक्ने भाव लेखकले एक्लो हुँदाको अवस्थामा परेको अप्ठ्याराबाट थाहा पाएको देखाएका छन् । साथीहरुबाट नै बस्ने ठाउँको व्यवस्था गर्न सकिएको देखाएको पाइन्छ । इटालीमा रहँदा विभिन्न शहरहरु घुम्न गएको बारेमा यहाँ व्यक्त गरिएको पाइन्छ । प्राकृतिक सभ्यता पुराना संस्कृति रोम शहरले देखाएको कुरा उल्लेख छ । इटालेली सभ्यताको इतिहास बुझ्ने अवसर पाएको बताएका छन् । आठ-नौ महिनाको पढाइमा इटालीमा रहँदा लेखकले त्यहाँ देखेका, भोगेका सुनेका र बुझेका इटालेली संस्कृति र सभ्यताको परिचय यहाँ देखाइएको पाइन्छ ।

यस कृतिमा लेखकले 'इटाली र अस्ट्रेलियाको रमाइला सम्झना' भन्ने शीर्षक राखेर मनोरञ्जनपूर्ण रूपमा लेखेको देखिएको छ । सरल र सहज भाषाशैली जस्ताको तस्तै रूपमा यहाँ व्यक्त गरेका छन् । लेखकको पहिलो कृति भएर पनि नियात्रालाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेको देखिन्छ । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशन गरेर पाठक माझ साहित्य मार्फत यस कृति पुर्‍याउन सफल भएको देखिएको छ ।

### ४.२.८ ज्ञानविन्दु–१ पत्रिकाको विश्लषेण

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले आफ्नो कार्य विस्तार र लक्ष्य अनुरूप वार्षिक पत्रिका ज्ञानविन्दु प्रकाशन गर्दै आएको छ । वि.सं. २०६४ कार्तिक महिनामा प्रकाशित ज्ञानविन्दु अङ्क १ वर्ष १ प्रकाशन गरेको छ ।

यस **ज्ञानविन्दु** पत्रिकामा बौद्धिक र प्राज्ञिक क्षेत्रका व्यक्तित्वका अनुसन्धान र वैचारिक लेखहरु, यस संस्थाका गतिविधिहरु, गोष्ठी र यसको कार्यपत्र सहित साहित्य र सिर्जनात्मक लेखहरु समावेश गरिएको छ । ज्ञानविन्दु अङ्क १ वर्ष १ मा विभिन्न क्षेत्र र पेसामा कार्यरत व्यक्तित्वहरुको आफ्ना विचार, दृष्टिकोण र अनुभवहरु व्यक्त गरिएको छ ।

इतिहासकार तुलसीराम वैद्यले **वडाकाजी अमरसिंह थापा निस्वार्थ राष्ट्रभक्तिका प्रतीक** भन्दै अमरसिंह थापाप्रति भावपूर्ण श्रद्धा व्यक्त गरेको पाइन्छ । उनले राष्ट्रका सच्चा सपुतको रूपमा अमरसिंहलाई लिएका छन् । **कामना** कविता मार्फत शिवहरि मरहट्टाले गोर्खा राज्यको गौरव र धर्म संस्कृतिको कुराहरु ओकल्दै कवितामा प्रस्तुत गरेका छन् । गोरखाली इतिहासविद् स्व. दण्डपाणि अर्ज्यालले **गोरखाको ऐतिहासिकता** शीर्षकमा गोरखा राज्यको स्थापना र नामकरणसँगै विस्तारको बारेमा चर्चा गरेका छन् ।

टीकाराम अधिकारी दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ भित्र **सम्झनाका थुङ्गाहरुमा मगमगाइरहेका गोरखाका इतिहास बुढा** भन्दै स्व. दण्डपाणि अर्ज्यालप्रति परिवार, सामाजिक व्यक्तित्व, शिक्षाविद्, इतिहासकार तथा राष्ट्रिय व्यक्तित्वहरुले श्रद्धाभाव व्यक्त गरेका कुरालाई यहाँ प्रस्तुत गर्दछन् । **बृहत् इतिहास गोष्ठी र मेरा मनका तरङ्गहरु** शीर्षक अन्तर्गत आफ्ना अनुभूतिलाई पोख्दै राजेन्द्रप्रसाद अर्याल **नेपाल राष्ट्रनिमार्णको वास्तविकता** भन्ने गोरखामा गरिएको गोष्ठीमा इतिहासले आफ्नो मनमा जन्माएको खुलदुली र तरङ्गलाई प्रस्तुत गर्न पुग्दछन् । छन्दकवि नेत्रमणि आचार्यले **धन्य नेपाल आमा** भन्दै नेपालको पूर्व-पश्चिम, हिमाल, पहाड , तराई सबैको प्राकृतिक वर्णन गरेका छन् ।

**गोरखाली साहित्य विकासमा संस्थागत इतिहासको स्मरण** भन्ने शीर्षकमा अतीतको संस्मरण गर्दै हरिहर अर्यालले साहित्यिक गतिविधिको चर्चा गरेका छन् । त्यतिबेलाको गोरखाको साहित्य इतिहास हेर्दा र आजको अवस्थामा साहित्यिक कार्यक्रमहरू हुँदा फरक भएको धारणा व्यक्त गर्दै साहित्यिक कार्यले निरन्तरता पाउने कुरा उल्लेख गरेका छन् ।

गोविन्दराज भट्टराईद्वारा **एक महान् सभ्यता केन्द्रलाई चिनाउने प्रथम कृति** शीर्षकमा राजेन्द्र अर्यालको ‘फ्रान्सको भ्रमण मेरो संस्मरण’ कृतिमाथि समीक्षा गरेको पाइन्छ । उनले यस पुस्तकलाई एक उत्कृष्ट सृजना हो भनेको देखिन्छ । लैनसिंह वाङदेल पछि यसले प्यारिस (फ्रान्स) लाई सुन्दर नेपालीमा प्रस्तुत गरेको छ, तर यो समग्र छ भनी आफ्नो भनाइ राखेको पाइन्छ ।

दिनेशराज पन्तले गोरखामा आयोजित **नेपालको एकीकरणमा गोरखालीको योगदान** भन्ने शीर्षकमा गोरखाको इतिहास र विस्तारको कार्यपत्र प्रस्तुत गरेको पाइन्छ । यस कार्यपत्रमा पन्तले नेपाल एकीकरणका क्रममा विजय भएका महत्त्वपूर्ण ठाउँको बारेमा व्यक्त गरेको पाइन्छ ।

**नेपालको एकीकरणमा गोरखालीको योगदान विषयक कार्यपत्रको टिप्पणी** गोविन्द टन्डनबाट गरिएको थियो । उनले धर्म र संस्कृतिको कुरा गर्दै गोरखाको नामाकरण गोरक्ष शब्दबाट भएको कुरा व्यक्त गरेका छन् । सुरेन्द्र के. सी. ले **नेपालको एकीकरण: भ्रम र वास्तविकता** भन्ने कार्यपत्र प्रस्तुत गरेको पाइन्छ । यस कार्यपत्रमा नेपालको इतिहासमा कसरी नेपाल राज्य बन्यो भन्ने कुरा उल्लेख छ । आजको अवस्थामा सिङ्गो नेपाल बन्दा इतिहासले कस्ता-कस्ता घटना बेहोर्नु पर्‍यो, पृथ्वीनारायण शाहको एकीकरण थियो वा विस्तारवाद थियो भन्ने प्रश्नमाथि छलफल र ऐतिहासिक आधार लिंदै एकीकरणनै थियो भनिएको छ । पृथ्वीनारायण शाहको लक्ष्य समावेशी आधारमा सिङ्गो नेपाल बनाउने अवधारण थियो भन्ने तथ्य सहित प्रस्तुत गरेका छन् ।

**नेपालको एकीकरण: भ्रम र वास्तविकता** कार्यपत्रमाथि टिप्पणी गर्दै इतिहासकार राजाराम सुवेदीले बुँदागत रूपमा स्पष्ट पार्ने काम गरेका छन् । समावेशी ढङ्गको शासन प्रणाली ल्याउन सके नेपाल स्वर्ग बन्न सक्ने अवधारणा प्रस्तुत गरिएको छ ।

**दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार र पुरस्कृत व्यक्तित्वहरु** शीर्षकमा सीता अर्यालले दण्डपाणि स्मृति पुरस्कार र पुरस्कृत व्यक्तित्वको बारेमा चिनारी दिएको देखिन्छ । वि.सं. २०६३ को उक्त पुरस्कार इतिहासकार ज्ञानमणि नेपाललाई र वि. सं. २०६४ को पुरस्कार दिनेशराज पन्तलाई दिएको जानकारी गराउँदै पुरस्कृत व्यक्तिको परिचय दिने काम गरिएको छ ।

**खुकुरी** शीर्षकको कविता मार्फत सरोज अर्यालले इतिहासमा खुकुरीको महत्त्व उल्लेख गर्दै आफ्नो भागमा खुकुरी राखिदिने धारणा सहित भावहरु पोख्न पुगेको देखिन्छ । **लौह पुरुष को शवयात्रा एवं अन्त्यष्टि कार्यक्रम केही संस्मरण** शीर्षकमा दीपक जोशीले वीर गणेशमान सिंहको दिवङ्गत शरीरको अन्त्यष्टि कार्यमा आफ्नो भूमिका यहाँ व्यक्त गरेका छन् ।

नारायणप्रसाद पोखरेलले **श्रद्धार्पण** शीर्षकको कवितामा स्व. दण्डपाणि अर्ज्यालप्रति श्रद्धाभाव गर्दै उनको सम्झनामा आफ्नो भावहरु पोखेको पाइन्छ । राजनीतिक विषयवस्तु समेटेर **राष्ट्रिय एकता र अखण्डताको सन्दर्भमा संविधान सभा** शीर्षकमा बुद्धिप्रसाद लामिछाने आफ्नो दृष्टिकोण व्यक्त गर्दछन् । हामीले भाइ फुटे गवार लुटे भन्ने उखान चरितार्थ बनाएका छौं भन्ने भाव व्यक्त गर्दै त्यस्तो नहुन आग्रह गरेको देखिन्छ ।

हंसपुरे सुवेदीले **पुरानो गाउँले जीवन तथा उद्देश्य** शीर्षकमा हाम्रो गाउँले जनजीवन र लोकसंस्कृतिलाई उजागर गर्दै गोरसपात र पशुपालन व्यवसाय हाम्रो मुख्य पेसा मानिएको भाव व्यक्त गरेको पाइन्छ । पुरुषोत्तम अर्यालले **ऐतिहासिक दिनः २०६४ कार्तिक १९** शीर्षकमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा आयोजित नेपालको राष्ट्रनिर्माणको वास्तविकता विषयको गोष्ठी गोरखामा सम्पन्न भएको दिन २०६४ कार्तिक १९ लाई विर्सन नसकिने दिनको रूपमा प्रस्तुत गरेको पाइन्छ ।

**रूप** शीर्षकको कथाबाट प्रकाश अविनाशले वर्तमान परिवेशमा बिदेसिएका श्रीमतीहरु र सन्तानप्रतिको आत्मीयताको धमिलोपनसँगै मातृत्व पोख्न सक्ने नारीका अनेकौं रूपको चर्चा गरेका छन् । **कवि हरिहर अर्याल र उनको स्वदेश तिमीलाई खोज्दछ कवितासङ्ग्रह** शीर्षक अन्तर्गत जगत उपाध्याय 'प्रेक्षित' ले पुस्तक समीक्षा गर्दै यस पुस्तकको भाव विश्लेषण गर्न पुगेको पाइन्छ ।

अनिल अर्यालले **मेरो कर्म क्षेत्र** शीर्षकको कविता मार्फत आफ्नै देश वा जन्मभूमि नै कर्म क्षेत्र बनाएर हिड्नुपर्ने संदेश व्यक्त गरेको पाइन्छ । **सुरु नै अन्त्य नहोस्** शीर्षकमा सिताराम अधिकारीले आफ्नो अभिमत दिएको पाइन्छ । उनले देशको राज्य व्यवस्था तानाशाहीबाट पार गर्दै आज सङ्घीयताको परिधिमा उठेको नेपालले राजनीतिक दलहरुको खिचातानीमा नपरी स्वतन्त्रतामा अघि बढ्ने कुरा व्यक्त गरेको देखिन्छ ।

**सम्मिलित संस्कृतिको खोज** शीर्षक अन्तर्गत विष्णु प्रभातले नेपालमा बहुभाषी, बहुसंस्कृति, बहुजाति मानिसहरुले बसोवास गरेको हुँदा सम्मिलित संस्कृतिको खोज हुनुपर्ने कुरामा आफ्नो विचार राखेको देखिन्छ । **स्मृतिकेन्द्रका गतिविधिहरु** शीर्षक राखेर दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेका कार्यहरू र गतिविधि पनि प्रस्तुत गरेको छ । यहाँ स्मृतिकेन्द्रको उद्देश्यहरु समेत प्रस्तुत गरिएको छ । **गजल** शीर्षकमा कपिलचन्द्र खनालले यसै पत्रिका मार्फत आफ्ना भावहरु पोखेका छन् । **सम्झनाका गोरेटाहरू** भन्दै शीतलबाबु रेग्मीले

अतीतको संस्मरण गर्दै स्व. पण्डित दण्डपाणि अर्ज्याललाई सम्झन पुगेको देखिन्छ । **विश्वासमा आज खडेरी पर्‍यो** भन्दै डिल्लीराजले कविता मार्फत भावहरु पोख्न पुगेको देखिन्छ ।

प्रतिभा परिचय दिने क्रममा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा पुरस्कृत दलित छात्रा सोविता परियार** भन्ने शीर्षक राखेर नारायण प्रसाद पाण्डेले पुरस्कृत छात्राको विचारलाई समेत प्रस्तुत गरेका छन् । **मलाई नबिर्सनुस् है** भन्दै गीता रेग्मीले पत्र मार्फत दाजुलाई नबिर्सने वाचा गराउदै आफ्नो दुखेसो पोखेको पाइन्छ । उनले नारीप्रतिको सामाजिक विभेदको अवस्था उल्लेख गर्न पुगेकी छन् ।

यस ज्ञानविन्दुमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको प्रथम साधारण सभाका गतिविधि तथा वार्षिक प्रतिवेदन समेत उल्लेख गरिएको छ । यस स्मृतिकेन्द्रका कार्यसमितिको नामावली समेत पत्रिकामा उल्लेख छ । यस ज्ञानविन्दु १ ले सामाजिक, ऐतिहासिक, शैक्षिक, लोकसंस्कृति वा साहित्यिक दृष्टिकोण समेत समेटेर पत्रिकामा प्रस्तुत गरेको छ । समाजका प्रबुद्ध व्यक्तिहरूको भाव, विचार वा दृष्टिकोणलाई यस पत्रिका मार्फत पाठक समक्ष पुर्‍याउने प्रयास यस स्मृतिकेन्द्रले गरेको छ ।

## ४.२.९. ज्ञानविन्दु : २ पत्रिकाको विश्लषेण

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले कृतिहरु प्रकाशन गर्ने लक्ष्य अनुरूप वि. सं. २०६५ को **ज्ञानविन्दु–२** पत्रिका पनि प्रकाशित गरेको छ । २०६५ कार्तिक पूर्णाङ्क २ वर्ष २ को ज्ञानविन्दुमा प्राज्ञिक व्यक्तित्वको विचार, राय, सल्लाह र सुझाव प्रस्तुत गर्ने लक्ष्य सहित सांस्कृतिक र साहित्यिक पक्षलाई पनि समेटेर प्रस्तुत गरेको छ । ज्ञानविन्दु १ को बारेमा छलफल र प्रस्तुति सहित कार्यपत्रको टिप्पणी ज्ञानविन्दु २ मा समेटिएको देखिन्छ ।

इतिहासविद् अथवा ज्योतिष पण्डित दण्डपाणि अर्ज्यालले **भ्याल्ला भूमे** शीर्षकमा प्रचलित लोक कथामा आधारित जनश्रुतिलाई गोरखाको उत्तरी भागमा अवस्थित भ्याल्लाभूमिमा रहेको भूमे देवताको महिमा प्रस्तुत गरेको देखिन्छ ।

वसन्तकुमार शर्मा नेपालद्वारा **एउटा संयोग र कस्तो–कस्तो प्रसङ्ग** शीर्षकमा अतीतलाई स्मरण गर्दै साहित्यकार भैरव अर्यालप्रति श्रद्धाभाव व्यक्त गरेको पाइन्छ । जयराज आचार्य **एकीकरणकालीन र वर्तमान नेपालको कूटनीति** भन्ने शीर्षक राख्दै नेपाल एकीकरणको बारेमा आफ्नो दृष्टिकोण व्यक्त गर्न पुगेको पाइन्छ । स्मृतिकेन्द्रले आयोजना

गर्दै आएको विचार गोष्ठीमा २०६५ साल कार्तिक ३० गते काठमाडौंमा आयोजित **नेपालको राष्ट्रिय एकीकरणका सांस्कृतिक पूर्वाधारहरू** कार्यपत्र मोदनाथ प्रश्रितले प्रस्तुत गरेका थिए ।

मुकुन्दराज अर्यालबाट **केही प्रश्न केही सुझाव** शीर्षकमा नेपालको सांस्कृतिक विविधता, नेपाल राज्यको विस्तार र एकीकरणका बारेमा प्रस्तुत गरिएको कार्यपत्रको टिप्पणी गरिएको थियो । दोस्रो कार्यपत्र **नेपालको एकीकरणमा भाषा साहित्यको भूमिका विशेषतः संस्कृत साहित्यका सन्दर्भमा** भन्दै ठाकुरप्रसाद पराजुलीले प्रस्तुत गरेका थिए । यस कार्यपत्रमा किराँतकालीन नेपालको धार्मिक अवस्था, नेपालमा वैदिक संस्कृतिको अवस्था साथै दुई मूल संस्कृतिका आधारभूत चिनारी दिएको देखिन्छ । नेपालमा बुद्ध दर्शनको प्रभाव, एकीकरणमा भाषाको भूमिका, देवनागरी लिपिको वारेमा व्यक्त गरिएको छ । विभिन्न विषयका ग्रन्थ र शिक्षा, धर्म र देवीदेवताको प्रभाव, गहना, कपडा, गीत, भाका, वाजा, ढोगभेट,हाँसो ठट्टा, उखान टुक्का आदिबाट निर्मित भावनात्मक एकताको बारेमा समेत यस कार्यपत्रमा उल्लेख गरिएको छ ।

वासुदेव त्रिपाठीद्वारा **सुन्दर कार्यको प्रशंसा गर्नुपर्छ** भन्दै दोस्रो कार्यपत्रको टिप्पणी गरिएको थियो । यही कार्यपत्रको टिप्पणी गर्ने अन्य विद्वान्हरुमा तेजेश्वरबाबु ग्वंग, दिनेशचन्द्र रेग्मी, ज्ञानमणि नेपाल, रामप्रसाद उपाध्याय पोखरेल, दिनेशराज पन्त, सुमन ढकाल, सुरेन्द्र के. सी. र विष्णुराज आत्रेय रहेका थिए । यसै कार्यपत्रको टिप्पणीहरुप्रतिको जवाफमा मोदनाथ प्रश्रित र ठाकुर प्रसाद पराजुलीले गरेको पाइन्छ । सबै विद्वान्हरुको छलफल पछि अतिथिहरु तुलसीराम वैद्य, सत्यमोहन जोशी र मदनमणि दीक्षितले आफ्नो भनाइ व्यक्त गरेको पाइन्छ ।

कपिलचन्द्र खनालले **गजल** शीर्षकमा राजनीतिलाई व्यङ्ग्य गर्न पुगेको पाइन्छ । वर्तमान नेपालको सङ्घीयताको कुरालाई सुरेन्द्र के.सी. ले **नेपालमा सङ्घीयता किन र त्यसको आधार के** ? भन्ने शीर्षकमा राजनैतिक दृष्टिकोण व्यक्त गरेका छन् । **नाथ सम्प्रदाय र सिद्ध गोरखनाथ** शीर्षकमा जगमान गुरुङले नेपालमा नाथ सम्प्रदाय र सिद्ध गोरखनाथको सांस्कृतिक महत्त्वको बारेमा प्रस्तुत गरेको पाइन्छ ।

साहित्यकार बिष्णु प्रभातले **उत्तर आधुनिक गफ सुनेपछि** भन्दै भ्रमलाई वास्तविक मान्य उत्तरआधुनिक मान्यताको विरुद्ध साहित्य, सङ्गीत र कला यथार्थ हो भन्ने मान्यता

अघि सार्न पुगेका छन् । प्रेमशान्ति तुलाधरले **सत्यमोहन जोशी सङ्क्षिप्तः परिचय** शीर्षकमा यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रदान गर्दै आएको ‘दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार’ प्राप्त गर्ने संस्कृतविद् सत्यमोहन जोशीको जीवनी उल्लेख गरेको पाइन्छ ।

**विदेशमा बस्ने नेपाली र दोहोरो नागरिकताको आवश्यकता** शीर्षकमा आफ्नो अभिमत दिदै हरिहर अर्यालले विदेशिएका नेपालीहरुलाई किन दोहोरो नागरिकता आवश्यक पर्दछ भन्ने कुरा प्रस्ट पार्ने काम गरेका छन् । नरहरि आचार्यले राजनैतिक दृष्टिकोणबाट बुँदागत रूपमा **गणतन्त्र नेपालको राज्य संरचनाका आधारहरु** भन्ने शीर्षकमा सङ्घीय नेपालको अवधारणा प्रस्तुत गरेका छन् ।

**आत्मीय अङ्गालोमा बाँधिएको बृहत् साहित्यिक यात्रा** शीर्षकमा राजेन्द्र अर्याल यात्रा संस्मरण गर्दै गोरखामा भएको २०६४ सालको साहित्यिक कार्यक्रमको रमाइलो अनुभूति र गोरखालीको साहित्यप्रतिको अग्रसरताको बारेमा वर्णन गर्न पुगेका छन् । प्रकाश वस्ती **फेरि बीसे नगर्चीको सम्झना** शीर्षकमा आजको वर्तमान परिवेश स्वार्थ र आडम्बर युक्त बन्दै गएको हुँदा देशलाई बीसे नगर्ची जस्ता स्वाभिमानी र राष्ट्रभक्त नागरिकको खाँचो छ भन्दै फेरि  देशमा बीसे नगर्ची बनेर जनता लाग्नु पर्ने कुरामा आफ्नो विचार व्यक्त गर्न पुगेका छन् ।

**काशी ललिताघाटको नेपाली मन्दिर र शिवप्रसाद अर्ज्याल** शीर्षक अन्तर्गत खोजबिनको प्रसङ्ग कोट्याउंदै दुर्गाप्रसाद अर्यालले काशीमा अवस्थित ललिताघाटको नेपाली मन्दिर र त्यहाँ लेखिएको शिवप्रसाद अर्ज्यालको बारेमा इतिहासले खोज्नु पर्ने कुरामा जोड दिएको पाइन्छ । संस्कृतिको परिचय दिने क्रममा **राष्ट्रिय एकताको प्रतीक र नेपाली संस्कृति** शीर्षकमा वीणा पौड्यालले विविध संस्कृतिको धनी देश नेपाललाई एक जाति, धर्म र संस्कृतिलाई मात्र नसमेटी सबै वर्ग जाति र समुदायलाई समेट्न सकेमा नेपाली संस्कृतिको परिचय दिनसकिने कुरा उल्लेख गरेको पाइन्छ ।

कथाकार सीता अर्यालले **दु :खी आत्माराम** कथा मार्फत  २०६२/०६३ को जन आन्दोलनमा घाइते भएर अस्पतालको सैयामा नीरिह जीवन बिताउन बाध्य नेपाली युवाको अवस्था चित्रण गरेको देखिन्छ । यहाँ विक्षिप्त परिवारलाई सरकारले दिनुपर्ने राहत नपाएको गुनासो समेत उल्लेख गरेको पाइन्छ । **तिमी को हौ**? कविता मार्फत यस स्मृतिकेन्द्रका

अध्यक्ष शिवहरि मरहट्टाले जनतालाई झुटो आश्वासनमा आशक्त पार्न खोज्नेप्रति तीखो प्रहार गर्दै आफ्ना भाव व्यक्त गरेको पाइन्छ ।

स्व. बद्रीनाथ आचार्यले अनुपमा खनालसँगको कुराकानीमा **बहुप्रतिभाका धनी दण्डपाणि अर्ज्याल** भन्दै आफ्नो सहपाठीको व्यक्तित्वको बारेमा बताएको पाइन्छ । गीता रेग्मीले **मान्छे बन्ने रहर** पत्र-साहित्य मार्फत एउटी नारीको पीडा र छोरी जन्मेपछि घरपरिवारले गर्ने अपहेलनासँगै लाञ्छना खप्नुपर्ने वाध्यताको बारेमा दाजुलाई बताएको पाइन्छ ।

विश्वेश्वरी अधिकारीले **चन्द्रप्रभाः सङ्क्षिप्त समीक्षा** भन्दै गोरखा राज्यको विस्तारसँगै नेपाल एकीकरणमा चन्द्रप्रभादेवीले खेलेको भूमिकाको बर्णन गरेको पाइन्छ । तत्कालीन समयमा पनि महिला समाजको नेतृत्वमा उत्रन सक्नु नै चन्द्रप्रभाको मुख्य योगदान थियो भन्ने भाव यहाँ व्यक्त गरिएको छ । यस ज्ञानविन्दु २ मा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले गरेका वार्षिक गतिविधि, ज्ञानविन्दु १ को लोकार्पण कार्य, पुरस्कारको रकम वृद्धि, २०६५ सालको प्रतिभा छनौट, तेस्रो साधारण सभा सम्पन्न, वृहत् विचार गोष्ठीको अयोजना, पुरस्कार प्राप्त रकम स्मृतिकेन्द्रलाई प्रदान, आजीवन सदस्यमा वृद्धि सहित प्रतिवेदनको प्रस्तुति समेत यसमा उल्लेख गरिएको छ ।

ज्ञानविन्दु १ को पुस्तक समीक्षा गर्ने काम समालोचक रामप्रसाद ज्ञावलीले गरेको पाइन्छ । यहाँ समग्रमा समीक्षा गर्दा ज्ञानविन्दुको पहिलो वार्षिक अङ्क अतीतप्रतिको मोह, वर्तमानप्रतिको असन्तुष्टि र भविश्यप्रतिको आकङ्क्षा बोकेको महत्त्वपूर्ण पत्रिका हो भन्दै आफ्नो समालोचकीय दृष्टिकोण राखेको पाइन्छ । यस ज्ञानविन्दु वार्षिक पत्रिकाले विभिन्न क्षेत्र र संस्थासँग कार्यरत व्यक्तित्वहरुको विचार, अनुभव, सुझाब, राय-सल्लाह दिन सकेको हुँदा ज्ञानविन्दु १ ले जस्तै गरी ज्ञानविन्दु २ ले पनि पाठक सामु आफूलाई अगाडि लैजान सकेको देखिएको छ ।

### ४.२.१० ज्ञानविन्दु अङ्क -३ पत्रिकाको विश्लषेण

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशन गर्दै आएको वार्षिक पत्रिका ज्ञानविन्दुलाई निरन्तरता दिंदै ज्ञानविन्दु वर्ष ३, पूर्णाङ्क ३, २०६६ साल कार्तिकमा प्रकाशन गरेको छ । यस ज्ञानविन्दु पत्रिका मार्फत स्मृतिकेन्द्रले विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वका लेख रचनाहरु प्रकाशन गर्ने कार्य गरेको छ । राष्ट्रिय स्तरका व्यक्तित्वदेखि इतिहास, संस्कृति र साहित्यका

विभिन्न विधामा कार्यरत व्यक्तित्वहरुका राय, सल्लाह, सुझाब, टीका टिप्पणी, खोज, अनुसन्धान जस्ता विविध क्षेत्रलाई समेटेर यस पत्रिका मार्फत पाठक समक्ष पुऱ्याउने लक्ष्य अनुरूप कार्य गर्दै वार्षिक पत्रिका ज्ञानविन्दु प्रकाशन गर्दै आएको देखिएको छ । यस्तो ज्ञानवर्द्धक र बौद्धिक पत्रिका ज्ञानविन्दु ३ मा पनि विभिन्न व्यक्तित्वका आफ्ना जीज्ञासा प्रस्तुत गरिएको पाइन्छ ।

ज्योतिषविद् स्व. दण्डपाणिकै लेख रचना प्रकाशन गर्ने लक्ष्यसँगै यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले हरेक वर्ष प्रकाशन गर्दै आएको वार्षिक पत्रिका ज्ञानविन्दुमा उनका लेख रचनाहरु प्रकाशित गर्दै आएको देखिन्छ । यसै क्रममा ज्ञानविन्दु ३ मा दण्डपाणि अर्ज्यालले **सद्विद्या–आर्जन गर !** भनी हामी हिन्दु धर्मावलम्बी भएको नाताले सद्विद्या आर्जन गर्नुपर्ने र यसैबाट विश्व ज्ञान प्राप्त गर्न सकिने कुराको चिन्तन प्रस्तुत गरेका छन् ।

राजेश्वर देवकोटाले **युवाहरु नै युगप्रदर्शक हुन् !** भन्ने विचारसँगै आफ्नो धारणा राखेको देखिन्छ । देशको खम्वा वा आधार स्तम्भ भनेका युवा हो । युवाशक्ति नै देश निर्माणको मुख्य शक्ति हुनाले युवाहरु नै युगप्रदर्शक हुन् भन्ने भनाइ व्यक्त गरेको पाइन्छ । त्यसैले सहिद, बालक वा बुढाबुढी नभई युवा हुनेहुँदा युवाशक्तिले देशमा हरेक परिवर्तन गर्न सक्ने धारण प्रस्तुत गरेका छन् ।

जयराज आचार्यद्वारा **नेपाल-भारत सम्बन्धः एक चर्चा** भन्दै नेपाल र भारतले मित्रताको भावना राखेर सम्बन्ध सुमधुर पार्नुपर्ने  र द्विपक्षीय सम्बन्ध सुदृढ बन्न सक्दछ भन्ने भाव व्यक्त गरेको पाइछ । सत्यमोहन जोशीले **लोककथामा आधारित प्राचीन प्रस्तरमूर्ति विरुपाक्ष** भन्ने शीर्षकमा त्यस मूर्तिको लौकिक जनश्रुति अनुसार निर्माण कसरी भयो भन्ने कुरा व्यक्त गरेको पाइन्छ । साहित्यकार गोविन्दराज भट्टराईले **सबैजसो नयाँ सिद्धान्त अन्तरविषयक हुँदैछन्** भन्ने भनाइमा उत्तरआधुनिक युगसँगै जन्मिएका साहित्यका विभिन्न वादहरु र तिनीहरु एकआपसमा सामञ्जस्य रहेको कुरा बताएको देखिन्छ । नेपालमा पनि ती वादहरु साहित्यमा भित्रिएको कुरा प्रस्तुत गरेको पाइन्छ ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रस्तुत गर्दै आएको विभिन्न विषयसँग सम्वन्धित विचार गोष्ठीको कार्यपत्र मध्ये वि.सं. २०६६ सालको गोष्ठीमा **गण्डकी अञ्चलको शैक्षिक विकास, परम्परा र प्रवृत्ति** भन्ने शीर्षकको कार्यपत्र अनुसन्धाता राजाराम सुवेदीबाट प्रस्तुत गरिएको थियो । त्यस कार्यपत्रमा सुवेदीले गण्डकी अञ्चलमा शिक्षाको विकासलाई

प्राचीनकालको संस्कृत शिक्षाको अवस्था र विकाससँगै अहिले आधुनिक शिक्षाको बारेमा प्रस्तुत गरेका थिए । ऋषिकुल र गुरुकुल परम्पराको शिक्षा पद्धतिमा रहेर स्मृतिशास्त्र, संगीत तथा नाटक, काव्य र महाकाव्य, ज्योतिषशास्त्र, योगशास्त्र, आयुर्विज्ञान शास्त्र, तन्त्रशास्त्र, अर्थशास्त्र, स्थापत्यशास्त्र जस्ता विभिन्न क्षेत्रसँग सम्बन्धित विषयको शिक्षा दिइने कुरा उल्लेख छ । नेपालको शिक्षा प्रणाली पनि गुरुकुलीय शिक्षाप्रणालीबाट विकास हुँदै वर्तमान अवस्थामा आएको छ । गण्डकी अञ्चलको शैक्षिक विकास यही संस्कृत शिक्षाबाट नै विकास हुँदै आएको कुरा प्रस्तुत गरिएको छ ।

यही कार्यपत्र माथि टीकाराम अधिकारीले **केही विषयमा प्रष्टताको खाँचो छ** भनी टिप्पणी गर्दै सबै विषयको बारेमा प्रष्ट नभएको वताएको पाइन्छ । अपौरुषिय र पौरुषिय विधा वा ज्ञाननिर्धारणको आवश्यकता, ज्ञान र शिक्षालाई साध्य र साधनको रूपमा ग्राह्यताको आवश्यकता र प्राचीन पाठ्यवस्तुको जस्तै आधुनिक पाठ्यवस्तुको उपादेयता प्रष्ट पार्न आवश्यकता रहेको कुरा उल्लेख छ ।

यही कार्यपत्रमाथि तिर्थराज खनियाद्वारा **शिक्षाको व्यवहारिक पक्ष समेट्नु पर्दथ्यो** भन्दै टिप्पणी गरेको देखिन्छ । टिप्पणी गर्ने अन्य विद्वान्हरुमा वासुदेब त्रिपाठी, जयराज आचार्य, तुलसीराम वैद्य, भीमराज अधिकारी, इन्द्रविलास अधिकारी र दिनेशचन्द्र रेग्मी रहेको पाइन्छ । साहित्यकार विष्णु प्रभातले **संस्कृतिको परिचयः नवीन अर्थमा** भन्दै सीमित क्षेत्र र समुदायमा रहेर संस्कृतिको सम्मिलन हुन नसक्ने हुँदा हामीले प्राचीन सभ्यताका सांस्कृतिक विकास हेर्दा आर्य र अनार्य बीचको अर्न्तसम्बन्धबाट हिन्दू सनातन धर्मको सांस्कृतिक पहिचान विकसित भए जस्तै राष्ट्रिय संस्कृतिको निर्माण जातीय र क्षेत्रीय सीमा अतिक्रमण गरेपछि मात्रै सम्पन्न हुन्छ भन्ने धारणा यहाँ व्यक्त गरेको पाइन्छ ।

भाषा विज्ञानको सन्दर्भलाई लिएर दुर्गाप्रसाद अर्यालले **अर्थविज्ञान र नेपाली वर्णमालाको अर्थ** को बारेमा व्यक्त गरेका छन् । नेपाली भाषा संस्कृत भाषाबाटै अपभ्रम्स भएको हो । नेपाली वर्णमाला संस्कृत वर्णमालाकै अक्षरहरु हुन् । देव देवताको धर्ती र प्रकृति बोधको अर्थ स्वर वर्ण र व्यञ्जन वर्णबाट अर्थ प्राप्त हुने कुरा प्रस्तुत गरेको पाइन्छ । ध्वनिबाट अक्षर बन्ने र वर्ण र अक्षरबाट अर्थ भएको हुँदा भाषाको उत्पत्ति ध्वनिबाट भएको तथ्य प्रस्तुत गरिएको छ ।

नेपाली सङगीतका प्राज्ञिक श्रीराम आचार्यले **नेपाली सङ्गीत पद्धतिमा स्वर, सुर र राग** को बारेमा परिचय दिएका छन् । सङ्गीत शब्दको परिभाषा सहित सङ्गीतको रूपमा ध्वनि, स्वर र स्वरलाई शुद्ध, तीव्र, कोमल गरी वर्गीकरण गरेर सङ्गीतको नियम स्वर सप्तक, स्वरको स्थान, थाट, अलङ्कार, राग जस्ता सङ्गीतका नियमहरुको बारेमा प्रष्ट्याउने कोसिस गरिएको छ ।

इतिहासविद् दिलबहादुर क्षेत्रीले गोरखा **सङ्ग्रहालयः विवरणात्मक प्रस्तुति** भन्दै गोरखा सङ्ग्रहालयको बारेमा खण्ड छुट्याएर त्यहाँ राखिएका ऐतिहासिक दस्तावेजहरुको विवरणात्मक प्रस्तुति दिएको देखिन्छ । हामीले इतिहासलाई तोडमोड नगरी यथार्थ रूपमा राख्नुपर्ने अवधारणा सहित श्री ५ पृथ्वीनारायण शाह लेखिएको ठाउँमा 'पृथ्वीनारायण शाह' मात्र देख्दा इतिहासको खिल्ली गरिएको आभास व्यक्त गर्न पुगेको पाइन्छ ।

विकलचन्द्र आचार्यद्वारा **हृदयघात् बारे सङ्क्षिप्त जानकारी** भन्ने लेखमा हृदयघात् जस्तो भयानक रोग लाग्ने कारण, लक्षण र त्यसबाट बच्न सकिने उपाएको बारेमा जानकारी गराएको देखिन्छ । हरि मन्जुश्रीबाट **शैक्षिक शिरोभुषणः सुरेशराज शर्मा** भन्दै व्यक्तित्व परिचय दिएको देखिन्छ । यसै क्रममा हरेक वर्ष दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले दिंदै आएको 'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार' वि.सं. २०६६ को प्रतिभा सुरेशराज शर्माको व्यक्तिगत परिचय सहित पारिवारिक पृष्ठभूमि दिने काम यहाँ गरिएको छ ।

साहित्यकार हेमाङ्गराज अधिकारीबाट **नेपाली शब्दकोशको विकासमा विहङ्गम दृष्टि** भन्ने शीर्षक राखी नेपाली शब्दकोशको विकास र विस्तार कसरी भयो भनेर प्रस्तुत गर्न पुगेको पाइन्छ । उनले यहाँ कर्कप्याट्रिकको 'एन एकाउण्ट अफ द किङ्डम अफ नेपाल' मा सङ्कलित नेपाली, नेवारी र अङ्ग्रेजी शब्दहरुको सूची नै यसको अहिलेसम्म प्राप्त पहिलो नमूना हो भनी व्यक्त गरेको देखिन्छ । यस लेखमा विभिन्न विद्वान्हरुले भाषा सम्बन्धी अध्ययन गर्दै नेपाली शब्दकोश प्रकाशित गर्दै आएको कुरा व्यक्त गरेको पाइन्छ ।

नियात्राकार राजेन्द्रप्रसाद अर्यालले **'लिटिल इण्डिया'मा एकदिन** भन्दै बेलायत पुगेर 'लिटिल इण्डिया' देख्दाको अनुभव र नेपालीप्रतिको भाषिक आत्मीयता विदेशमा हुने कुराको चर्चा यहाँ गरेका छन् । संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्गले **ज्ञानविन्दुले सवै विषय समेटेको रहेछ** भन्ने भनाइमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले 'ज्ञानविन्दु' पत्रिका

प्रकाशन गरेकोमा खुसी व्यक्त गर्दै यस स्मृतिकेन्द्रद्वारा पुरस्कृत प्रतिभा सत्यमोहन जोशीलाई धन्यवाद प्रदान गरी आफ्नो विचार प्रस्तुत गरेका छन् ।

सङ्गीतकर्मी रामशरण दर्नालले **नेपाली सङ्गीतः सङ्क्षिप्त अवलोकन** भनी नेपाली सङ्गीतको बारेमा अवलोकन गर्न पुगेको देखिन्छ । उनले यहाँ प्रजातन्त्र पछिको नेपाली सङ्गीत, राष्ट्रिय सङ्गीत, सङ्गीत विधा, लोक सङ्गीत, शास्त्रीय सङ्गीत, लोक वादन, शास्त्रीय वादन, लोक नृत्य, शास्त्रीय नृत्य आदिको चर्चा गरेको पाइन्छ । तेजेन्द्रजङ्ग हिमालीले **पृथ्वीनारायण शाह र नेपाली राष्ट्रियता** को बारेमा आफ्नो धारणा राख्दछन् । उनले यहाँ पृथ्वीनारायण शाहको राज्य एकीकरण लगायत वाइसी चौबिसी राज्यको उल्लेख गरेको पाइन्छ । इतिहासले राम्रो नराम्रो जे काम गरे पनि त्यसलाई मेट्नु हुँदैन भन्ने भनाइमा पृथ्वीनारायण शाहको शालिक भत्काउन नहुने धारणा राखेको पाइन्छ ।

संस्कृतिविद् प्रकाश दर्नालद्वारा सोधखोज गर्दै **बनारस ललिताघाटस्थित साम्राज्यश्वर महादेव मन्दिरको जीर्णोद्धार सम्बन्धी एक चर्चा** भन्ने बारेमा आफ्नो भनाइ राखेको पाइन्छ । हरिहर अर्यालले **गोरखा सधैं हाँसिरहोस् !** कविताको माध्यमबाट गोरखाको ऐतिहासिक विशेषता प्रस्तुत गर्न पुगेका छन् । ज्ञानमणि नेपालले **आदिमहाकवि उदयानन्द अर्जेलका व्यङ्ग्य कविता** भनी उदयानन्दका कविताहरु भित्रका व्यङ्ग्यात्मकतालाई अनुसन्धानात्मक प्रस्तुति दिएको देखिन्छ । कपिलचन्द्र खनालद्वारा **मान्छे र नदी** शीर्षकको कविताबाट मान्छे र नदीको विशेषता देखाउँदै कवितात्मक भाव व्यक्त गर्न पुगेको देखिन्छ ।

सुरेन्द्र के. सी. ले **नेपालको उच्च शिक्षा र त्रि. वि. को भविष्य** माथि प्रकाश पार्दै नेपालको उच्च शिक्षा प्रणालीको पुरातन प्रवृतिलाई परिष्कार गरेर नयाँ सिपमूलक शिक्षा दिन सके देशमा उच्च जनशक्ति उत्पादन गर्न सकिने कुरा व्यक्त गरेको पाइन्छ । विदेश गइरहेको नगद स्वदेशमा परिचालन गर्न सकिने र शिक्षालाई राजनैतिक रूपबाट पृथक राख्नु पर्ने कुरामा जोड दिएको देखिन्छ । गोविन्द टण्डनले **सुखको स्रोत कहाँ छ** ? भन्दै सुख प्राप्ति आफैंमा छ र आफूभित्रबाट सुख प्राप्त हुने कुरा निबन्धको माध्यमबाट व्यक्त गरेको पाइन्छ । होमर श्रेष्ठ कविताको माध्यमबाट व्यङ्ग्यात्मक रूपमा **नदेख नलेख भन्नेहरुप्रति** कवितात्मक भावमा प्रश्न गर्न पुगेका छन् । सुदर्शन राजभण्डारीद्वारा **जलवायु परिवर्तनः कारण, असर र न्यूनीकरणका केही उपायहरु** माथि प्रकाश पार्दै यहाँ आफ्नो भनाइ राखेको पाइन्छ ।

दिनेशचन्द्र रेग्मीबाट **संस्कृति र राष्ट्रिय एकता** को कुरालाई लिएर यहाँ व्यक्त गरेको देखिन्छ । समय अनुसार सांस्कृतिक र सामाजिक रूपको पनि परिवर्तन हुने कुरा उल्लेख गरिएको छ । साहित्यकार लक्ष्मणप्रसाद गौतमले **आधुनिक नेपाली प्रगतिवादी कविता** को बारेमा उल्लेख गर्दै कविताको वर्गीकरण गरेको पाइन्छ । उनले यहाँ प्रारम्भिक मोड, दोस्रो, तेस्रो, चौंथो, पाँचौ र छैटौं मोडमा विभाजन गरेर आफ्नो विचार प्रस्तुत गरेको देखिन्छ । तेजेश्वरबाबु ग्वंगले दशमहाविद्यामा प्रस्तुत अष्टमातृकाको बारेमा **अष्टमातृकाको अवधारणा** शीर्षक दिएर आफ्नो भनाइ प्रस्तुत गरेको देखिन्छ । **मास्टरबाजे अनुकरणीय व्यक्तित्व हुनुहुन्थ्यो** भन्दै जीतबहादुर नेपालीले स्व. दण्डपाणि अर्ज्यालको बारेमा केही भनाइ राखेको पाइन्छ ।

**पापी रैछ दुनियाँ यो !** शीर्षकमा ध्रुवप्रसाद ढकालले वर्तमान समयको स्वार्थी दुनियाँलाई गजलको माध्यामबाट आफ्नो भाव व्यक्त गर्न पुगेका छन् । गीता रेग्मीबाट **महिलाप्रतिको सामन्ती दृष्टिकोण** माथि टिप्पणी गर्दै महिलाप्रति हाम्रो समाजमा गरिने भेदभावपूर्ण व्यवहारलाई यहाँ देखाउन खोजेको पाइन्छ । **दागबत्ती** कथाको माध्यामबाट उपमा मरहट्टाले नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको देखिन्छ । नेपाली समाजमा छोरा पाउनु पर्ने र पुत्रबाट दागबत्ती दिनु पर्ने हुँदा त्यही लालसामा नारीले आफ्नो सर्वस्व त्यागेर पनि सन्तान प्राप्त गर्न पछि पर्दैन भन्ने भाव यस कथामा भन्न खोजेको पाइन्छ । रुपा घिमिरेले **नभाङ्गीएको प्रित** कविताको माध्यमबाट माया प्रेमका कुराहरुलाई कवितात्मक भावमा प्रस्तुत गर्न पुगेको देखिन्छ ।

यस स्मृतिकेन्द्रका कार्यकलापहरुलाई सीता अर्यालद्वारा प्रस्तुत गरिएको छ । अघिल्ला वर्षहरुका ज्ञानविन्दुमा जस्तै ज्ञानविन्दु ३ मा पनि स्मृतिकेन्द्रका गतिविधि प्रस्तुत गरिएको छ। यस स्मृतिकेन्द्रका कार्यहरुमा पुरस्कृत प्रतिभा छनौट एवं घोषणा, चौंथो वार्षिक साधारण सभा सम्पन्न, राष्ट्रिय प्रतिभा स्मारक अनुदान प्राप्त, अक्षयकोषको मूलधनमा बृद्धि, पुरस्कारको रासीमा बृद्धि, विचार–गोष्ठीको आयोजना, पुरस्कार अर्पण तथा ज्ञानविन्दु –२ लोकार्पण, आर्थिक सहयोग, आजीवन सदस्यमा बृद्धि साथै चौंथो साधारण सभामा महासचिवको प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन समेत यहाँ प्रस्तुत गरिएको छ ।

यस ज्ञानविन्दु वार्षिक पत्रिकाले विभिन्न क्षेत्र र कार्यहरुमा सम्लग्न उच्च व्यक्तित्वहरुका राय, सल्लाह, सुझाव, विचार, विमर्श, लेख, रचना छपाएर पाठक समक्ष पस्कन सफल भएको छ । साथै साहित्यलाई सहयोग पुऱ्याउने कार्यमा पनि सफल रहेको

हुँदा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको ज्ञानविन्दु पत्रिकाको प्रगति दिनानुदिन बढ्दै गएको देखिन्छ ।

## ४.२.११ ज्ञानविन्दु -४ पत्रिकाको विश्लषेण

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको ज्ञानविन्दु अङ्क ४ वर्ष ४ वार्षिक पत्रिका प्रकाशन गरेको छ । यस स्मृतिकेन्द्रको ११ औं पुष्पको रूपमा प्रकाशित यस पत्रिकामा पनि विभिन्न व्यक्तित्वहरुको राय, सल्लाह, सुझाव, विचार, विमर्श, आदि दिने काम गरेको छ । इतिहास, राजनीति, संस्कृति, खोज, अनुसन्धान, वातावरण, घटना लगायत साहित्य सम्बन्धी लेखहरु प्रकाशित गर्ने काम गरेको छ । यस ज्ञानविन्दु वर्ष ४ पूर्णाङ्क ४ २०६७ माघ महिनामा प्रकाशित वार्षिक पत्रिकाले विभिन्न उच्च तहका व्यक्तित्वहरुका लेखहरु प्रकाशित गरेको छ । यसले सबै विषय र क्षेत्रलाई समेट्ने प्रयास गरेको छ ।

राष्ट्रपति डा.रामवरण यादवले दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रलाई **प्रशंसनीय कामको सह्राना गर्छु** भनी नामित प्रतिभालाई सम्झदै आयोजक संस्थालाई धन्यवाद प्रदान गरी सुरेशराज शर्मालाई २०६६ सालको स्मृति पुरस्कार प्रदान गरिएको कुरा उल्लेख गरेका छन् ।

स्मृतिकेन्द्रका नामित प्रतिभाले संस्कृति सम्बन्धी लेखमा **वैदिक हिन्दू समाज** सँगै विभिन्न संस्कृति र धर्म सम्मिलित हुँदै आएको अवस्थाको हिन्दू समाजको बारेमा प्रस्तुत गरेको पाइन्छ । **कामनाहरु** कविताको माध्यामबाट कपिलचन्द्र खनालले सृजनशील र पौरखी हातहरुको बारेमा आफ्नो भाव व्यक्त गरेका छन् । यहाँ सृजनाको कला भर्दै हातहरु उठ्नुपर्ने सन्देश दिएको पाइन्छ ।

मदनमणि दीक्षितले वाल्मीकिद्वारा उल्लेख गरिएको **राजा नभएको देशबारे**... त्रेतायुगको रामराज्य र वाल्मीकिद्वारा 'रामायण' मा उल्लेख गरिएको राजा नभएको देशबारे गरिएको व्याख्याको प्रसङ्ग यहाँ प्रस्तुत गरेका छन् । सुरेशराज शर्माले **पुर्खाले दिएका दिव्य ज्ञानको रक्षा गर्नु पर्दछ** भन्ने मन्तव्य दिंदै स्वदेशी भूमि र आफ्नो कर्तव्य बताउँदै पुर्खाले दिएको ज्ञानको रक्षा गर्नुपर्ने भाव व्यक्त गर्न पुगेको देखिन्छ । मीनवहादुर श्रेष्ठले गणितीय दर्शनका कुरा उठाएर **गणितको ऐतिहासिक र दार्शनिक विवेचना** गरेको पाइन्छ । उनले यहाँ आजको अवस्थामा विकसित गणितको सूत्रलाई दार्शनिक रूपबाट व्याख्या गरेका छन् ।

साहित्यकार मोदनाथ प्रश्रितद्वारा **भाषाको दासताः राष्ट्रिय हीनताबोधको अभिव्यक्ति** भन्ने चिन्तनसँगै आजको शिक्षित भनिने समुदायले आफ्नो भाषाप्रति अपहेलना गर्दै नेपाङ्ग्रेजी बोलेको र राष्ट्रिय भाषा र संस्कृतिलाई लात हान्दै गएको भाव व्यक्त गरेको देखिन्छ । कुनै दिन हाम्रा भावी सन्ततीले अङ्ग्रेजी भाषाका शब्द नेपालीमा खोज्नुपर्ने अवस्था नआउला भन्न सकिन्न भन्दै राष्ट्रिय हीनताबोधको अभिव्यक्ति दिएको पाइन्छ ।

कृष्णचन्द्र शर्माले **अङ्ग्रेजी भाषामा नेपाली आख्यान, कविता र अङ्ग्रेजी अनुवाद** भन्ने शीर्षकमा अनुसन्धान गर्दै अङ्ग्रेजी भाषामा नेपाली साहित्य सम्बन्धी कृतिहरुको अनुवाद वा लेखनलाई प्रस्तुत गर्ने कार्य गरेका छन् । दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रत्येक वर्ष विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित विचार गोष्ठी र कार्यपत्र प्रस्तुत गर्दै आएको छ । यस ज्ञानविन्दु ४ मा प्रकाशित **सामाजिक क्षेत्रको विकासमा भौतिक पूर्वाधारको भूमिका** भन्ने कार्यपत्र शितलबाबु रेग्मीले प्रस्तुत गरेका थिए । यस कार्यपत्र माथि दिनेशचन्द्र देवकोटाले **सरल भाषमा गहन कार्यपत्र** भनेर टिप्पणी गरेको पाइन्छ । भीमदेव भट्टले पनि **कार्यपत्र पठनीय छ** भनी टिप्पणी गरेका थिए । सामुहिक रूपमा टिप्पणी गर्नेहरुमा शङ्कर पोखरेल, बुँद राना, सुरेन्द्र के.सी., इन्द्रविलास अधिकारी, श्रीप्रसाद धौभडेल, बुद्धि नारायण श्रेष्ठ, सरोज उपाध्याय, पार्थिवेश्वरप्रसाद तिमल्सिना, तुलसीराम वैद्य लगायतका व्यक्तिहरु थिए । यी व्यक्तिहरुले टिप्पणी गर्ने क्रममा कार्यपत्र पठनीय रहेको कुरा व्यक्त गरेको देखिन्छ । विवेचना गर्ने क्रममा जयराज आचार्यले **हाम्रो राष्ट्रनिर्माणको आन्दोलन र भानुभक्त** भन्दै राष्ट्रनिर्माणमा आदिकवि भानुभक्त आचार्यको भूमिका बताउँदै भानुभक्तका भाषिक, साहित्यिक र संस्कृतिक तवरमा गाइएका रामायणले हाम्रो राष्ट्रिय एकतामा टेवा पुऱ्याएको भाव व्यक्त गरेका छन् ।

संस्कृतिका कुरा उठाउँदै साहित्यकार विष्णु प्रभातले **संस्कार रूपान्तरणको प्रश्न र मृत्यू संस्कार** लाई प्रस्तुत गर्न खोजेको देखिन्छ । उनले संस्कार रूपान्तरणको कुरा गर्दै जन्म, विवाह र मृत्यु संस्कार सबै मानवीय संस्कारका कुराहरु हुनाले हामीले सजातीय रूपमा नहेरी अर्न्तजातीय र अर्न्तदेशीय सम्बन्ध कायम राख्न गयौ भने संस्कार रूपान्तरण हुन सक्ने कुरा व्यक्त गरेका छन् । छन्द कवि भुवनहरि सिग्देल **विनोद बाटिका** कविताको माध्यमबाट संसारको यथार्थ भाव प्रस्तुत गर्दछन् । गोविन्दराज भट्टराईले **समालोचना सिद्धान्तमा प्रयुक्त केही थप अवधारणा** सम्बन्धी लेखमा अघिल्ला अङ्कमा जस्तै क्रमिक

रूपमा समालोचनाका सिद्धान्त सम्बन्धी धारणा  नेपालमा पनि भित्रिदै गएको प्रसङ्ग प्रस्तुत गरेका छन् ।

अनुसन्धाता महेशराज पन्तले **वेणुधरको कर्पूरस्तवदीपिका** शीर्षकमा वेणुधर गोर्खाली र अर्ज्याल वंश थिए भन्ने भनाइलाई अनुसन्धान गर्ने काम गरेको पाइन्छ । इतिहासविद् सुरेन्द्र के.सी.ले **संविधान सभा र सरकारको स्वरूपको प्रश्न** माथि राजनैतिक दृष्टिकोण राखेको पाइन्छ । उनले राजनैतिक रूपमा संविधान सभा र सरकारको स्वरूपको प्रश्नमा आफ्नो भनाइ राख्दै कार्यकारी अधिकार सहितको राष्ट्रपति र कामकाजी प्रधानमन्त्रीय प्रणाली नै नेपालका लागि उपयुक्त हुने देखिन्छ र संसद चाँहि एकसदनात्मक नै उपयुक्त हुन्छ भन्ने भाव व्यक्त गरेका छन् ।  बेनीजङ्गम रावलले **साङ्गीतिक सौन्दर्य सम्बन्धी पाश्चात्य विचार** दिँदै अमूर्त भावबाट उब्जिएको साङ्गीतिक झङ्कार लय हो भन्ने धारणा राखेको पाइन्छ । राजेश्वर देवकोटाले **भेदबुद्धि र पन्थद्वन्द्व** माथि चिन्तन गर्दै विभिन्न धर्मका नाममा भएका आन्तरिक द्वन्द्व र तिनबाट उत्पन्न पन्थद्वन्द्व वा विचारहरुले आफ्नो विचार मात्र लाद्ने र अघि लैजान खोज्ने हुनाले सनातन संस्कृतिको शिक्षा र प्रेरणा फैलाउने कुरामा चिन्तन प्रस्तुत गरेका छन् ।  हरिहर अर्यालले **बनाऊ गोर्खा यो स्वर्ग नगरि** कविताको माध्यामबाट  गोरखालाई स्वर्ग नगरि जस्तो बनाउने भाव व्यक्त गरेको पाइन्छ ।

तुलसीप्रसाद पाठकले **उच्चशिक्षामा विज्ञान र प्रविधि** को वारेमा बताउँदै देश विकास र औद्योगिकीकरणको दिगो विकासको लागि उच्चशिक्षामा विज्ञान र प्रविधीको शिक्षालाई महत्त्वपूर्ण रूपमा हेर्नुपर्ने कुरा यहाँ व्यक्त गरेको पाइन्छ ।  घटनाक्रमलाई लिएर बुद्धिनारायण श्रेष्ठले भारतीय मन्त्री थाहै नपाई  नेपाली भूमिमा भन्दै प्रहरी प्रशासनको फितलोपन हो भनेर औंल्याएको पाइन्छ ।

कथा मार्फत उपमा मरहट्टाले **यो कस्तो सम्झौता** शीर्षक लिएर वर्तमान अवस्थाको वैवाहिक समस्यामा देखिएको यथार्थता प्रस्तुत गरेको पाइन्छ । भाषाशास्त्री माधवप्रसाद पोखरेलले **नेपाली भाषाको विश्व परिवेश र एकरुपताको प्रश्न** माथि व्याख्या गर्दै बिदेशिएका नेपाली र उनीहरुका सन्ततिले नेपाली राष्ट्रिय भाषा विदेशमा जातीयताको आधारमा बोलिए पनि शुद्धता नपाइने कुरा व्यक्त गरेको पाइन्छ । **चुनाव** कविता लिएर गीता रेग्मी देखिएकी हुन् भने जीजुबुबा स्वर्गीय दण्डपाणि अर्ज्याललाई श्रद्धाभाव व्यक्त गर्दै अश्मिता अधिकारी फ्रान्सबाट आफ्ना भनाइ प्रस्तुत गर्न सफल देखिन्छिन् ।

इतिहासको कुरा लिएर प्रेम खत्री **दण्डपाणि, गोरखा र यसको ऐतिहासिक सान्दर्भिकता** भन्दै  गोरखाका इतिहासका ज्ञाता दण्डपाणि अर्ज्याललाई विर्सन नहुने व्यक्तित्वको रूपमा यहाँ व्यक्त गरेका छन् । खोजविनको क्रममा दुर्गाप्रसाद अर्यालले नेपाली भाषा साहित्यको विकासमा काशी हिन्दू विश्व विद्यालयले नेपाली भाषा पढाइ नेपाली भाषाको सम्बर्द्धन गर्न सकेको धारणा व्यक्त गरेका छन् । अविकसित देशको तुलनामा विकसित देशका नारीको सुविधा र गर्भवती महिलाको स्थानलाई उर्मिला अधिकारीले प्रस्तुत गरेको पाइन्छ ।

साहित्यकार सुष्मा आचार्यले **नेपाली आख्यान साहित्यमा लैङ्गिक संवेदना** भनी नारीबादको कुरा उठाउँदै नारीलाई निरीह रूपमा प्रस्तुत गर्ने परिपाटी अन्त्य गरी सबल र शक्तिशाली नारीको रूपमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गरेको पाइन्छ । दिगो विकासका लागि सामाजिक विकासको महत्त्वलाई लिएर निर्मल अर्यालले विकासका कुरा प्रस्तुत गरेको पाइन्छ । शिवहरि मरहट्टाले **विष्णुदत्तको सम्झना** काव्य मार्फत आफ्ना भावहरु पोख्न सफल रहेको देखिन्छ । उदयलालद्वारा **बैकल्पिक व्यक्तित्वका विद्वान् मदनमणी दीक्षित** भन्दै व्यक्तित्व चर्चा गर्ने क्रममा मदनमणि दीक्षितलाई हेर्ने दृष्टिकोण फरक हुनाले उनको व्यक्तित्व फरक –फरक रूपमा देखिएको कुरा व्यक्त गरेका छन् । दीपक जोशीले पर्यटन विकासको कुरा उठाउँदै गोरखाको विकासमा होमस्टे र ग्रामीण पर्यटनलाई विकास गर्न सकिने कुरा व्यक्त गरेको पाइन्छ ।

विष्णुप्रसाद घिमिरे शोधखोज गर्दै सेनकालीन पाल्पाली भाषा र साहित्यबारे सङ्क्षिप्त चर्चा गर्दछन् भने सांस्कृतिक पहिचानलाई प्रस्तुत गर्दै मनकामना माइको मन्दिर गोरखाको मात्र नभएर नेपाली राष्ट्रियताको प्रतीकको रूपमा जगमान  गुरुङ व्यक्त गर्दछन् । फ्रान्स भ्रमणमा देखिएको सेन नदी जस्तो सफा र स्वच्छ नदीलाई वागमतीको प्रतिछायाँ देख्न पुगेको आभाष आफ्नो नियात्रामा राजेन्द्रप्रसाद अर्ज्यालले व्यक्त गर्न पुगेका छन् ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा आयोजित निबन्ध प्रतियोगिताका उत्कृष्ट दुई निबन्ध मैले **खोजेको देश** (राजेन्द्र उपरकोटी र सुवास अधिकारी), **म नेपाली भएर बाँच्छु** (शान्ति सिर्मल) को निबन्ध यस पत्रिकामा प्रकाशित गरिएको छ । वि.सं.२०६७ सालमा स्मृतिकेन्द्रले गरेका गतिविधिहरुको बारेमा सीता अर्यालले प्रस्तुत गरेको पाइन्छ ।

यसरी हरेक वर्ष प्रकाशित गर्दै आएको दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा प्रकाशित ज्ञानविन्दु ४ मा पनि सँधै जस्तै विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरुका विचार, विमर्श, छलफल, टिप्पणी, अनुभव, भाव र घटनाको यहाँ प्रस्तुत गर्ने काम भएको छ । साहित्यलाई समेत टेवा पुग्ने हैसियतले निबन्ध, कथा, कविता र अन्य साहित्य सम्बन्धी लेखहरु पनि यस पत्रिकामा प्रकाशित गर्दै आएको कुरा देख्न सकिन्छ ।

## ४.२.१२. ज्ञानविन्दु-५ पत्रिकाको विश्लषेण

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशन गर्दै आएको वार्षिक पत्रिका ज्ञानविन्दु वर्ष ५, अङ्क ५, २०६८ साल फाल्गुणमा प्रकाशित गरेको छ । हरेक वर्षका ज्ञानविन्दुमा प्रकाशित विचार, विमर्श, राय-सल्लाह, सुझाव, टीका टिप्पणी, खोज अनुसन्धान लगायत साहित्यिक लेखहरुलाई यस ज्ञानविन्दु ५ मा पनि समेटिएको छ । राष्ट्रिय स्तरका विभिन्न व्यक्तित्वहरुको विचार वा भावहरु समेटिएको हुँदा यस पुस्ताकार कृति ज्ञानवर्द्धक छ । हरेक क्षेत्र र तहमा कार्यरत व्यक्तिहरुले त्यस्ता विज्ञहरुको सल्लाह सुझाब जान्ने अवसर प्राप्त गर्न सक्ने देखिन्छ । शिक्षा, इतिहास, संस्कृति र धार्मिक क्षेत्रका विषयहरु समेत समेटिएर लेखिने हुँदा त्यस्ता क्षेत्रसँग सम्बन्धित लेखहरु पनि यस पत्रिकामा प्रकाशित गरेको देखिएको छ ।

यस स्मृतिकेन्द्रका नामित प्रतिभा स्व. दण्डपाणि अर्ज्यालकै अप्रकाशित लेख रचनाहरु प्रकाशित गर्ने लक्ष्यका साथ प्रत्येक अङ्कमा जस्तै यस अङ्कमा पनि उनको लेख प्रकाशित गरिएको छ । धर्मशास्त्र अनुसार **सनातन धर्म : केही चर्चा** भन्ने शीर्षकमा उनले वैदिक धर्मको व्याख्या गरेका छन् । वि.सं. २०३९ सालमा बिरगञ्जमा आयोजित विश्व हिन्दू सम्मेलनमा पठाएको उनको सन्देशमा सनातन वैदिक धर्म वा हिन्दू धर्मका बारेमा प्रस्तुत गरिएको थियो । यहाँ वैदिक धर्म हिन्दू धर्मको मात्र नभई सारा विश्वको धर्म भएको कुरा बताइएको छ । वेदबाट निर्मित यस धर्ममा जातीयताले नभई कर्मले मान्छे ब्राम्हण हुने कुरा व्यक्त गरिएको छ ।

वर्तमान नेपालको राजनीतिक सवालका कुराहरु उठाउँदै प्रधानमन्त्री डा. बाबुराम भट्टराईले **सङ्गठनात्मक कार्यदिशा र तात्कालिक कार्ययोजना** भनी राजनीतिक रूपमा आफ्नो दृष्टिकोण राखेको पाइन्छ । खोजबिनको क्रममा प्राज्ञ मदनमणि दीक्षितले **जिसस् क्राइस्ट भारत र नेपाल आएका थिए !** भन्ने प्रसङ्ग उल्लेख गरेका छन् । उनले व्यापारको

क्रममा भारत आईपुगेका जिसस् क्राइस्ट नेपाल भूमिमा छिरेर बुद्धको ज्ञान हासिल गरेका थिए भन्ने ऐतिहासिक खोजलाई प्रमाणित गर्न खोजेको देखिन्छ ।

डा. मोदनाथ प्रश्रित मिथिला राज्यको स्थापना कसरी भयो भन्ने चिन्तन सहित आफ्ना भनाइ व्यक्त गर्न पुगेका छन् । **ऋग्वेद युगमा स्थापित मिथिलाः संक्षिप्त चर्चा** भन्ने शीर्षक सहित गुरु वशिष्ठको श्रापको कारण निमिको मृत्यु भएपछि उनैको मिथि नाम गरेको छोराबाट जनपद बसाउन मिथिला आएको चर्चा छ । यिनै मिथिको नामबाट मिथिला प्रदेश रहेको कुराको उल्लेख गर्न खोजिएको पाइन्छ ।

डा. शुरेसराज शर्माले **शिक्षाः कति र के का लागि** ? भन्दै आफ्नो शैक्षिक चिन्तन प्रस्तुत गरेका छन् । शिक्षाको ऐतिहासिक विकासको कुरा उठाउँदै संस्कृत शिक्षाबाट नेपाली भाषाको शिक्षामा आकर्षित भएको अवस्थाको बारेमा बताएको पाइन्छ । नेपाली शिक्षाबाट पनि अङ्ग्रेजी शिक्षामा बढ्दै गएको पहुँचले समयसँगै शैक्षिक दृष्टिकोण परिवर्तन हुने बताएको देखिन्छ । जे भए पनि समय र उमेर अनुसार प्राविधिक शिक्षा दिनसके शैक्षिक उन्नति र देश विकाशमा योगदान पुर्‍याउने धारणा यहाँ व्यक्त गर्न खोजेको देखिन्छ ।

प्रा.डा.मिन ब. श्रेष्ठ **गणित दर्शनमा परिवर्तनः एक विवेचना** भन्दै दर्शनका कुराहरु व्यक्त गर्छन् । स्वयम् सिद्ध तथ्य सहित प्रमाणित हुने गणितमा तथ्य र कारण अनुसार ठिक उत्तर आउँछ । यस्तो विषयलाई आ-आफ्नै तरिकाले परिभाषित गरे पनि यसलाई सत्यज्ञानको रूपमा लिएको पाइन्छ । विद्वान्हरुले आ-आफ्नो धारणा अनुसार काल्पनिक र विषयगत निर्माणको रूपमा चिन्तन गरे पनि सामाजिक वस्तुगत निर्माणको रूपमा लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

साहित्यशास्त्र अन्तर्गत गोविन्दराज भट्टराईले अघिल्ला अङ्कमा जस्तै यस अङ्कमा पनि समालोचना सिद्धान्तको बारेमा प्रस्तुत गरेको देखिन्छ । उनले सात शब्दका परिचय, अर्थ र अवधारणालाई यहाँ प्रस्तुत गरेका छन् । माधवप्रसाद पोखरेलले पानी पोखरेलको वंशावलीका आधारमा आत्रि र आत्रेय गोत्र हुनेहरुको वंशावलीका केही समस्या भन्दै पानी पोखरेलहरु खस जातिबाट आएका हुन् कि भन्ने अवधारणा राखेको पाइन्छ ।

साहित्यकार विष्णु प्रभातले संस्कृतिको खोजको क्रममा **मार्क्सवादी सांस्कृतिक प्रणाली** भनी यसको मान्यताहरुको व्याख्या गरेको पाइन्छ । मार्क्सवादको मान्यतालाई सामाजिक प्रतिविम्बनको सिद्धान्त, वर्ग विचार धाराको सिद्धान्त, सकारात्मक सातत्यको

सिद्धान्त, धर्म निरपेक्ष नास्तिकताको सिद्धान्त, प्रयोजनकर्ताको सिद्धान्त, नयाँ मानव मूल्यको सिद्धान्त, नित्य नवीनताको सिद्धान्त भनी सात आधारभूत सिद्धान्तको बारेमा यहाँ व्यक्त गरिएको पाइन्छ ।

उदयलालले **प्रश्रितको सांस्कृतिक योगदान्** भनी जीवनीपरक समीक्षा लेख्ने क्रममा वि.सं. २०६८ सालको 'दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार' प्राप्त गर्ने साहित्यकार मोदनाथ प्रश्रितको जीवनीलाई प्रस्तुत गरेको देखिन्छ । विवेचना गर्ने क्रममा जयराज आचार्यले **गान्धी र आजको सन्दर्भ** शीर्षक दिएर गान्धीको बारेमा कुरा उठाएको पाइन्छ । गान्धीको सान्दर्भिकतालाई लिएर यहाँ अहिंसा, सत्याग्रह, स्वराज, हरिजन र सादा जीवनशैलीको पद्धति विपरीत वर्तमान नेपालको अवस्थालाई औंल्याएको पाइन्छ ।

तेजेश्वरबाबु ग्वंगले **सगुनका स्वरूपः नवरस सञ्चार गर्छ जसले** भन्ने निवन्धको माध्यामबाट नवरसको बारेमा व्यक्त गरेको पाइन्छ । शिवहरि मरहट्टाले **सन्देश** कविता मार्फत जीवनको कर्तव्यसँगै घर बसाउनुपर्ने भाव यहाँ पोखेको देखिन्छ । यस स्मृतिकेन्द्रले हरेक वर्ष प्रस्तुत गर्दै आएको कार्यपत्र जस्तै २०६८ सालको कार्यपत्र **नेपालको तान्त्रिक परम्परा** भन्ने शीर्षमा प्रस्तुत गरिएको थियो । यस कार्यपत्र प्रा. विश्वनाथ उपाध्याय भट्टले प्रस्तुत गरेका थिए भने टिप्पणी व्यक्त गर्नेमा प्रा. डा. मुकुन्दराज अर्याल रहेको पाइन्छ । सत्यदेवीको अङ्ग पतनसँगै नेपालमा पीठहरुको उत्पत्ति भएको र त्यहाँ शिवशक्ति रूपको जन्म भएको धार्मिक प्रसङ्गसँगै तन्त्रसाधकहरुले तान्त्रिक पूजा विधि गर्दै आएको कुरा उल्लेख गरिएको छ । यही कार्यपत्र माथि टिप्पणी गर्ने अन्य टिप्पणीकारहरुमा वेदराज ज्ञवाली, दुर्गाप्रसाद दवाडी, डा. श्रीरामप्रसाद उपाध्याय, डा. दुर्गाप्रसाद अर्याल, डा. विष्णुराज आत्रेय, डा.बमबहादुर थापा 'जिताली' प्रा.डा. माधवराज गौतम,डा. जगदीश शर्मा लगायत माधव लामिछाने रहेका थिए ।

नेपालको इतिहासमा शाह वंशको उदय हुनु भन्दा पहिले नेपाल राज्यमा राज गर्ने राजाहरुको दस्तावेजलाई यहाँ एस. पी. 'आशा' ले **इतिहासको एउटा पाटो** भन्दै योगी बलभद्र नाथजीले दिएको पुरानो हस्तलिखित कागजबाट उतार्ने प्रयास गरेको देखिन्छ । साध्यबहादुर भण्डारीले **नेपाललाई भुटानीकरण गर्ने प्रयत्नमा तराईको भूमिका** भनी राजनीतिक दृष्टिकोणबाट भारतले भुटानलाई जस्तै नेपालको तराई प्रदेश भारतीयकरण गर्न खोजेको आभास प्रस्तुत गरेको पाइन्छ । भुटानमा सैनिक परिचालन गरे जस्तै कुनै दिन नेपालको तराई भूमिलाई एक प्रदेश एक मधेशको अवधारणा ल्याई नेपालबाट टुक्र्याउन

खोजेको आशङ्का व्यक्त गरिएको छ । धार्मिक प्रसङ्ग जोड्दै राजेश्वर देवकोटाले **दुर्गा सप्तशती, चण्डी** भन्ने लेखमा दुर्गा सप्तशती, चण्डी पाठ किन गरिन्छ भन्ने कुराको चर्चा गर्न पुगेका छन् ।

डा. रमेशकुमार ढुङ्गेलले **राष्ट्र निर्माणमा एकीकरणको सन्दर्भ र राज्य पुनर्संरचनाको प्रश्न** माथि  इतिहासको कुरा उठाउँदै वर्तमान सन्दर्भमा नेपालको राज्य पुनः संरचनाको सवाललाई आफ्नो दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ । बहुजाति, बहुसंस्कृति बोकेको नेपालले कतै सङ्घीय राज्यको अवधारणा अनुसार लैजाँदा पुरानै बाईसी, चौबिसी राज्यको विभाजित अवस्था बेहोर्नु नपरोस् भन्ने धारणा सहित नयाँ राष्ट्र निमार्णको बारेमा प्रस्तुत गर्न पुगेको देखिन्छ । सुर्खेत जिल्ला अन्तर्गत रहेको शाके १५०४ सम्वत् १६३९ को अभिलेखमा लेखिएको काँक्रे विहारको बारेमा प्रकाश दर्नाल खोजविन गर्न पुग्दछन् । यहाँ अवस्थित प्रस्तर मूर्तिहरुको संरक्षण गर्नु पर्ने कुरामा जोड दिंदै प्राचीन कलाकृतिको संरक्षण गर्न आवश्यक रहेको देखाइएको पाइन्छ ।

देशको अर्थतन्त्रलाई धुत्ने व्यक्तिहरु देशका मेरुदण्ड नै रहेको प्रसङ्ग यहाँ प्रस्तुत गर्दै प्रा.डा. सुरेन्द्र के. सी. ले आफ्नो दृष्टिकोण व्यङ्ग्य भावमा व्यक्त गरेको पाइन्छ । राजतन्त्रात्मक पद्धतिबाट विकसित नेपालले राष्ट्र निर्माण गर्ने र राज्य चलाउने भनिएका राजा, महाराजा र जनताहरुले चुनेर पठाएका नेताहरुबाट नै देशलाई भ्रष्टचार, ठगी र लुटेको प्रसङ्ग यहाँ लेखकले देखाएका छन् । त्यस्ता व्यक्तिहरुको जानेसम्म नामावली सहित **चिनी राखौं देश धुत्ने र लुट्नेलाई** भन्ने शीर्षकमा आफ्नो भनाई व्यक्त गर्न पुगेका छन् ।

प्रा. डा. श्रीरामप्रसाद उपाध्यायले **जागृत गोरखाका नारायण अर्ज्यालदेखि पण्डित दण्डपाणि अर्ज्यालसम्म** भन्दै अर्ज्याल वंशको सुरुवात् कसरी भयो भन्ने बारेमा व्यक्त गरेका छन् । पण्डित नारायणदास अर्ज्यालले गोरखा राज्य स्थापना गर्न राजा द्रव्यशाहलाई गरेको सहयोगसँगै गोरखामा अर्ज्याल वंशको सुरुवात् भएको प्रसङ्ग उल्लेख छ । त्यसै समयदेखि हालसम्म पनि गोरखाका अर्ज्याल वंशमा ज्योतिष पण्डितको काम गर्दै आएको देखिन्छ । स्व. दण्डपाणि अर्ज्यालले पनि आफ्नो पुस्तौली कार्यलाई निरन्तरता दिंदै आएको प्रसङ्ग यहाँ व्यक्त गरिएको छ ।

साहित्यकार हरिहर अर्यालले **संस्कृत भाषा साहित्यः ज्ञानको विशाल भण्डार** शीर्षकको कार्यपत्र २०११ अगस्त २६, २७ र २८ मा लण्डनमा आयोजित अन्तराष्ट्रिय नेपाली साहित्य

समाजको दोस्रो विश्व सम्मेलनमा प्रस्तुत गरेका थिए । यही कार्यपत्रलाई  यस ज्ञानविन्दुमा प्रकाशित गरेको देखिन्छ । संस्कृत शिक्षाबाट नै विश्वका भाषाहरूको प्रादुर्भाव भएको प्रसङ्ग सहित वर्तमान अवस्थामा मृत बन्दै गएको संस्कृत भाषाको महत्त्वलाई यहाँ औंल्याइएको छ । रमेशचन्द्र देवकोटा **हाम्रो देश** कविताको माध्यमबाट देशको महिमाको बारेमा आफ्नो भाव व्यक्त गर्न पुग्दछन् । उनले यहाँ भौगोलिक विविधता र विविध संस्कृति बीच नेपाली मेलमिलाप र बन्धुत्वको भावलाई यस कवितामा उल्लेख गरेको पाइन्छ ।

दीपक जोशीले **गोरखामा धार्मिक पर्यटनको विकास एवं यसका सम्भावनाहरु** भनी पर्यटन विकासको महत्त्व देखाएका छन् । जसरी मनकामना भगवती मन्दिरमा जानको लागि केबलकार व्यवस्थित गरिएको छ त्यसरी नै गोरखकाली मन्दिर र गोरखनाथको मन्दिर एवं गुफाको प्रचार गरेर उचित व्यवस्थाका साथ धार्मिक स्थानमा पुग्न यातायातको पहुँच पुर्‍याउन सके पर्यटन क्षेत्रको विकास हुने कुरा व्यक्त गरेको पाइन्छ ।

डा. लक्ष्मी देवकोटाले  **नेपालमा जलश्रोतको स्थिति** लाई तालिकाद्वारा व्यक्त गर्दै विश्व आँकडामा हेर्दा जलस्रोतको सबल पक्षमा नेपाल रहेको बताएका छन् । बुद्धिनारायण श्रेष्ठले  विवेचना गर्ने क्रममा **किन गरिँदैन सीमा नियमन** ? भनी सीमा नियमको बारेमा प्रस्ट पार्दै नेपाल-भारत खुला सिमानाका कारण बढ्दै गएको अराजक गतिविधिले भविष्यमा नकारात्मक अवस्था ल्याउन सक्ने हुँदा परिचय पत्र वा अन्य कुनै व्यवस्था अपनाउनु पर्ने भाव व्यक्त गरेका छन् ।  दीपक अर्यालले **महिलालाई हेर्ने प्राचीन दृष्टि र आजको सन्दर्भ** सहित वर्तमान समाजमा नारीहरुले खेप्नु परेको पीडालाई व्यक्त गरेका छन् । समाज विकाससँगै महिलाप्रति गरिने भेदभावपूर्ण व्यवहार हटाउँदै नारीहरुप्रति हक र अधिकार सुनिश्चित गर्नुपर्ने  धारणा राखेको पाइन्छ ।

राजेन्द्रप्रसाद अर्यालद्वारा **दसहजार तालको साम्राज्य** शीर्षकमा नियात्राको माध्यामबाट आफ्नो अनुभव पोखेको पाइन्छ । उनले ती तालहरुले त्यस ठाउँलाई स्वर्ग बनाएको र आफ्नो देशको तालहरु सम्झन पुगेको भाव व्यक्त गरेका छन् । नियात्राकारले  विकसित सभ्यताको नीति नियम अनुसार त्यहाँका जनताले हिँडेको देख्दा र नेपाली समाजको सभ्यता देख्दा मन बिचलित हुन पुगेको प्रसङ्ग समेत प्रस्तुत गरेको देखिन्छ ।

अन्वेषणको क्रममा हरि मन्जुश्रीले **उदयपुरको बेलका र काभ्रेको बेला** भनी दुबै राजदरबार एकै समयमा निर्माण भएको जनश्रुतिको आधारमा वर्णन गरेका छन् । प्राचीन

समयमा त्यहाँ राजदरबार रहेको प्रसङ्ग सहित दरबार र रानीको नामबाट बेलागाउँ र रानीपानी रहन गएको जनश्रुतिलाई आधार मानेर यसको उचित खोज र अनुसन्धान हुनुपर्ने धारणा व्यक्त गरेको पाइन्छ ।

डा. दुर्गाप्रसाद अर्यालले **अर्ज्याल: थरथोक** कसरी रहन गयो भन्ने प्रसङ्गमा अर्जे गाउँमा बसोबास गरेका विष्णुदास राजाका छोरा प्रभाकरबाट अर्ज्याल थरको सुरुवात् भएको कुरा यहाँ व्यक्त गरेको पाइन्छ । समाजशास्त्र वा समाज दर्शनका अनुसार अर्ज्याल थरबाट नै सिग्देल, पौडेल, पोखरेल, वगाले थापा थर छुट्टिएर आएका हुन् र यी सबैको पुर्खा एउटै रहेको कुरा यहाँ उल्लेख गरेका छन् । उनले इस्मा राज्यको बारेमा कविताको माध्यमबाट यहाँ प्रस्तुत गरेको देखिन्छ । कवि दयाराम अर्यालले **शिरमा राष्ट्र** बोकेर जनताका लागि संविधानमा हात बढाउन सभासदहरुलाई अनुरोध गर्दै आफ्नो भावना पोखेको देखिन्छ । कथाकार सीता अर्यालले **नारीको द्वैध चरित्र** माथि 'म' पात्रको माध्यमबाट आफ्नी श्रीमती र मरेकी क्याथरिनसँग तुलना गर्न पुगेको अवस्थालाई यस कथाको माध्यमबाट व्यक्त गरेको देखिन्छ ।

गीता रेग्मीले नियात्राको क्रममा **सेक्सपियरलाई भेट्दा** शीर्षक दिएर सेक्सपियर सेन्टरको स्थानमा पुगेको प्रसङ्ग यहाँ प्रस्तुत गरेको पाइन्छ । उनले यहाँ विदेशीले देशका ऐतिहासिक व्यक्तित्वका मूल्याङ्कन गर्ने परिपाटि र हाम्रा भानुभक्त, लक्ष्मीप्रसाद जस्ता देशका सच्चा व्यक्तित्वको मूल्याङ्कन नभएको बारेमा गुनासो व्यक्त गर्न खोजेको देखिन्छ । दिनार रनादीद्वारा **प्रतीज्ञा** कविताको माध्यामबाट मानिसले प्रतीज्ञा गर्दागर्दै जीवनको अन्त्य भएको भाव व्यक्त गरेका छन् । कविताको माध्यमबाट रूपा घिमिरेले **आत्मा र शान्तिको विनिमय** शीर्षकमा सम्बृद्धशाली नेपाल बनाउन शत्रुको हात थाम्न पनि पछि पर्दिन भन्दै सहिद र तिनका परिवारले भोग्नु परेको चोटहरुलाई यहाँ प्रस्तुत गरेको पाइन्छ ।

अघिल्ला अङ्कहरुमा जस्तै यस ज्ञानविन्दु ५ मा पनि स्मृतिकेन्द्रले गरेका गतिविधिहरु प्रस्तुत गरिएको छ । गत वर्ष स्मृतिकेन्द्रले गरेको कार्यहरुको विवरण यहाँ कपिल अर्यालले प्रस्तुत गरेको देखिन्छ । यस स्मृतिकेन्द्रद्वारा पुरस्कार अर्पण एवं ज्ञानविन्दु ४ लोकार्पण कार्य, प्रतिभा छनौट तथा घोषणा, गोष्ठी सम्पन्न, राष्ट्रिय प्रतिभा स्मारक अनुदान प्राप्त, कोष संस्थापक हरिहर अर्यालको स्वर्ण-विवाह महोत्सव कार्यक्रम सम्पन्न जस्ता कार्यका साथै आर्थिक वर्षको आय-व्यय विवरण पनि प्रस्तुत गरिएको छ । स्मृतिकेन्द्रको कार्य समितिको नामावलि सहित हालसम्म यस स्मृतिकेन्द्रले प्रकाशित गरेका

पुस्तकको विवरण र नेपालको तान्त्रिक परम्परा विषयक गोष्ठीको तस्बिर समेत यहाँ समावेश गरिएको छ। यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको वार्षिक मुखपत्र ज्ञानविन्दु ५ ले पनि अघिल्ला वर्षहरुमा प्रकाशित गरे जस्तै विभिन्न क्षेत्रका व्यक्तित्वहरुको लेखहरु समावेश गरेको छ। त्यसैले यो ज्ञानबर्द्धक र पठनीय छ।

अन्तमा यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले विभिन्न समयमा आफूले साहित्यलाई टेवा पुग्ने उद्देश्यले पुस्तकहरु प्रकाशन गर्ने कार्य गर्दै आएको छ। यस केन्द्रले हालसम्म आफ्नो मुखपत्र **ज्ञानविन्दु** पत्रिका र अन्य साहित्यिक कृति गरी बाह्र वटा पुस्तक प्रकाशन गर्न सफल भएको देखिएको छ। जेहोस् छोटो समयमा यस स्मृतिकेन्द्रले धेरै कार्य गर्दै आएको देखिएको छ। यस स्मृतिकेन्द्रले प्रकाशन गरेको कृतिहरुको समग्र चर्चा माथि गरिसकेको छ। यस मध्ये साहित्यिक कृति लगायत **ज्ञानविन्दु** जस्तो उल्लेखनीय क्षेत्रमा काम गर्ने व्यक्तित्वहरुको विचार, लेखहरु समावेश गरिएको वार्षिक पत्रिका हरेक वर्ष प्रकाशन गर्दै आउन सफल रहेको देखिएको छ। यसैले गर्दा समग्र क्षेत्रका पाठक वर्गलाई विभिन्न विषयको ज्ञानको बारेमा जानकारी दिन सकेको छ। साहित्यको क्षेत्रलाई विभिन्न विधाका कृतिहरु प्रकाशन गरेर यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**ले नेपाली साहित्यमा थप टेवा पुऱ्याउन सफल भएको देखिन्छ।

# पाँचौ परिच्छेद
# सारांश र निष्कर्ष

## ५.१ सारांश

वि.सं. २०६२ सालमा स्व. दण्डपाणि अर्ज्यालको नाममा स्थापित संस्थाको नाम नै **दण्डपाणि अर्ज्याल स्मृति केन्द्र** हो । यस स्मृतिकेन्द्रले २०६३ साल देखि **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** स्थापना र वितरण गर्दै आएको छ । यस स्मृतिकेन्द्रले नेपाली साहित्य र इतिहासको क्षेत्रमा विशेष योगदान दिएको देखिन्छ । विविध क्षेत्रमा कार्य गर्ने लक्ष्यका साथ अघि बढेको यस संस्थाको कही कतै केही मात्रामा पत्रपत्रिकाहरुमा उल्लेख गरिए पनि विशेष रूपमा खोज अनुसन्धान भएको देखिँदैन । त्यसैले यस स्मृतिकेन्द्रले गरेका कार्यहरुको मूल्याङ्कन गर्दै स्मृतिकेन्द्रको बारेमा थप जानकारी दिने उद्देश्यले यहाँ प्रस्तुत गरिएको छ । यस शोधपत्रलाई स्मृतिकेन्द्रको बारेमा जानकारी दिन पाँच खण्डमा राखेर हेरिएको छ ।

पहिलो खण्डमा शोध परिचय, शोध समस्या, पूर्वकार्यको विवरण, शोधको उद्देश्य, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा गरी आठ भागमा राखेर हेरिएको छ । दोस्रो खण्डमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको परिचय भनी राखिएको छ जसमा यस स्मृतिकेन्द्रको पृष्ठभूमि, दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको स्थापना र उद्देश्य, दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको इतिहास, दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका कार्यहरु भनी विभाजन गरिएको छ । तेस्रो खण्डमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको गतिविधिलाई समेटिएको छ । यस गतिविधि अन्तर्गत कृति प्रकाशन, पत्रिका प्रकाशन, साहित्यिक कार्यक्रम आयोजना, पुरस्कार स्थापना र वितरण, पुरस्कार घोषणा र प्रदान गरी विभाजन गरिएको छ । यसमा पुरस्कृत व्यक्तित्वको चर्चा पनि गरिएको छ । खण्ड चार भनेर दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रद्वारा प्रकाशित कृतिहरुको मूल्याङ्कन र विश्लेषण गरिएको छ । यस खण्डमा विषय प्रवेशसँगै कृति विशलेषण गर्ने कार्य गरिएको छ । यस स्मृतिकेन्द्रले हालसम्म साहित्यिक कृति लगायत मुखपत्र र अन्य गरी बाह्र वटा पुस्तक प्रकाशन गर्न सफल रहेको देखिएको छ । परिच्छेद पाँच भनेर यस स्मृतिकेन्द्रको निष्कर्षको बारेमा चर्चा गरिएको छ ।

नेपाली भाषा र साहित्यको सम्वर्द्धन र विकासमा विभिन्न सरकारी र गैह्रसरकारी स्तरका साहित्यिक सघंसंस्थाहरुको स्थापना हुँदै आइरहेको देखिन्छ । यस्ता सघंसस्था तथा स्मृतिकेन्द्रहरु राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा स्थापित भएको पाइन्छ । यस्ता सघंसस्था तथा स्मृतिकेन्द्रहरुको स्थापनाले साहित्य सिर्जनामा हौसला प्रदान गर्न सकेको देखिन्छ ।

यस्ता स्मृतिकेन्द्रहरुले विभिन्न विधाका कृतिहरु प्रकाशित गरेर पाठक सामु ल्याउन सफल देखिएको छ । यसले गर्दा साहित्यको गरिमालाई अझ अगाडि बढाउन सफल देखिएको छ । यस्ता स्मृतिकेन्द्र मध्ये **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** पनि एक हो । गोरखा राज्यको स्थापनासँगै आएका नारायणदास अर्ज्यालको वंशको रूपमा दण्डपाणि अर्ज्याललाई लिन सकिन्छ । गोरखा जिल्लाको पोखरीथोकमा वि.सं. १९६३ सालमा जन्मिएका दण्डपाणि एक बहुप्रतिभाका धनी थिए । ज्योतिष, इतिहास र शैक्षिक जागरणमा योगदान पुर्‍याएका पण्डितको नामलाई चिरस्थायी बनाउने उद्देश्य अनुरूप आफ्ना चारभाइ छोराहरु र पारिवारिक पहलमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** को स्थापना वि.सं. २०६२ सालमा गरियो । यस स्मृतिकेन्द्रलाई स्मृतिप्रतिष्ठान् गठन गरीएकोमा दर्ता हुने क्रममा स्मृतिकेन्द्र रहन गएको हो ।

यस स्मृतिकेन्द्रले आफ्नो लक्ष्य अनुसार कार्य गर्दै आएको देखिन्छ । वि.सं. २०६२ सालमा स्थापित यस स्मृतिकेन्द्रले वि.सं. २०६३ सालदेखि **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार'** स्थापना गरेको देखिन्छ ।

नेपाली साहित्य लगायत इतिहास तथा शैक्षिक क्षेत्रमा उल्लेख्य टेवा पुर्‍याउने उद्देश्य अनुरूप स्थापना गरिएको यस संस्थाका संस्थापक सदस्यहरु वलराम अर्याल, परशुराम अर्याल, हरिहर अर्याल र राजेन्द्रप्रसाद अर्याल रहेको पाइन्छ । उनीहरु लगायत पारिवारिक पहल र समाजका वुज्रुक व्यक्तिहरुको सहयोगमा स्थापित यस संस्थाले विभिन्न समयमा पुस्तक प्रकाशन गर्ने कार्य गर्दै आएको छ । शिवहरि मरहट्टाको अध्यक्षतामा सञ्चालित यस संस्थाले हालसम्म विविध कार्य गर्दै आएको छ ।

स्थापना काल देखि हालसम्म १२ ओटा पुस्तकहरु प्रकाशन गर्न सफल यस संस्थाले आफ्नो वार्षिक पत्रिका **ज्ञानविन्दु** मुखपत्रका रूपमा प्रकाशन गर्दै आएको छ । वि. सं. २०६२ सालमा स्थापित यस **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** ले साहित्य लगायत अन्य कृतिहरु पनि प्रकाशन गरेको छ । ज्योतिषशास्त्रलाई टेवा दिने उद्देश्य सहित स्व. दण्डपाणि अर्ज्यालको अप्रकाशित कृति **दशमहाविद्या** जस्तो तान्त्रिक विषयको कृति प्रकाशित गरेर ज्योतिषविद्याको जानकारी दिएको देखिन्छ । साहित्यका विभिन्न विधा अन्तर्गत हरिहर अर्यालको **स्वदेश तिमीलाई खोज्दछ** कविता सङ्ग्रह, सीता अर्यालको **उपमा** कथा सङ्ग्रह, राजेन्द्र अर्यालको **फ्रान्स भ्रमण मेरो संस्मरण** प्रकाशित गरेको छ । त्यस्तै यात्रा संस्मरण कै विधामा रहेर तुलसी घिमिरेको **इटाली र अस्ट्रेलियाको रमाइलो सम्झना**, विकलचन्द्र आचार्यको **लण्डनमा**

**मुटु दुख्दा** आत्मकहानी समेत यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रले प्रकाशित गर्न पुगेको छ। वि.सं. २०६३ सालदेखि विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने व्यक्तित्वको कदर गर्दै **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार** समेत स्थापना र प्रदान गर्दै आएको देखिन्छ । शिक्षा, इतिहास लगायत नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तित्वहरुलाई पुरस्कृत गरेको देखिन्छ । हालसम्म यस पुरस्कार प्राप्त गर्ने विद्वान्हरुमा ज्ञानमणि नेपाल, सत्यमोहन जोशी, सुरेशराज शर्मा, मदनमणि दीक्षित र मोदनाथ प्रश्रित रहेको देखिन्छ।

यस दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रको अर्को कार्य भने नामित प्रतिभाको अप्रकाशित कृति प्रकाशन गर्दै जानु हो । उनका  लेख रचनाहरुलाई यस स्मृतिकेन्द्रले समय समयमा प्रकाशन गरेर पाठक माझ पुर्‍याउने कार्य गर्दै जानु रहेको छ।

यस स्मृतिकेन्द्रले आर्थिक कोषको व्यवस्थाका लागि पारिवारिक पहल लगायत चन्दा सहयोग सङ्कलन गर्ने र यस केन्द्रबाट प्रकाशित कृतिहरु बिक्री गर्ने गरेको पाइन्छ । राष्ट्रिय स्तरबाट वि.सं. २०६५/०६६ का लागि संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको राष्ट्रिय प्रतिभा स्मारक कोषबाट यस स्मृतिकेन्द्रलाई रू. ७५,०००।- (पचहत्तर हजार) रकम अनुदान प्राप्त भएको अवगत हुन आउँछ।

## ५.२ निष्कर्ष

नेपाली साहित्य लगायत नेपाली भाषा, साहित्य, संस्कृति एवं ज्ञान विज्ञान सम्बन्धी लेख रचना प्रकाशित गर्ने उद्देश्य अनुरूप कार्य गर्दै अगाडि बढेको छ । स्थापना कालको छोटो अबधिमा यस संस्थाले धेरै कार्य गर्न सफल रहेको देखिन्छ । विभिन्न क्षेत्रका प्राज्ञिक व्यक्तित्वको सम्बन्ध रहेको यस संस्थाको संस्थापक अध्यक्षमा शिवहरि मरहट्टाले स्थापना कालदेखि हालसम्म अध्यक्षको भूमिका निर्वाह गर्दै आएको देखिन्छ । १५ सदस्यीय कार्य समिति रहेको यस संस्थामा स्थापना समयदेखि दुई जना सदस्य हेरफेर भएको देखिएको छ । अध्यक्ष शिवहरि मरहट्टा रहँदै आएका छन् भने उपाध्यक्ष गम्भीर प्रधानको ठाउँमा तुलसी न्यौपाने रहेको देखिन्छ । सचिव दीपक अर्यालको सट्टामा गीता रेग्मी रहेको पाइन्छ । सदस्यमा दीपक जोशी कार्य समितिमा आएको देखिन्छ। समय समयमा विभिन्न गोष्ठी सञ्चालन गर्ने कार्य अनुसार बैठक बस्दै आएको देखिन्छ। नेपाली साहित्यमा एक दर्जन भन्दा बढी कृति प्रकाशन गरेर विभिन्न क्षेत्रको बारेमा जानकारी दिन सफल यस स्मृतिकेन्द्रलाई एउटा महत्त्वपूर्ण प्राप्तिको रूपमा लिन सकिन्छ । राजधानीबाट टाढा रहेर पनि शिक्षाको क्षेत्रमा समर्पित गर्न सफल व्यक्तित्वको नामलाई चिरस्थायी बनाउने लक्ष्यका

साथ **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** स्थापना हुन पुगेको देखिन्छ । गोर्खालीका कृति प्रकाशन वा कृतिकारलाई पनि सम्मान दिने उद्देश्य सहित यस स्मृतिकेन्द्रको स्थापना भएको देखिन्छ । काठमाडौं केन्द्र भएर पनि समय समयमा नामित प्रतिभाको जिल्लामा यस स्मृतिकेन्द्रले आफ्नो कार्य गर्दै आएको छ । छोटो समयमा पनि धेरै कार्य गर्न सफल यस स्मृतिकेन्द्रले भावी दिनहरुमा पनि निरन्तरता दिँदै जानु आवश्यक रहेको देखिन्छ । यसका साथै नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य कार्य गर्दै आफूलाई अगाडि बढाउनु पर्ने देखिएको छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षक

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रसँग सम्बन्धित भावी अध्ययनका लागि निम्न लिखित सम्भाव्य शीर्षकहरु प्रस्तावित गर्न सकिन्छ -

(क) स्मृतिकेन्द्रबाट प्रकाशित कृतिहरुको अध्ययन

(ख) स्मृतिकेन्द्रबाट प्रकाशित मुखपत्रिका ज्ञानविन्दु पत्रिकाको अध्ययन

# सन्दर्भग्रन्थ सूची


1_ अर्ज्याल, दण्डपाणि, (२०६२), **दशमहाविद्या, ज्योतिषशास्त्र**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

2_ अर्याल, छविलाल, (२०६७), **अर्ज्याल वशांवली**, रुपन्देही : अर्ज्याल समाज नेपाल ।

3_ अर्याल, राजेन्द प्रसाद, (२०६३), **फ्रान्सको भ्रमण मेरो संस्मरण**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

4_ अर्याल, सीता, (२०६२), **उपमा** (कथासङ्ग्रह), काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

5_ अर्याल, हरिहर, (२०६२), **स्वदेश तिमीलाई खोज्दछ** (कवितासङ्ग्रह), काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

6_ आचार्य, विकलचन्द्र, (२०६७), **लण्डनमा मुटु दुख्दा**, (आत्मकहानी), काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

7_ घिमिरे, तुलसीनाथ, (२०६७), **इटाली र अष्ट्रेलियाका रमाइला सम्झना**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

8_ पोखरेल, मणि कुमार, (२०५९), **नेपाली साहित्यमा पूर्वाञ्चल साहित्य प्रतिष्ठान्को योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ने.के.वि. ।

9_ प्रभात, विष्णु र अन्य (सम्पा.), (२०६३), **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ**, काठमाडौं : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र ।

10_ प्रभात, विष्णु र अन्य (सम्पा.), (२०६४), **ज्ञानविन्दु** , वर्ष १, अङ्क १ ।

11_ प्रभात, विष्णु र राजेन्द्रप्रसाद अर्याल (सम्पा.), (२०६५), **ज्ञानविन्दु ,** वर्ष २, अङ्क २ ।

12_ प्रभात, विष्णु र राजेन्द्रप्रसाद अर्याल (सम्पा.), (२०६६), **ज्ञानविन्दु,** वर्ष ३, अङ्क ३ ।

13_ प्रभात, विष्णु र राजेन्द्रप्रसाद अर्याल (सम्पा.), (२०६७), **ज्ञानविन्दु,** वर्ष ४, अङ्क ४ ।

14_ प्रभात, विष्णु र कपिलचन्द्र खनाल (सम्पा.), (२०६८), **ज्ञानविन्दु**, वर्ष ५, अङ्क ५ ।

15_ संवादाता, (२०६४), **कान्तिपुर दैनिक** ।

16_ संवादाता, (२०६३), **नेपाल समचार पत्र दैनिक** ।

17_ संवादाता, (२०६७), **अन्नपूर्ण पोष्ट दैनिक** ।

18_ संवादाता, (२०६७), **गोरखा पत्र दैनिक** ।

19_ संवादाता, (२०६४), **सप्तगण्डकी आवाज पाक्षिक** ।

# परिशिष्ट 'क'

# दण्डपाणि अर्ज्याल स्मृति केन्द्र काठमाडौ नेपाल

## विधान

## २०६२

**प्रस्तावना :**

गोरखा पोखरीथोक निवासी ज्योतिषी पण्डित स्वर्गिय दण्डपाणि अर्ज्याल ऐतिहासिक नारायणदास अर्ज्यालका सन्तती हुनुहुन्थ्यो । सत्रौं शताब्दीका नारायणदास अर्ज्यालदेखि यो परिवार ज्योतिषी परिवारका नामले चिनिदै आएको छ र यो परिवारले ज्योतिष कार्य गर्दै आएको पनि छ । ज्योतिषी पण्डित दण्डपाणि अर्ज्याल ज्योतिषी बाजे,पण्डित बाजे तथा माष्टर बाजे आदि नामले गोरखामा चिनिनु हुन्थ्यो । उहाँले समय सापेक्ष समाज सुधार,संस्कृत भाषा , धर्म , शिक्षा ,संस्कृति ,ज्योतिषशास्त्र ,इतिहास , वंश वृक्ष आदि क्षेत्रको उत्थान र विकासमा आफ्नो ८३ बर्षे जीवन काल समर्पण गर्नुभयो । उहाँको जीवनको पूर्वसन्ध्या गोरखामा शिक्षाको जागरण ल्याउनमानै वित्यो र सम्पूर्ण जीवन शिक्षाको उज्यालो ज्योति फैलाउनमा नै समर्पण भयो । उहाँले बिभिन्न क्षेत्रमा गर्नु भएको योगदानलाई जन समक्ष पु-याउदै उहाँको स्मृतिलाई समाजमा चीर स्थायी बनाउदै लैजाने क्रममा बिभिन्न सेवा मुलक र रचनात्मक कार्यक्रमहरू गर्ने गराउने लक्ष्य राख्दै दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र नामक संस्था स्थापना गरिएको छ। यो विधान संस्था दर्ता ऐन २०३४ बमोजिम तयार गरिएको छ।

**परिच्छेद १**

### प्रारम्भिक

**१) केन्द्रको नाम :–**

यस संस्था को नाम नेपालीमा '**दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**' र अंग्रेजीमा Dandapani Aryal Memorial Center रहनेछ ।

**क) संस्थाको कार्यालय रहने ठेगाना :**

यस संस्थाको कार्यालय काठमाडौं जिल्ला, का. म.पा. वार्ड नं. १६ मा रहनेछ र कार्यसमितिले आवश्यक ठानेमा अन्य स्थानमा सर्न सक्ने छ।

**ख) संस्थाको कार्यक्षेत्र :–**

यस संस्थाको कार्यक्षेत्र गोरखा जिल्ला र काठमाडौं उपत्यका हुने छ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्वकिृति लिई नेपाल अधिराज्यभित्र कार्यक्षेत्र विस्तार गरिने छ ।

**ग) प्रारम्भ :–**

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुने छ ।

**घ) संस्थाको अस्तित्व :–**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर -नाफा मुलक,गैर-राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गर्ने छैन ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :

क) “विधान” भन्नाले ‘दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र’ को विधानलाई संझनुपर्दछ ।

ख) “संस्था” भन्नाले ‘दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र’ लाई जनाउँदछ ।

ग) “समिति” भन्नाले यस विधानको दफा १३बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) “सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीहरूलाई सम्झनुपर्दछ ।

च) नियम, विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँदछ ।

छ) स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

ज) तोकिएका वा तोकिए बमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

झ) स्थानिय निकाय भन्नाले गा. वि. स. ,महानगर,उपमहानगर, नगरपालिका र जि.वि.स जनाउनेछ ।

**३. संस्थाको छाप र चिन्ह :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुने छ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढांचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संसोधनको प्रक्रियाद्धारा तुरून्त संशोधन गरिने छ ।

## परिच्छेद २

## उद्देश्य

**४) केन्द्रको उद्देश्य :–**

ज्योतिषी पण्डित दण्डपाणि अर्ज्यालको स्मृतिलाई चीर स्थायी बनाउँदै लैजाने क्रममा निम्न लिखित सामाजिक एवम् सांस्कृतिक कार्यहरू गर्नु गराउनु संस्थाको उद्देश्य हुने छ ।

क) यो संस्था मुनाफारहित, जनहितकारी सांस्कृतिक, साहित्यिक र सामाजिक संस्था हुनेछ ।

ख) ज्योतिषी पण्डित दण्डपाणि अर्ज्यालका विविध क्षेत्रका योगदानहरूलाई जनता समक्ष पु-याउन प्रयत्नशील रहि उहाँका कृति रचनात्मक कार्यको अध्ययन गर्ने गराउने ।

ग) उहाँका अप्रकाशित कृति र लेखरचनाहरुको प्रकाशन गर्दै जाने र अन्य व्यक्ति विषेशका अप्रकाशित उपयुक्त कृति प्रकाशित गर्न प्रयत्नशिल रहने । यस्ता कार्यकोलागि गोरखा जिल्लावासी वा गोरखालीका कृति प्रकाशनलाई प्रथमिकता दिने ।

घ) समाज सुधार, संस्कृत भाषा,धर्म, शिक्षा, संस्कृति,ज्योतिष शास्त्र, इतिहास, वंश वृक्ष आदि क्षेत्रमा समय-समयमा विविध कार्यक्रमहरु गर्न प्रयत्नशील रहने र यस क्षेत्रका बिषयमा लेखिएका कृति वा कृतिकारलाई सम्मान तथा पुरस्कृत गर्ने ।

ङ) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशेष योगदान गर्ने व्यक्ति तथा संस्थालाई सम्मान र पुरस्कृत गर्ने ।

च) महिला ,जनजाति र पिछडिएका वर्गको हित र असक्त/अशहायहरुको भलाईको लागि सहयोग पु-याउने ।

छ) समाजसेवी लक्ष्य भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुसंग सम्बन्ध बढाई संस्थाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि प्रयत्नशील रहने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उद्धेश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ :

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ती र तिनको सेवा शर्तहरू निर्धारण गर्नेछ ।

घ) विधिन्न व्यक्ति/संस्था र निकायहरूसंग आवश्यक समन्वय तथा सहकार्य गरी काम गर्नेछ ।

ङ) जिल्ला तथा केन्द्रमा विविध छलफल तथा गोष्ठीहरू गर्नेछ ।

## परिच्छेद –३

## सदस्यता

**६. सदस्यहरूको बर्गिकरण :**

यस संस्थाको देहाय बमोजिम ४ प्रकारका सदस्यहरूको वर्गिकरण गरिएको छ :

**क) कोष संस्थापक सदस्य :**

१) यो संस्था स्थापना गर्न प्रेरणा दिई अक्षय कोष स्थापनार्थ आर्थिक योगदान दिने र आर्थिक व्यवस्थापन गर्नुहुने ज्योतिषी पण्डित दण्डपाणिका छोराहरू क्रमशः बलराम, परशुराम,हरिहर र राजेन्द्रप्रसाद अर्याल कोष संसथापक सदस्य हुनेछन् । निजहरूको शेष पछि निजका आ-आफ्नो छोराहरू क्रमश यो कोष संस्थापक सदस्यता हस्तान्तरण हुँदै जानेछ ।

२) कोष संस्थापक सदस्यहरूले अन्य कुनै किसिमका शुल्क वुझाई रहनु पर्नेछैन ।

३) कोष संस्थापक सदस्य (४जना) वा निजहरूले तोकेको १/१प्रतिनिधी कार्य समितिका पदेन सदस्य हुनेछन् । साथै ४ जना कोष संस्थापकको शेष पछि धने प्रत्येकको हकवालाहरू मध्ये १/१ जना गरी जम्मा ४जना पदेन सदस्य रहनेछन् ।

**ख) साधारण सदस्य :**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनैपनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा र सो आवेदनलाई कार्यसमितिले उपयुक्त ठानेमा त्यस्ता व्यक्तिहरू संस्थाको साधारण सदस्य हुनेछन् ।

**ग)**　**आजीवन सदस्य :**

संस्थाको विकाशको लागि विशेष सहयोग पुर्‍याउने व्यक्ति वा संस्थाहरूलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

**घ)**　**मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिने छ तर मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

**७.**　**सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

क)　नेपाली नागरिक भएको ।

ख)　१८ वर्ष उमेर पुरा भएको ।

ग)　मानसिक सन्तुलन नगुमाएको ।

घ)　सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ)　नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारीको अभियोगमा सजायँ नपाएको ।

च)　संस्कृति, साहित्य तथा समाजसेवा प्रति विषेश अभिरुचि भएको ।

**८.**　**संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :**

देहाएको अवस्थामा कुनै पनि व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क)　गैर नेपाली नागरिक ।

ख)　१८ वर्ष उमेर पुरा नगरेको ।

ग)　मगज विग्रीएको वा बौलाएको ।

घ)　सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ)　नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारीको अभियोगमा सजायँ पाएको ।

च)　सम्वन्धित संस्थाको व्यवसायमा निजि स्वार्थ भएको ।

छ)　साहूको दामासाहीमा परेको ।

ज)　कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसांझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भष्ट्राचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजायँ पाई, सजायँ पाएको एक वर्ष भित्र ।

**९. सदस्यताको समाप्ति :**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य वहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने , भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भई खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई ,सफाइको सबुद् पेश गर्ने मौका दिनेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**१. साधारण सदस्य :**

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत तथा वार्षिक शुल्क वापत कार्यसमितिको निर्णयानुसार तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्ने छ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क कार्यसमितिले तोके बमोजिम बुझाउनु पर्ने छ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नुपर्ने छ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ ।

**२. संस्थापक सदस्य :**

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरूले विधानमा उललेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

**३. आजीवन सदस्य :**

संस्थामा कार्यसमितिले तोके बमोजिम तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न  सक्ने छ ।

**४.मानार्थ सदस्य :**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी,विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन् ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय भएमा सो को कारण सहितको जानाकारी आवेदकलाई दिईने छ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यबस्थाको पालना गर्नुपर्ने छ ।

७ संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिललेख पुस्तिका रहने छ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

**११. साधारण सभाको गठन :**

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूबाट संस्थाको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरू आमन्त्रित हुने छन् साधारण सभा संस्थाको सर्वोच्च अंङ्ग हुनेछ

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) बार्षिक साधारण सभा :वर्षको एकपटक बार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १/४(एक चौथाई) सदस्यहरूले कारण जनाई विषेश साधारण सभा माग गरेमा ,कार्य समितिले

कम्तीमा ७ (सात) दिनभित्र अनिवार्यरुपमा बिशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यस पछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान , मिति ,समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनःसाधारण सभा बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकार :**

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखापरिक्षकबाट प्राप्त भएको बार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिबेदनबाट अनियमितता देखिन आएमा बेरुजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिले बेरुजु रकमहरू अशुल उपर गरी फरच्यौट गर्नकालागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागि लेखा परिक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्यप्रगती विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम –कारवाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट ब्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठन**

१. साधारण सभाका सदस्यहरूमध्येबाट निर्वाचित ९जना ४ जना कोष संस्थापक पदेन सदस्य र कोष संस्थापक सदस्यहरूको सहमतिमा कार्य समितिले मनोनित गर्ने २ जना गरी जम्मा १५ सदस्यीय कार्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महा-सचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरू | १० |

२. कार्यसमितिको कार्यकाल २ वर्षको हुने छ ।

३ वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेका कुनै पदाधिकारीहरू र सदस्यहरूको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि पदाधिकारीको रिक्तस्थान कार्य समितिका सदस्यमध्येबाट र कार्यसमितिको सदस्यको हकमा साधारण सदस्यहरूमध्येबाट कार्य समितिले मनोनित गर्ने छ । सो पदमा निर्वाचन भएको पदाधिकारी तथा सदस्यहरूको कार्यकाल जुन पद रिक्त भएको हो , सो पदको बाँकी कार्यकालसम्मका लागि मात्र हुने छ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशानुसार महा-सचिवले बोलाउने छ ।

५. कार्य समितिको कूल संख्याको ५१ प्रतिशत सदसयहरू उपस्थित नभई , कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका अन्य सदस्यहरूले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

७. कार्य समितिको बैठकमा बुहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको  बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखिराखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्नेछ तर निर्णयमा असहमती जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य , कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरूमा जुन कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरू लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठक सरह निर्णय मानिने छ ।

**१४. कार्य समितिको काम कर्तव्य र अधिकार देहाए बमाजिम हुनेछ :**

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरू संञ्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र  श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष  र सम्पत्ती सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाको कर्मचारीहरूको सेवा सर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आवश्यक देखिएको खण्डमा सल्लाहकार समिति तथा विभिन्न उपसमितिहरू गठन गरी आवश्यकता अनुरुप कार्यको बाँडफाँड गर्न सक्नेछ ।

१०. संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने :–**

अध्यक्षले उपाध्यक्ष मार्फत् र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरू र सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछ ।

**१६. अन्य समितिहरू :**

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरू गठन गर्न सक्ने छ तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिहरूको कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## पदाधिकारीहरूको काम कर्तव्य र अधिकार :

**१७. पदाधिकारीहरूको काम कर्तव्य र अधिकार :**

कार्य समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम कर्तव्य र अधिकार :**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरू बोलाउन महा-सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

**२. उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग)	अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**३.	महा-सचिवको काम कर्तव्य र अधिकार :**

क)	संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख)	अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग)	अभिलेख सुरक्षित राख्ने र राख्न लगाउने ।

घ)	अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ङ)	संस्थाका अन्य कर्मचारीहरूको कार्य सम्पादनमा आवश्यक निर्देशन, रेखदेख र मूल्याङ्कन गर्ने ।

च)	संस्थाको भौतिक सम्पत्तीको अभिलेख राख्ने र सो को संरक्षण गर्ने गराउने ।

**४.	सचिवको काम कर्तव्य र अधिकार :**

क)	महा-सचिवलाई सहयोग गर्ने ।

ख)	महा-सचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग)	महा-सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**५.	कोषाध्यक्षको काम कर्तव्य र अकधिकार :**

क)	संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख)	साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग)	लेखा दुरुस्त राख्ने ।

घ)	नियमितरुपमा बार्षिक लेखापरिक्षण गराउने ।

**६.	सदस्यहरूको काम कर्तव्य र अकधिकार :**

क)	समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख)	केन्दको हितमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

**१८.	गणपुरक संख्या :**

१	कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरूको उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२.	तर विधानको दफा ११ को (५) मा उल्लेख भएबमोजिम पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपशस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष :**

१. संस्थाको कार्य संचालनको लागि एउटा साधारण कोष रहनेछ जसमा देहाए वमोजिमका स्रोतहरूबाट रकम जम्मा हुनेछन् ।

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम साथै अक्षयकोष अन्तर्गतको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान , सहायता वापत प्राप्त रकम ।

ग) केन्द्रको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम ।

घ) विदेशी संस्था , व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानिय निकायबाट प्राप्त अनुदान वा सहयोगबाट प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान दिने भए केन्द्रले नेपाल सरकारबाट स्वीकृत लिनेछ ।

३. संस्थाको प्राप्त रकम स्थानिय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालन :**

संस्थाको बैंक खाता अध्यक्ष /महा-सतिव/ कोषाध्यक्ष मध्ये दुईजनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) साधारण सभाबाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ ।

ख) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिबेदन साधारण सभामा अनिवार्य रुपले पेशगर्नु पर्नेछ ।

ग) साधारण कोषमा रहेको रकम मध्ये आवश्यकता अनुसार कार्य समितिको निर्णयले अक्षय कोषमा राख्न सकिनेछ ।

घ) साधारण कोषबाट रकम अपुग भएमा कोष संस्थापकहरूको स्विकृतिमा अक्षयकोषको रकम कार्य समितिले प्रयोग गर्न सक्नेछ ।

**२२. केन्द्रको लेखा र लेखा- परीक्षण :**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानिय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद र संम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :**

१. कार्य समितिको निर्वाचन प्रयोजनकोलागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णयनै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उमेदवार हुन योग्यता :**

मानार्थ सदस्य बाहेक अन्य सबै सदस्यहरूले कार्य समितिको चुनावमा उमेदवार हुन योग्यता प्राप्त गर्ने छन् ।

**२५. अविश्वासको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरू तथा सदस्यहरूको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पु-याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) अभियोग नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

ग) साधारण सभा  सदस्यहरूमध्येबाट कम्तीमा १/४ सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति,समयसमेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकटगर्न  अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत गरिएको हो ,अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिइनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै  एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरूलाई अविश्वास प्रस्तावको पक्ष र  विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६. विधान संशोधन :**

साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई ) सदस्यहरूले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पाठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७. विनियम बनाउन सक्ने :**

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानाकारी दिनुपर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको विनियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यबस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको वयवस्था :**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारकिो सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पु-याउने सेवा, कामको औचिय, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद् समेतमा जानाकारी गराईनेछ ।

**२९. संस्था खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्थाको खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. त्रयसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०. व्याख्या :**

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१. गोप्यता भंग गर्न नहुने :**

यस संस्थाको कुनैपनि पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

**३२. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरू कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**३३. निर्देशनको पालना :**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४. तदर्थ समिति :**

१. यो संस्था स्थापना गरी दर्ता गराउनकोलागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठन गरी नयाँ कार्य

समितिको निर्वाचन गराउने छ र सो को जानाकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्य समितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिने छ ।

३५. हामी दण्डपाणि अर्ज्याल समृतिकेन्द्रका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई साक्षीको रोहोबरमा विधानमा सहीछाप गर्दछौं ।

**संस्थापकको नाम, थर र ठेगाना** **साक्षीको नाम, थर, वतन र सहीछाप**

१. नाम, थरः शिवहरि मरहट्टा
पदः अध्यक्ष
ठेगानाः मनकामना, गोरखा ।

१. नाम, थरः घनश्याम रेग्मी
ठेगाना : का.म.न.पा. १६

२ नाम, थरः गम्भीर प्रधान
पदः उपाध्यक्ष
ठेगानाः वोर्लाङ -४, गोरखा ।

२. नाम, थरः कृष्णप्रसाद नेपाल
ठेगाना :नुवाकोट मदानपुर -५

३ नाम, थरः नारायणप्रसाद पाण्डे
पदः महा-सचिव
ठेगानाः अश्राङ -६, गोरखा ।

३. नाम, थरः यज्ञप्रसाद रेग्मी
ठेगाना :वालिङ न.पा.-८स्याङजा

४. नाम, थरः दिपक वावु अर्याल
पदः सचिव
ठेगानाः पृथ्वीनारायण न.पा.१,गोरखा ।

४. नाम, थरः द्रोण व. अधिकारी
ठेगाना : हंशपुर -२, गोरखा

५. नाम, थरः वलराम अर्याल
पदः कोषाध्यक्ष
ठेगानाः पृथ्वीनारायण न.पा.२,गोरखा ।

५. नाम, थरः नारायण पाण्डे
ठेगाना : अश्राङ -५ गोरखा ।

६. नाम, थरः तुलसी न्यौपाने
पदः सदस्य
ठेगानाः पालुंटार गा.वि.स.७, गोरखा ।

६. नाम, थरः भवनाथ भट्ट
ठेगाना : तान्द्राङ -६, गोरखा ।

७. नाम, थरः दिनेशचन्द्र देवकोटा न्यौपाने
पदः सदस्य
ठेगानाः पालुंटार गा.वि.स.५ गोरखा ।

७. नाम, थरः इश्वरप्रसाद
ठेगाना : दुधपोखरी -४, लमजुङ

८. नाम, थरः परशुराम अर्याल
पदः सदस्य
ठेगानाः पृ. ना. न.पा. ३,गोरखा ।

८. नाम, थरः चन्द्रगोपाल झा
ठेगाना : का.म.पा.-१६, खुसिवु

९. नाम, थरः विष्णुप्रभात (विष्णुप्रसाद अर्याल)
पदः सदस्य
ठेगानाः मदनपोखरा १,पाल्पा

९. नाम, थरः माधव ढुङ्गेल
ठेगाना :ने.रा. प्र. प्र.

१०. नाम, थरः भाष्करकुमार श्रेष्ठ
पदः सदस्य
ठेगानाः पृ. ना. न.पा. १, गोरखा ।

१०. नाम, थरः नीलप्रसाद वञ्जरा
ठेगाना : तान्द्राङ -२, गोरखा ।

११. नाम, थरः मनोज भट्टराई
पदः सदस्य
ठेगाना :का.म.न. पा. १६,धोविचौर ।

११. नाम, थरः जीवराज कंडेल
ठेगाना :लमजुङ,धमिलिकुवा ।

१२. नाम, थरः राजुवावु श्रेष्ठ
पदः सदस्य
ठेगाना : पृ.ना. न. पा. ३, गोरखा

१२. नाम, थरः नविन रत्न शाक्य
ठेगाना : का.म.न.पा.

१३. नाम, थरः राजेन्द्रप्रसाद अर्याल

१३. नाम, थरः कुमार गुरुङ

पदः सदस्य

ठेगाना : पृ.ना.न.पा. ३, गोरखा ,

१४. नाम, थरः सरोजकुमार देवकोटा

पदः सदस्य

ठेगाना :आंपपिपल गा.वि.स., गोरखा ।

१५. नाम, थरःहरिहर अर्याल

पदः सदस्य

ठेगाना : पृ.ना.न.पा. ३ ,गोरखा ।

ठेगाना : मकैसिङ -९, गोरखा ।

१४. नाम, थरः राशिका अर्याल

ठेगाना : नयांवजार, काठमडौं ।

१५. नाम, थरः विनोद भट्ट

ठेगाना : ताप्ले -९, गोरखा ।

## अनुसूचि -१

**संस्थाको छाप र चिन्हको विवरण**

संस्थाको छाप, वृत्ताकारमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र काठमाडौं-२०६२ लेख्ने र बृत्ताकारको वीचमा तल खुल्ला पुस्तक र माथि तर्फ वत्ती वलेको दियो रहने छ ।

# जिल्ला प्रशासन कार्यालय, काठमाडौं

# विधान संशोधन फाराम

| क्र.सं. | साविक विधानमा भएको | हालको विधानमा संशोधन गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | विधानको परिच्छेद ४, दफा १३, उपदफा २ मा "कार्य समितिको कार्यकाल २ वर्ष हुनेछ" भनिएको | विधानको परिच्छेद ४, दफा १३, उपदफा २ मा "कार्य समितिको कार्यकाल ३ वर्ष हुनेछ" गर्नुपर्ने । | गतिविधिहरु वढ्दै गएकोले एउटै कार्य समितिले ३ वर्ष काम गर्न पाएमा अझै कार्यकुशलता अभिबृद्धि हुन जाने । |